# परिच्छेद- एक
# शोधपरिचय

## १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक साहित्यकार भद्रसिंह बुढाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहको छ ।

## १.२ शोधको प्रयोजन

शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष दसौ पत्रको (आंशिक अंक भार) परिपूर्तिको लागि गरिएको छ ।

## १.३ विषय परिचय

नेपालको विकट क्षेत्र मानिने मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत राप्ती अंचल सल्यान जिल्ला रिम गा.वि.स. वार्ड नं. २ निवासी स्व. पीता कमानसिंह वुढा र माता भूमि वुढाको सुपुत्रका रूपमा चिरपरिचित साहित्यकार (भद्र भास्वर) ले नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाउनु भएको छ । उहाँको कलम अविरल रूपमा गजल, गीत, कविता, खण्डकाव्य, कथा, उपन्यास र निवन्ध जस्ता विधामा चलेको छ । समाजमा देखिएका विविध विषयवस्तुलाई आधार बनाई कलम चलाउने उनका रचनाहरूमा समाजको यथार्थता, सामाजिक समस्याहरू, आर्थिक समस्याहरू, राष्ट्रवादी भावना, मानवतावादका साथसाथै शोषक, शोषण सामन्ती, अन्याय, अत्याचारको विरोध गरेको पाइन्छ । उनले आफ्ना कृतिहरूमा सरल, सरस, सहज भाषाशैलीको प्रयोग गरेका छन । समाजको जुनसुकै तह र तप्काका व्यक्तिहरूले उनका कृतिहरूको सहज रूपमा अध्ययन र वोध गर्न सक्दछन । समाजलाई उन्नति र प्रगतिको बाटो तिर डोऱ्याउन उनको आत्मै देखि अभिप्रेरणा रहेको देखिन्छ ।

दुर्गम ग्रामीण क्षेत्रमा बसोबास गर्ने क्रममा त्यहाँ वरिपरि देखिएका स-साना घटनाहरू, चारित्रिक चित्रणहरू अन्याय र अत्याचारलाई आधार बनाई उनले आफ्नो रचनाहरू सिर्जना गर्ने काम गरेका छन ।

जीवन व्यतितको दौडसँगसँगै उत्कृष्ट खालको रचनाहरू सिर्जना गर्न सक्ने उनको प्रतिभा बहुमुखी खालको देखिन्छ ।

## १.४ समस्या कथन

कुनै पनि खोज अनुसन्धान निश्चित समस्याहरूमा केन्द्रित हुने गर्दछ । प्रस्तुत शोधकार्यमा पनि निश्चित समस्याहरू रहेका छन । तिनै समस्याहरूमा केन्द्रित रहेर यस शोध पत्र तयार पारिने छ । साहित्यकार भद्रसिंह वुढाको जीवनी, व्यक्तित्व र कृतित्वका अध्ययन विश्लेषण गरी उनका सम्वन्धमा उचित निष्कर्ष निकाल्ने कार्य नै मुख्य समस्या रहेको छ । शोधपत्रका समस्याहरूलाई बुँदागत रूपमा तपसिल वमोजिम प्रस्तुत गरिन्छ ।

१) साहित्यकार भद्रसिंह वुढा (भद्र भास्वर)को व्यक्तिगत जीवन र साहित्यिक जीवन कस्तो छ ?

२) साहित्यकार भद्रसिंह वुढा (भद्र भास्वर) को नेपाली साहित्यिक क्षेत्रमा के कस्तो योगदान र स्थान रहेको छ ?

३) उनका प्रकाशित र अप्रकाशित फुटकर रचनाहरू के कति छन समग्र रचनाको स्तर के कस्तो रहेको छ ?

४) साहित्यकार भद्रसिंह वुढा (भद्र भास्वर) को जीवनी र ब्यक्तित्वको समग्र अवस्था कस्तो छ ?

## १.५ शोधपत्रका उद्देश्यहरू

उद्देश्य विनाको कार्य कहिले पनि सफल र प्रभावकारी हुन सक्दैन, तसर्थ विना उद्देश्य कुनै कार्य गरिदैन । प्रस्तुत शोधकार्यका पछाडि पनि निश्चित उद्देश्यहरू रहेका छन् । साहित्यकार भद्रसिंह वुढाका प्रतिनिधि गजल, गीत, कविता र खण्डकाव्यमा केन्द्रित रहेर उनको जीवनी, कृतित्व र व्यक्तित्वको वस्तुगत अध्ययन विश्लेषण गरी उचित निष्कर्ष निकाल्नु नै प्रस्तुत शोध पत्रका मूलभूत उद्देश्य हो । यस शोध पत्रका उद्देश्यहरूलाई वुँदागत रूपमा तपसिल वमोजिम प्रस्तुत गरिन्छ ।

१. नेपाली साहित्यिक फाँटमा लामो समयदेखि योगदान दिदै आउनुभएका साहित्यकार भद्रसिंह वुढाको ब्यक्तिगत जीवनी र साहित्यिक जीवनीको चित्रण गर्ने ।

२. उनका प्रकाशित कृति र फुटकर रचनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने ।

३. नेपाली साहित्यको विकासमा उहाँको योगदान तथा स्थान निरूपण गर्ने ।

४. साहित्यकार भद्रसिंह बुढाको जीवनी र ब्यक्तित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने ।

## १.६ अध्ययनको औचित्य र महत्व

प्रस्तुत शोधपत्रमा भद्रसिंह वुढाको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण गरीने

हुनाले उक्त शोधकार्य आफैमा महत्वपूर्ण हुनेछ । साहित्यकार भद्रसिंह वुढा नेपाली साहित्यको क्षेत्रमा लामो समय देखि समर्पित रहँदै आएका साहित्यिक व्यक्तित्व हुन । उनका रचनाहरू लोकप्रिय रहँदा रहँदै पनि उनको समग्र जीवनी र व्यक्तित्वको अध्ययन तथा उनका कृतिहरूको औपचारिक अध्ययन अनुसन्धान तर्फ हालसम्म पनि नेपाली शोध कर्ताहरूको ध्यान नगएकोले उनको जीवनी, व्यक्तित्व तथा उनका प्रकाशित कृतिहरूको अध्ययन विश्लेषण हुनु स्वतः औचित्यपूर्ण छ ।

साहित्यकारका तीन ओटा पुस्तकाकार कृतिहरू प्रकाशित भैसकेका छन् । उनका कविता, निवन्ध, लेख रचना, थुप्रै फुटकर गजल, गीत, विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका र अन्य प्रकाशोन्मुख अवस्थामा रहेको पाइन्छ । प्रस्तुत शोध पत्रले नेपाली साहित्य अनुसन्धानको परम्परामा समेत योगदान मिल्ने देखिन्छ । साहित्यकारको समग्र व्यक्तित्व, कृतित्वको व्यवस्थित प्रस्तुत शोध पत्र अध्ययनले जिज्ञासुहरूका लागि समेत सहयोग पुग्ने देखिन्छ । त्यसैले यस शोध पत्रको अत्यन्तै महत्व र औचित्य रहेको देखिन्छ ।

## १.७. पूर्वकार्यको समीक्षा

साहित्यकारको क्षेत्रमा देखिने भद्रसिंह बुढाको जीवनी, व्यक्तित्व, र कृतित्वको वारेमा वर्तमान समयसम्म कुनैपनि खोजी भएको देखिएन । नेपालकै पहाडी भूभाग सल्यान जिल्लाको दुर्गम स्थानमा अध्यापन गरिरहेका प्रखर हस्ती भद्रसिंह वुढाको व्यक्तित्व, रचना तथा कृतित्व सम्वन्धमा विभिन्न पत्रपत्रिकामा टिकाटिप्पणी, समीक्षा, विश्लेषण र मूल्याङ्कन भएका छन । तर यस अध्ययनका सन्दर्भमा ती सामग्रीहरू पूर्वकार्यका समीक्षामा सहयोगी हुने पूर्ण आशा गरिएको छ । त्यसैले साहित्यकार भद्रसिंह वुढा र उनका रचनात्मक कृतिका वारेमा गरिएका पूर्व कार्यहरूको प्राप्त विवरणहरू तपसिल वमोजिम प्रस्तुत गरिएको छ ।

१) सल्यान जिल्लाका साहित्यकारहरूको चर्चा गर्ने क्रममा समीक्षक पूर्ण भण्डारी पङ्कजले साहित्यकार भद्रसिंह वुढा (भद्र भास्वर)का “फुटकर कविताका अतिरिक्त उनका पुस्तकाकार मौलिक कृति हुन “कन्दराको कथा” (खण्डकाव्य २०५० )र ”आँशुको भावना” (लघु शोककाव्य-२०५४) यी दुवै कृतिमा जीवन र यसका विविध विसङ्गत पक्ष उनको अभिव्यक्तिको मुख्य विषय वनेको देखिन्छ भनी उल्लेख गरेको पाइन्छ र सार्थै उनका कृतिमा तीतो सत्य जीवन वाँच्न परेको विवशता र वाधाहरू तथा निस्सारताको निरासवादी जीवन दृष्टि उनका काव्यका स्वरहरू बनेका देखिन्छन् भनी उल्लेख गरेको पाइन्छ । समग्रमा भन्दा उनका काव्यहरूमा विद्रोह , विरोध र परिवर्तन तथा नव-

निर्माणका आवाजहरू मुखारित बनेका छन भनी चर्चा परिचर्चा गरिएको पाइन्छ । यद्यपि त्यो अध्ययन पनि अत्यन्त सीमित र अपुरो देखिन्छ ।

सल्यान जिल्लाको साहित्यिक रूप रेखा (शोधमुलक ग्रन्थ ) पूर्ण भण्डारी पङ्कज पेज नं. ३८ ।

२) राप्ती सामाचार साप्ताहिक पत्रिकामा सम्पादकले साहित्यकार भद्रसिंह वुढा (भास्वर) को "भावनाको संगम ले एउटै वसाइँमा लय साहित्यको विविध स्वाद पस्कन्छ । आँशुको भावना संग्रहनीय छ । कविका आगामी कृतिमा अझ निखिरता थपिदै जाओस" भन्ने भावना अभिव्यक्त गरिएको पाइन्छ । यसमा पनि साहित्यकारको संक्षिप्त चर्चा पाइन्छ । यद्यपी विस्तृत अध्ययनका लागि यो पनि अपूरो नै छ ।

राप्ती सामाचार साप्ताहिक २०६६ फागुन १० गते सोमवार सिर्जना ' भास्करको भावनाको संगम ' ।

(३) समीक्षक डम्बर पुनले भावनाको सङ्गम कृतिका सन्दर्भमा "भावनाको सङ्गम" गीत, गजल र कविताको त्रिवेणी रहेको यस कृतिमा थुप्रै प्रकृतिका मनोरम छटाहरू पाइन्छन् साथै यसमा अनेकौ सामाजिक विकृति र विसङ्गति प्रति व्यङ्ग्य प्रहार र आर्थिक विपन्नताका कारण देखिन गएका मानवीय अभाव, कुण्ठा, बितृष्ण भाव समाविष्ट भएका छन् ।" भनी उल्लेख गरिएको पाइन्छ ।

(४) "कन्दराको कथा" को सन्दर्भमा गंगा वि.सी. ले 'युगवोध राष्ट्रिय दैनिक' २०५३ वैशाखमा "यो खण्डकाव्यको विषयवस्तु यर्थाथ परक छ । जसले समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनको भण्डार गर्न सफल भएको छ भनी उल्लेख गरिएको पाइन्छ ।"

युगवोध राष्ट्रिय दैनिक २०५३ वैशाख ५ गते

## १.८ शोधकार्यको सीमाङ्कन

आधुनिक नेपाली साहित्यको श्रीवृद्धिमा साधनारत साहित्यकार भद्रसिंह बुढाको जीवनी, व्यक्तित्व र कृतित्वका वारेमा अध्ययन गरिने छ । अत्यन्त दुर्गम र विकट स्थानमा वसोवास गरेर पनि साहित्यको क्षेत्रमा उनले पुऱ्याएको योगदानको वारेमा विस्तृत खोज गरिने छ । उनका प्रकाशित कृतिहरूका वारेमा अध्ययन विश्लेषण गरिएको छ ।

## १.९ प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि निम्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

**(क) प्रत्यक्ष विधि तथा प्रयोग विधि**

(१) भद्रसिँह बुढालाई व्यक्तिगत रूपमा भेटघाट गरी उनका बारेमा आवश्यक सामग्री संकलन गरिएको छ ।

(२) आफू भन्दा पूर्वका शोधकर्ता वा लेखकले उनका कविता, खण्डकाव्यका वारेमा गरेका विश्लेषणलाई पनि सामग्री संकलनको आधार बनाईएको छ ।

(३) उनको व्यक्तित्व र जीवनीको सम्बन्धमा आफन्तजन तथा सहकर्मी, सहपाठीका अभिव्यक्ति पनि आधार सामग्री बनाइएको छ ।

**(ख) सैद्धान्तिक तथा पुस्तकालयीय विधि**

(१) साहित्यकार भद्रसिंह वुढाका कृतिहरू विश्लेषण गर्न काव्य सम्बन्धी सैद्धान्तिक कृतिहरूको अध्ययन गरिएको छ ।

(२) साहित्यकार भद्रसिंह वुढाका वारेमा विभिन्न पत्रपत्रिकामा लेख र कृति सम्बन्धी चर्चा उठाइएका पुस्तक पत्रिका आदिबाट पनि सामग्री संकलन गरिएको छ ।

(३) भद्रसिंह वुढाका वारेमा लेखिएका लेख तथा प्रकाशनका सन्दर्भमा प्राप्त भएका अन्य विविध सामग्रीलाई पनि समावेश गरिएको छ ।

(४) उनका प्रकाशित कृतिका अतिरिक्त पान्डुलिपिका रूपमा रहेका अप्रकाशित कृतिलाई पनि विश्लेषण सामग्री बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा :

प्रस्तुत शोध पत्रको संरचनालाई व्यवस्थित एवं सु-सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि जम्मा ७ परिच्छेदमा विभाजित गरिएको छ । ती परिच्छेद अन्तर्गत पनि आवश्यकता अनुरूप विभिन्न शीर्षक, उप-शीर्षकमा विभाजन गरिएको छ ।

१) परिच्छेद एक - शोधपरिचय

२) परिच्छेद दुई - कविता र खण्डकाव्यको सैद्धान्तिक परिचय

३) परिच्छेद तीन - साहित्यकार भद्रसिंह वुढा (भद्र भास्वर) को जीवनी र ब्यक्तित्वको अध्ययन विश्लेषण

४) परिच्छेद चार - साहित्यकार भद्रसिंह वुढा (भद्र भास्वर) का कृतिहरूको वर्गीकरण र विश्लेषण

५) परिच्छेद पाँच - काव्यात्मक प्रवृत्तिहरू, काव्ययात्रा, उल्लेखनीय योगदान

६) परिच्छेद छ - उपसंहार निष्कर्ष

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# परिच्छेद- दुई
# कविता तथा खण्डकाव्यको सैद्धान्तिक स्वरूप :

## २.१ कविताको सैद्धान्तिक स्वरूप :

साहित्यका विभिन्न विधाहरू मध्ये कविता एक पुरानो र प्रमुख विधा हो । कविता शब्द तत्सम शब्द हो । कविता शब्द 'कवि' शब्दमा 'ता' प्रत्यय लागेर बनेको हुन्छ ।[१] पूर्वीय र पाश्चात्य दुवै साहित्यमा प्राचीन कालदेखि यसलाई चिनाउन काव्य शब्दको प्रयोग भएको पाइन्छ । जसको अर्थ कविद्वारा रचित रचना भन्ने वुझिन्छ भने कतै कविताको कर्म भन्ने अर्थ पनि यसलाई दिइएको पाइन्छ ।

पाश्चात्य साहित्यमा कवितालाई Poetry भनिन्छ । Poetry शब्द Poet वाट विकसित भएको हो । Poet ले रचनाकारलाई वुझाउदछ भने Poetry वा Poem ले रचना विशेषलाई चिनाउदछ ।[२] यस प्रकार नेपाली होस वा संस्कृत साहित्यमा होस वा पाश्चात्य साहित्यमा होस कविता शब्दले कविको रचना, कर्म वा कृतिलाई बुझाँउदै आएको पाउन सकिन्छ ।

### २.१.१ कविताको परिभाषा

कविता पूर्वीय पाश्चात्य र नेपाली जगतमा प्रचलित एक साहित्यिक विधा हो । साहित्यका उपलब्ध विविध वर्गीकरणहरूमध्ये पूर्वीय वर्गीकरणले साहित्यलाई श्रव्य र दृश्यगरी दुई वर्गमा वाँडेको पाइन्छ । जस अन्तर्गत पद्य नै कविताको रूपमा स्वाभाविक रूपले देखापर्छ । कविता विधाले अनेक युगीन घुम्तीहरू पार गर्दै र विविध काँचुलीहरू फेर्दै आफ्ना कतिपय आधारभूत तत्वको निरन्तरता दिदै आजसम्म आइपुगेको छ । यसरी प्राचीन कालदेखि आधुनिक युगसम्म हेर्दा कविता बारे विभिन्न आचार्य, विद्वान , साहित्यकार र समीक्षकहरूले आ-आफ्नो किसिमका परिभाषा दिएका छन । यसरी मत प्रस्तुत गर्ने क्रममा कसैले भाव, कसैले विचार , कसैले कला वा सौन्दर्य पक्षमाथि जोड दिएको देखिन्छ । यसप्रकार विभिन्न दृष्टिले गरिएका परिभाषामा एकरूपता नभएको पाउन सकिन्छ ।

कविता विधाका विभिन्न भेदोपभेदहरू छन । मुख्यगरी यसअन्तर्गत मुक्तक, हाइकू, फुटकर, खण्डकाव्य र महाकाव्य पर्दछन । सामान्यतया, एक श्लोक कविता मुक्तक , मुक्तक

---

१. वीरेन्द्र पुडाशैनी, नेपाली कविता नाटक र साहित्य इतिहास, पृ.सं. १ ।

२. ऐजन्, पृ. १ ।

भन्दा लामो खण्डकाव्य भन्दा छाटो कविता फुटकर , जीवनको एक खण्डको चित्रण भएको फुटकर कविता र महाकाव्य वीचको मभौला आयामको रचना खण्डकाव्य हो भने जीवन र जगतको विस्तृत पक्षको चित्रण भएको ठूलो रूप महाकाव्य हो ।[३]

### २.१.१.१ पूर्वीय चिन्तकहरूका दृष्टिमा कविता

पूर्वीय चिन्तकका रूपमा भरतमूनिलाई सर्वप्रथम कविताको परिभाषा गर्ने व्यक्तित्वको रूपमा चिनिन्छ भने कविताको परिभाषा दिने क्रममा अन्य विद्वान्हरूले पनि यसरी आफ्नो मत अभिव्यक्त गरेको पाइन्छ ।

"कवितामा कोमल र सुन्दर पद विन्यास युक्त गूढ शब्दार्थहीनता सुबोध युक्तिपूर्ण नृत्यका लागि उपयुक्त रस निष्पत्तिको गुणले युक्त सन्धि युक्त हुनुपर्दछ ।" [४]

**आर्चाय भरतमुनि**

"संक्षेपमा इष्ट अर्थ प्रकट गर्ने पदावलीले युक्त त्यस्तो काव्य हो, जसमा अलंङ्कार प्रकट हुन्छ र जुन दोष रहित र गुण युक्त हुन्छ ।" [५] **अग्नी पुराण**

"शव्द र अर्थले युक्त पदावली काव्य हो ।" [६] **भामह**

"अभिष्ट अर्थले युक्त पदावली काव्य हो ।" [७] **दण्डी**

"दोष मुक्त गुण तथा अलंकार युक्त शब्दार्थनै काव्य हो । " [८] **मम्मट**

"काव्यको आत्मा रीति ( शैली ) हो । " [९] **वामन**

"निश्चित रूपले शव्द र अर्थ नै काव्य हो ।" [१०] **आचार्य रूद्रट**

"ध्वनि नै काव्यको आत्मा हो । " [११] **आचार्य आनन्दवर्द्धन**

---

३. वीरेन्द्र पुडाशैनी, नेपाली कविता नाटक र साहित्य इतिहास, पृ.सं. १ ।

४. ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३१ ।

५. ऐजन्, पृ. ३३१ ।

६. ऐजन्, पृ. ३३१ ।

७. ऐजन्, पृ. ३३१ ।

८. ऐजन्, पृ. ३३१ ।

९. डा. हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. ७

१०. ऐजन्, पृ. ८ ।

११. ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३२ ।

"वक्रोक्ति काव्यको आत्मा हो । "[१२] **आचार्य कून्तक**

"रसात्मक वाक्य नै काव्य हो । "[१३] **आचार्य विश्वनाथ**

"रमणीय अर्थ प्रतिपादन गर्ने शव्द नै काव्य हो ।"[१४] **पण्डितराज जगन्नाथ**

उपयुक्तल्लिखित पूर्वीय विद्वानहरूको परिभाषा हेर्दा विविध मतमतान्तर, मूल्यांकन र विश्लेषणवाट रस अलंकार, ध्वनि, गुण, रीति, औचित्य, वक्तौक्ति आदिलाई नै काव्य मानेको पाइन्छ ।

निष्कर्षमा पूर्वीय परिभाषा अनुसार रमणीय, रसयुक्त, मनोमुग्ध पनि शव्दार्थले युक्त अभिव्यक्ति नै कविता वा काव्य हो भन्न सकिन्छ ।

### २.१.१.२ पाश्चात्य चिन्तकहरूका दृष्टिमा कविता

पाश्चात्य साहित्यमा कविता वा काव्य सम्बन्धी काव्ययात्राको चरणवद्ध विकासको बीजारोपन होमर सँगसगै भएको पाइन्छ । होमरले काव्यको थालनी म्युज वा सरस्वतीको आह्वान गर्दै दिव्य प्रेरणाको श्रोतलाई नै कविता भन्दछन् भने अन्य काव्यकारहरूले भिन्न प्रकारबाट मत अभिव्यक्त गरेका छन् ।

"मूलतः साहित्य भाषाको माध्यमले जीवनको अभिव्यक्ति हो ।"[१५] **हडसन**

"कविता भाषाका माध्यमबाट अभिव्यक्ति हुने अनुकरणात्मक कला हो ।"[१६] **एरिस्टोटल**

"कविता शैलीको एक रूप हो । यसको सम्बन्ध भाषणकलासित छ । "[१७] **वेकन**

"कविता ब्यक्त सङ्गीत हो ।"[१८] **ड्राइडन**

"कविता छन्दोमय रचना हो । "[१९] **डा. जोन्सन**

"कविता मुलतः जीवनको आलोचना हो ।"[२०] **म्याथ्यु आर्नोल्ड**

"कविता प्रवल अनुभूतिहरूको सहज उच्छलन हो जुन शान्त समयमा संस्मरणका रूपमा मनेबेगबाट प्राम्त हुन्छ ।"[२१] **वर्डस्वर्थ**

---

१२. डा. हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. ८ ।

१३ ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३२ ।

१४. ऐजन्, पृ. ३३२ ।

१५. डा. हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. ८ ।

१६ ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३२ ।

१७. डा. हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. १२ ।

१८ ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३२ ।

१९. डा. हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. १२ ।

२०. ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३२ ।

२१. ऐजन्, पृ. ३३२ ।

"लयपूर्ण ढङ्गले सौन्दर्यको सृस्टि कविता हो ।" [२२] **एडगर एलेन यो**

"कविता विज्ञानको विपरित विधा हो किनभने यसको मुख्य लक्ष्य आनन्द हो, सत्य होइन।" [२३] **कलरिज**

"कविता जीवनको आनन्दात्मक अभिब्यक्ति हो ।" [२४] **शेली**

"काव्य आत्म वा व्यक्तिको अभिव्यक्ति होइन अपितु आत्मा वा व्यक्ति बाट पलाएन हो ।"[२५] **टि एस. इलिएट**

"कविता सम्पूर्ण कलाकि दिदी र धैर्यकी जननी हो ।" [२६] **विलिएम कंग्रीव**

यसरी होमरबाट थालनी भएको पास्चात्य काव्य परम्परा ले वर्तमान सम्म आइपुग्दा कविता भनेको भाषाको माध्यामबाट अभिव्यक्त सङ्गीत ,जीवनको आलोचना , अनुभूतिको उच्छलन , रागात्मक, आनन्दात्मक, जीवनको व्यवस्था, गरेको पाइन्छ । जसमा कल्पना र संवेग मनोवेगको प्रकरीकरण हुने गर्दछ । जटिल, सौन्र्दय, क्लिष्टता, दुरूहता एंवम शब्द संयोजनको कम्जोरीले पनि काब्यलाई प्रभावकारीताको धरातलबाट अलग बनाएको पाइन्छ ।

### २.१.१.३ नेपाली चिन्तनका दृष्टिमा कविता

पूर्वीय र पाश्चात्य जगतमा पनि काव्य तथा कविताको परिभाषा विभिन्न विद्वानहरूले दिएको पाईएता पनि नेपाली साहित्यकारहरूले दिएको परिभाषालाई यसरी निम्नानुसार प्रस्तुत गरिएको छ । जुन कविताको परिभाषामा एकमत भएको पाईदैन ।

"भावनाको हार्दिक कोमलता नै कविता हो ।" [२७] **लक्ष्मी प्रसाद देवकोटा**

"भवनाको बौदिक कोमलता नै कविता हो ।" [२८] **वालकृष्ण सम**

"तीब्रगामी कल्पनाको घोगमाथि अनुभूतिको कवि कसी विचारको लगाम पक्रेर "भावुकता चढको नै कविता हो ।" [२९] **केदारमान ब्यथित**

"साहित्य एक ब्यक्तित्वको अभिव्यक्ति हो ।" [३०] **रूद्रराज पाण्डे**

---

२२ ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३२ ।

२३. डा. हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. २ ।

२४ ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३२ ।

२५. डा. हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. १४ ।

२६. ऐजन्, पृ. १४ ।

२७ ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३३ ।

२८. ऐजन्, पृ. ३३३ ।

२९. ऐजन्, पृ. ३३३

३०. डा. हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. १५ ।

"पद्यलयमा कथ्यको अभिव्यक्ति गर्ने भाषिक संरचनालाई कविता भनिन्छ ।" [३१] **मोहनराज शर्मा**

"कविद्वारा आफ्ना संवेग अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना नै कविता हो ।" [३२] **नेपाली वृहत शव्दकोश**

"काव्य भनेको कुनै विषय वा कथा लिएर मनोहर शैलीको सूत्रमा गुँथिएका शव्द र अर्थको समुचित योगात्मक गुम्फन हो ।"[३३] **पण्डितराज सोमनाथ सिग्धाल**

"कविता जीवन जगत्का मूल्यवान अनुभवको काल्पनिक कलात्मकवद्ध वा मुक्त "लयात्मक भाषिक सङ्कथन हो ।" [३४] **वासुदेव त्रिपाठी**

उपर्युक्त नेपाली विद्वान्हरूको परिभाषा हेर्दा भावनाको वौद्धिक, हार्दिक, कोमलता, कल्पना, अनुभूति र विचारको लगाम भावुकता चढेको जीवन जगत्को कलात्मक भाषिक सङ्कथन शब्द र अर्थको योग पद्यलयमा संकलन कविको अनुभूति स्वतन्त्र रूपमा प्रकट भएको साहित्यिक कृति वा रचनालाई कविता भनिन्छ ।

निष्कर्षमा पूर्वीय काव्यका परिभाषामा धर्मशास्त्र तथा दर्शनको प्रभाव देखिन्छ । साथै पूर्वीय परम्परा सत्यम्, शिवम्, सुन्दरम्को धारणालाई समेटेको पाइन्छ भने पाश्चात्य काव्यसिद्धान्तमा कविताको अनुभूतिको सम्प्रेषन, सौन्दय कला एंवम् विज्ञानको धारणालाई समेटी मानवीय मनस्थितिलाई अगाल्दै जीवनमुखी प्रवृति समेटिएको पाइन्छ । अनुभूतिको सहज अभिव्यक्ति, सूत्रात्मक भाषाको प्रयोग ,विचार वा भावको प्रस्तुति सौन्दर्य एंवम् लयात्मक रहेको पाइन्छ । समग्रमा लयवद्ध ढङ्गमा भाव विचार तथा अनुभूतिको सुन्दर अभिव्यक्ति कविता हो ।

## २.१.२ कविताको विशेष स्वरूप

कवि लेखनाथ पौड्याल ( १९४१- २०२२ ) ले कविता के हो र त्यो कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा कवितालाई परिभाषा दिने क्रममा कोमल भावनाको माध्यमबाट नैतिक र आध्यात्मिक चेतना जगाई समाज सुधारको संन्देश दिनुलाई कविता भन्दछन् ।

---

३१. ईश्वरीप्रसाद गैर, कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३३३ ।

३२. ऐजन्, पृ. ३३३ ।

३३ ऐजन्, पृ. ३३३ ।

३४. ऐजन्, पृ. ३३३ ।

भनी व्यक्त गरेको कुराबाट स्पष्ट हुन्छ । यसैगरी पारशमणि प्रधानले शव्द थुपार्नु भन्दा भाव झल्काउनुलाई कविता हो भनी व्यक्त गर्दछन् । साथै प्रयोगवादी साहित्यकार मोहन कोइराला (१९८३ - २०६३) ले कलात्मक रूपमा  माझिएको भाषाको प्रभाव पार्नसक्ने रूपमा कविता मानव कल्याणको लागि हुनु पर्छ भनेका छन् । यसरी यी मथिका भनाईहरूबाट कविता विविध प्रकारको देखिएता पनि कविता विधागत भेदहरूमा  मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्यसम्मको कविताका घटकमा निम्न मुख्य पक्ष वा तत्वहरू देखा पर्दछन् । जुन निम्न प्रकारका छन् ।

१) शीर्षक

२) संरचना

३) लय विधान

४) भाषाशैली

५) कथन पद्धति

६) केन्द्रीय भावविधान ( उद्देश्य )

७) सन्दर्भगत तत्व (  विषयवस्तु )

८) व्यञ्जना विधान

९) विम्बविधान  र अलङ्कार

यी माथिका उक्त तत्वहरूको वेग्ला वेग्लै वर्णन एवम् विश्लेषण निम्नानुसार गरिन्छ ।

### २.१.२.१ शीर्षक

कविताको शीर्षकले सिङ्गो कृतिको प्रतिनिधित्व गरेको हुन्छ । यसले रचनाको समग्र विषयवस्तुको सार तत्वलाई संकेत गर्दछ । रचनामा वर्णन विषय र शीर्षक वीच अन्त सङ्गति हुनु पर्दछ । शीर्षक र केन्द्रीयकथ्य वीच बाह्य र आन्तरिक सङ्गति नभएको कविता उपयुक्त हुदैन । शीर्षकमा कविता भित्रको भित्री बाहिरी सवै तत्वहरूको प्रतिनिधित्व हुन सक्नु पर्दछ । शीर्षक हेर्दा समग्र शरीर तत्वको प्रतिनिधि टाउको भएको भान हुन सक्नु पर्दछ । शीर्षक कविताको कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक पनि हो ।  त्यसैले शीर्षक कविताको अति आवश्यक तत्व हो  । शीर्षक  विनाको कविता अपाङ्ग र अपूर्ण बन्दछ जसले स्पष्ट रुपमा आफ्नो विचार पाठक समक्ष सम्प्रेषण गर्न सक्दैन ।

### २.१.२.२ संरचना

कविताका विभिन्न तत्वहरूमध्ये संरचना पनि एक आवश्वक तत्व हो । कविता भित्र बाहिरी तहमा एउटा संरचना हुने गर्दछ । यसैले कवितामा संरचना तत्वहरूबाट निर्मित एक विशिष्ट प्रकारको रचना हो । कविताका संरचना दुई पक्षहरू छन् ।

क) आन्तरिक संरचना

ख) बाह्य संरचना

#### २.१.२.२.१ आन्तरिक संरचना

आन्तरिक संरचना भनेको कविताको भित्री पक्ष भाव, लय, शैली आदि पक्षहरु आन्तरिक संरचना सुक्ष्म हुने गर्दछ । यस भित्र कविको कथनको सोझो कथन, आख्यानिकृत कथन, नाटकीकृत कथनका स्थूल र सूक्ष्म पद्वतिलाई हेरिन्छ । आन्तरिक संचारनाले कथनपद्वति केन्द्रीयकथ्य र छन्दढाँचा भित्रको अन्तर्लय भावको उठान, विस्तार, बैठान, सुसङ्गति, सुसंयोजित र व्यञ्जनाक्रमलाई संकेत गर्दछ ।

#### २.१.२.२.२ बाह्य संरचना

बाह्य संरचनाले कविताका पंक्ति, पाउ, सर्ग, अनुच्छेद, खण्ड, लय, शव्दगतसंरचना, अनुप्रासयुक्तता, प्रतीक, रूपक, सुन्दरता, क्रमवद्धता, जटिलता ,सशक्तता , सुकुमारता , सुललितता, कठोरता आदि हुन र बाह्य संरचना सतही हुने गर्दछन । कवितामा रूप र तत्वलाई गतिमय तुल्याई बाह्य र आन्तरिक संरचनाको स्वरूपलाई समावेश गरिएको भेटिन्छ ।

### २.१.२.३ लय विधान

लयले कवितालाई अन्य विधा भन्दा भिन्दै रूपमा प्रस्तुत गर्ने हुनाले यसलाई महत्वपूर्ण तत्व मानिन्छ । यो कविताको प्राण पनि हो । प्राचीन समयदेखि लयको प्रयोग हुदै आएको देखिन्छ । संस्कृतमा छन्दलाई “छन्दछयति आहलादयति इति छन्द“ भनेर परिभाषा दिएको पाइन्छ भने अग्रेजीमा यसलाई मिटर भनिन्छ । ल्याटिनमा हवरसस भनिन्छ ।

यति, गति र लय मिलेको वर्ण मात्रा आदिको गणना अनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप नै छन्द हो । **बृहत नेपाली शब्दकोष**

कविता विधामा लय खण्ड खण्डका रूपमा अभिव्यक्त हुन्छ । भाषामा प्रयोग हुने स्वर व्यञ्जनवर्णहरूको उच्चारणका क्रममा उत्पन्न साङ्गीतिक ध्वनि लय हो । कवितामा

लय अमूर्त रूपमा रहन्छ र छन्दले यसलाई मूर्त बनाउदछ । अतः छन्दमुक्त कवितामा पनि अन्तर्लय सुरक्षित रहन्छ । शव्दको अन्तरमा कविताका पंक्तिपुञ्जहरूको बीचमा नियमितता देखिएन भने पनि त्यहाँ लय अवश्य हुन्छ । अतः कवितामा वर्णमात्रिक, मात्रिक र मुक्त लयव्यवस्था मध्य एक वा अनेक लय व्यवस्थाको प्रयोग गरिएको हुन्छ ।

### २.१.२.४ भाषाशैली

अनुभूति र विचार व्यक्त गर्ने सशक्त माध्यम भाषा हो र भाषाका माध्यमले विभिन्न भाव व्यक्त गर्ने ढङ्ग नै शैली हो । भाषा कविताको रचनात्मक काव्यात्मक उचाई र स्रष्टाको सिर्जनात्मक प्रतिभाको मापन गर्ने आधार शैली हो । तसर्थ भाषा व्यक्ति हो भने व्यक्तिको व्यक्तित्व नै शैली हो । जेहोस् भाषाशैली स्रष्टाको केन्द्रीय विचार व्यक्त गर्ने प्रमुख माध्यम भएकोले यो कविताको अपरिहार्य तत्व हो । भाषाशैली अन्तर्गत विविध प्रतीक, बिम्ब, उपमा ,रूपक, दृष्टान्त, अलङ्कारहरू, कलात्मक, सौन्दर्य आदि पर्दछन् ।

### २.१.२.५ कथन पद्दति  (दृष्टिविन्दु)

साहित्यकार  तथा कविहरूले आफ्ना रचनाका माध्यमबाट विभिन्न तरिकाले केही कुरा भनिरहेका हुन्छन् । यसलाई नै कथन पद्धति भनिन्छ । कथन पद्धतिलाई अर्को शव्दमा दृष्टिविन्दु पनि भनिन्छ । कविताका विविध तत्वहरू मध्य कथन पद्वति पनि एक महत्वपूर्ण तत्व हो । यसका पनि दुई भेदहरू छन् ।

१) कविप्रोढोक्ति

२) कविनिवद्धवक्तृप्रौढोक्ति

#### २.१.२.५.१ कविप्रौढोक्ति

कविले स्वयम् कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति कथन पद्वति हो यसमा आत्मपरकताका कुराहरू व्यक्त गरिएका हुन्छन् । कवि स्वयम्ले सम्वोधन गरी आफ्नै भावनाका वा मनका कुराहरू अभिव्यक्त गरिरहेको हुन्छन् । यसलाई आन्तरिक दृष्टिविन्दु  पनि भनिन्छ ।

#### २.१.२.५.२ कविनिवद्धवक्तप्रौढोक्ति

कविले स्वयम्  कुनै कवितात्मक कथन प्रस्तुत नगरी अन्य पात्रका माध्यमबाट आफ्ना भावहरू अभिव्यक्त गराउँदछ भने त्यसलाई कविनिवद्धवक्तप्रौढोक्ति कथन पद्वति

भनिन्छ । यसलाई वाह्य दृष्टिविन्दु पनि भनिन्छ । कविको अभिधा अर्थमा गरिएका नाट्कीकृत कथनबाट कविता रचना गरिएको संरचना बाह्यदेखि आन्तरिक तहसम्म पुगेको हुन्छ । प्रथम वा दितीय शैलीको अभिव्यक्ति यसमा पाइन्छ ।

### २.१.२.६ केन्द्रीय भावविधान (उद्देश्य)

कविताको मूल तत्व भाव हो । भावले शब्द-शब्द समग्र रचनाको अर्थलाई संकेत गर्दछ । स्रस्टाको विचार, दर्शन एंवम कविताको अभिष्ट नै भाव हुने भएकोले कवितामा यसको उचाइ बढेको छ । जीवन जगतको समग्र वस्तु मानव चेतनाको यावत अनुभव पून्ज कवितामा नअटाउने होइन । मानवीय समाज, संस्कृति, पूराकथा, इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानव मनको समस्त अनुभव व्यापारको कथन कवितामा हुन सक्छ । कविताको कथ्य सामग्री र सन्दर्भको सेरेफेरो यही नै हो । कवितामा जीवन जगतका कुनै विषयको कथन गरिए पनि त्यसको चुरो स्वरूप केन्द्रीय कथ्य चाँहि कुनै भाव विचार नै हुन्छ । कविताका उपविधाहरू कथ्य विषय वस्तु र भाव विधानमा आयामका दृष्टिले लघु रूप मुक्तकदेखि बृहत्तम रूप आर्ष महाकाव्यसम्म फैलिएको हुन्छ । आयामका दृष्टिले लामो-छोटो जे भएपनि मानव मनमा रति, शोक, उत्साह, घृणा, क्रोध, शान्त, विभत्स आदी भावहरू रहेका हुन्छन । त्यसैलाई स्रस्टाले संरचनाका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । अस्तित्ववादी कवितामा मात्र अस्तित्वको खोजी गरिएको हुन्छ भने प्रगतिवादी कवितामा समतामूलक समाज निर्माणको आग्रह भएको पाइन्छ ।

### २.१.२.७ सन्दर्भगत तत्व

कवितामा सन्दर्भगत तत्व भन्नाले कविताको श्रोत सामग्रीलाई बोध गराउँदछ । कविले कविताको स्रोत सामग्रीहरू विभिन्न विषय वस्तुहरूबाट जम्मा गर्ने गर्दछन् । जीवन जगतका विविध पक्षहरूलाई अवलोकन गर्ने क्रममा आफू विशेष रूपले प्रभावित भई कविताको सिर्जना गर्न सक्दछन् । यसैलाई नै सन्दर्भ तत्व भनिन्छ । ती विषयहरू प्रकृति जीवनजगत ,सस्कृति , ज्ञान, विज्ञान ,इतिहास ,दर्शन , राजनीति ,समाज , मनोविज्ञान ,पुराण आदि शास्त्रहरू सन्दर्भगत तत्वहरू हुन्, जसबाट कवि नौनीलाई आगोमा पगाले झैं पगाल्छ र साहित्यक कृतिका रचना कलात्मक ढङ्गबाट धाराप्रवाह रूपमा रचना हुदै जान्छन् ।

### २.१.२.८ व्यजना विधान

कविताहरूको तत्वहरूमा विविध व्यञ्जना पनि एक सशक्त र  महत्वपूर्ण तत्व हो । कवितामा सोझो अभिधा अर्थ लाग्ने भाषाको मात्र प्रयोग गर्नु हुदैन । यसमा लक्ष्य अर्थ र व्यञ्जना अर्थ प्रस्तुत गर्न सकेमा कविता उत्कृष्ट बन्दछ । यस्तो व्यञ्जना शक्तिको संयोजन कवितामा हुन सक्नुलाई नै व्यञ्जना विधान भनिन्छ । यस विधानमा बिम्ब, प्रतीक आदिको संयोजन भएको हुन्छ । जसबाट कविताको नयाँ स्वाद पस्कन सकिछ ।

### २.१.२.९  बिम्बविधान र अलङ्कार

कवितालाई उत्कृष्ट बनाउनको लागि कविताका तत्वअन्तर्गत कविले भाव सौन्दय सृष्टि गर्नसक्नु पर्दछ । कविले कवितामा अलङ्कार बिम्बको उचित र समुचित प्रयोग गर्नसक्नु नै अलङ्कार र बिम्बविधान हो ।

अलङ्कार काव्यको शोभा हो । यसको प्रयोग वा आभूषणले काव्यको सौन्दर्य बनाउँदछ । शब्द अलङ्कार अन्तर्गत यमक, श्लेश, अनुप्रास पर्दछन् भने अर्थअलङ्कार अन्तर्गत उपमा ,रूपक, उत्प्रेक्षा ,आतिशयोक्ति आदि पर्दछन् साथै शव्द र अर्थको माध्यमबाट कवितामा सौन्दर्य, शोभा र चमत्कार पैदा गर्ने हुँदा आवश्यक तत्वको रूपमा देखा पर्दछन् ।

बिम्ब कुनै कुराको आभास वा झलक हो । यसले लाक्षणिक अर्थ वहन गर्ने हुनाले कविताको कलात्मक तत्व हो । बिम्बले मस्तिष्कको गाँठो फुकाउने हुंदा यसको प्रयोग कवितामा आवश्यक हुन्छ । यसरी बिम्ब र अलङ्कारले कवितालाई बढी गहन र अर्थपूर्ण बनाएको पाइन्छ ।

## २.१.३ कविताको विधागत स्वरूप

कविता साहित्यको रागात्मक र लयात्मक भाषिक रचना हो । कविताको स्वरूप भन्नाले कविताको विविध रूप, आकार, प्रकार, आयाम हो । सबै व्यक्तिहरु एकै प्रकारको नभएर फरक-फरक प्रकारका हुन्छन् । कविता विधाको आ-आफ्नै बाह्य तथा आन्तरिक ढाँचा र रूप संरचना हुन्छन् । मुक्त रूपदेखि  आर्ष वा विकासशील महाकाव्यसम्म कविताको आफ्नै ढाँचा वा स्वरूप हुन्छ ।

यसरी कविताको विधागत रूपलाई केलाएर हेर्दा कविताका निम्न प्रकारका स्वरूप फेला पर्दछन् । :

१) लघुतम


२) लघु

३) मध्यम

४) वृहत

५) वृहत्तर वा वृहतम्

कविताको विधागत रूपलाई तालिकाद्धारा निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ ।




### २.१.३.१ लघुत्तर रूप

कविताको सबैभन्दा सानो रूप नै लघुत्तर रूप हो । एउटै दृश्य झिलिक्क विजुली झिल्के झै वा सलाई कोरे झै झ्वार्र कोरिने वस्तुको लघुत्तर रुपभित्र संज्ञालाई दिएको पाइन्छ । लघुत्तर रूप अन्तर्गत  गीत, मुक्तक, हाईकु, चुट्किला, सायरी, स्तुति, लोकसुक्ति, द्धिपदी, त्रिपदी वा चतुष्पदी  आकृतिका बौद्धिक ऋचा, उखान, दोहा, चौपाया आदि लघुतम रूप मुक्तक अन्तर्गत पर्दछन् ।

### २.१.३.२ लघुत्तम रूप

मुक्तक भन्दा ठूलो र मझौला खण्डकाव्य भन्दा सानो रूपलाई कविताको लघुत्तम रूप भनिन्छ । यस अन्तर्गत कविता, गीत, गजल पर्दछन् । जीवनको एकै घडीको व्यक्त अनुभूतिलाई पाठकवर्गसम्म पुऱ्याउने शक्ति लघुरूप कवितामा पाइन्छ । लघुत्तम स्वरूपको अनुभूतिको झरी उठी, वर्षिई, विश्रान्त हुन पुगेको समय हुनु पर्छ । यस अन्तर्गत गीत, गजल, स्तोत्र, छोटो कविता आदि पर्दछन् । जीवन र जगतका एक सन्दर्भ, एक प्रसङ्ग, एक मनोदशाको प्रस्तुति लघुरूप कविताले गरेको हुन्छ ।

### २.१.३.३ मझौला रूप

कविताको लघुरूप भन्दा लामा र वृहत रूप भन्दा छोटा कवितालाई कविताको मझौला रूप भनिन्छ । जसमा जीवन जगतको एक पक्षको चित्रण हुदा एक रसको उत्पत्ति हुने गर्दछ । समग्र जीवनको एक भागलाई धर्म, अर्थ, काम, मोक्ष वर्ग मध्ये एक वर्ग र नवरस मध्ये एक रस प्रयोग गरिएको एउटा मूलभाव प्रस्तुत गर्न सक्ने कवितात्मक संरचनाको रूप नै मझौला रूप हो मझौला रुप अन्तर्गत खण्डकाव्य, कोशकाव्य, गाथा, स्तोत्र, लामा कविता आदि पाइन्छन् ।

### २.१.३.४ बृहत् रूप

यसमा कविताको सबैभन्दा ठूलो रुप अन्तर्गतका महाकाव्यहरु कविताका बृहत रुप छन् । जीवन र जगत्को समग्र विराट चरित्र चित्रण गरी सिङ्गै मानव जीवनको आरोहअवरोह एवंम जीवन दर्शनका उतार चढावलाई विस्तृत विवेचना गरिएको हुन्छ । यस वृहत रूपमा चतुबर्ग अन्तर्गत धर्म, अर्थ, काम र मोक्ष तथा नवरस अन्तर्गत रसको परिपाक भई आठ भन्दा बढी सर्गहरूमा सिर्जना गरी महानदीको यात्रा अंगालेको हुन्छ । यसमा सिङ्गो युग, जाति ,सभ्यता, सस्कृतिका घटना-प्रतिघटना आख्यानको रूप धारण गरेको हुन्छ ।

### २.१.३.५ वृहत्तर र वृहतम् रूप

वृहत्तर तथा वृहत्तम रूपमा सिङ्गो जातिको जीवन जगतको वृहत्तम रूपको कवितात्मक संरचनावद्ध र सर्गवद्धको संयोजन हुन्छ । वृहत्तर रूप अन्तर्गत इसापूर्व आठौं देखि पन्द्रौं शताब्दी वीचको समयका आदिकवि होमरका ‘ इलिएड ’ र ‘ ओडेसी ’ महाकाव्य र पूर्वीय दर्शन अन्तर्गतका ‘ रामायण ’ र महाभारत वृहतम् र वृहत्तर कविताका स्वरूपका नमूनाहरू हुन

### २.१.४ नेपाली कविताको विकासक्रम

नेपाली भाषाको कसरी उदय भयो र वर्तमान समयसम्म आईपुग्दा कुन कसरी विकसित भयो भन्ने कुरा थाहा पाउन जरूरी छ । नेपाली भाषा भारोपेली भाषा परिवारको भारत ईरानेली शाखाबाट संस्कृत अपभ्रङ्श हुदै खस अपभ्रङ्शबाट विकसित भएको भाषा हो । यो समय ईसाको ५००–१००० सम्मको समय हो । जतिबेला अपभ्रङ्शबाट भारतीय भाषा हिन्दी, बङ्गाली, भोजपुरी, अवधि र नेपाली भाषाको उद्‌भव भएको हो ।

नेपाली भाषाको उत्पति कसरी भयो भन्ने अनुसन्धान अन्वेषण गर्दा नेपाल देशकै जुम्लाको सिंजालाई नेपाली भाषाको उत्पत्तिस्थल मानिन्छ । वि.स. १०३८ को राजा दामुपालको दुल्लु अभिलेख नेपाली भाषाको प्राचीन अभिलेख मानिन्छ । नेपाली भाषाको प्राचीनरूपलाई हेर्दा यो भाषा जनजनका वीचमा कथा, लोकश्रुति, जनश्रुति युक्त लोकगीत लोककथा तथा प्राचीनगीत चाँचरी जस्ता लोक साहित्यका वाणिको साधन भई प्रस्फुटित भएको भेटिन्छ । यसरी नेपाली भाषा परापूर्व कालदेखि वर्तमान समयसम्म लोकगीतका माध्यमद्धारा फैलिएको पाइन्छ ।

वि.स.१००० पूर्वको नेपाली समाज लोकश्रुतिको मौखिकरूपमा मात्र रहेको पाइन्छ भने वि. सं. १०३८ देखि १४१३ सम्मको समयलाई लेख्य रूपमा अभिलेखमा रहेको पाइन्छ । यसरी प्राचीन ग्रन्थहरूको समय शुरू हुन्छ । यस्ता ग्रन्थहरूमा खण्डखाद्य, भास्वती, बाजपरीक्षा, ज्वरोपत्ति चिकित्सा, प्रायश्चित प्रदीप आदि पर्दछन् । यी वाङ्मय ग्रन्थहरूमा ज्योतिष, वेदाङ्ग, आचारशास्त्र , राजकाजको रोज, नाम्चा जस्ता विशुद्ध उपयोगितामूलक ग्रन्थहरूकको रचना भएको देखिन्छ । जुन रचना विशुद्ध व्यवाहारिक, ज्ञानपरक र दर्शनपरक छन् । एकातिर औषधिशास्त्र , वंशावली, जीवनी, धर्मशास्त्र ज्योतिष सम्वन्धी ग्रन्थहरू लेखिन पुग्दछन् भनेअर्कोतर्फ लोकसमाजमा गाइने मागल, फागु, पडेली, चाँचडी, पैकेलो, भारत, सगुन, फाग, धमारी, चैत, भैली, देउसी आदि लोकसाहित्यका लोकश्रुतिहरू मौखिक रूपमा अहिलेसम्म पनि देखापरेका छन् ।

यसरी लोक साहित्यको मौखिक अभिव्यक्ति जनताको श्रुतिमा विकसित हुदै नेपाली भाषा, शिलालेखको भाषा, प्राचीन वाङ्मय ग्रन्थको व्यावहारिक भाषाहरूको रूपमा देखा पर्दै नेपाल एकीकरणको अभियान सँगसगै पृथ्वीनाराण शाहको शासनकालदेखि नेपाली लेख्य साहित्यको प्रराररम्भ भएकको देखिन्छ । शिष्ट वा लेख्य  नेपाली कवितायात्रा १९ सौं शताब्दीको दोस्रो दशकदेखि वर्तमानसम्म लगभग दुईसय वर्ष जतिको हुन आएको मानिन्छ ।यसरी नेपाली कविताको पृष्ठभूमिकाल विक्रमको ११औ शताब्दीसम्मको समायाअवधि हो । यही समयाअवधिलाई आधार मानेर वर्तमान बिन्दुसम्म नेपाली भाषामा कविता निरन्तर रूपमा रचना हुदै प्रकाशन हुदै आएको देखिन्छ ।

### २.१.४.१ काल विभाजन

साहित्यमा काल विभाजन इतिहासबाट आएको धारणा हो [६१] । नेपाली साहित्यको काल विभाजनमा भने विद्वानहरूको एकमत पाइदैन । विभाजन सामानन्तर रहेपनि नेपाली कविताको काल विभाजनलनाई वि. स. १८२६ देखि हालसम्मको कविता

विकास क्रमलाई हेरेको पाइन्छ । जव वि.सं. १८२६मा सुवासनन्द दासको 'पृथ्विनारायण शाह' कविता नै पहिलो नेपाली कविता हो । यस समय र कवितालाई आधारबिन्दु मानी नेपाली कविताको विकासक्रमलाई तीन चरणमा विभाजन गर्न सकिन्छ ।

### २.१.४.१.१ **प्राथमिक काल (वि. स. १८२६ – १९४०)**

प्राथमिककालको इतिश्री लोक परम्पराको पृष्टभूमि कालपछि पृथ्विनारायण शाहको नेपाल एकीकरण अभियान सँगसगै सुवासनन्द दासद्धारा लेखिएको पृथ्विनारायण शाहको वीर वन्दनाबाट भएको हो । प्राथमिक कालमा शिष्ट लेख्य परम्पराको थालनी भएको हुनाले यो लेखोटकाल पनि हो । यसको अवधि मोतीराम भट्टको उदय पूर्व वि.स १९४० सम्मको समयलाई भनिन्छ । यस समयाअवधिमा नेपाली कविताको मूल प्रवृत्ति वीरधारा र भक्तिधारामा केन्द्रित रहेको छ । पूर्वाद्ध अथवा पूर्वप्राथमिक काललाई वीरधाराका रूपमा चिनिन्छ तथा उत्तरार्द्ध वा उत्तर प्राथमिक काललाई भक्तिधाराका रूपमा चिनिने गरिन्छ ।

क) पूर्व प्राथमिक काल ( १८२६ – १८७२ )
ख) उत्तर प्राथमिक काल ( १८७३ – १९४० )

### २.१.४.१.१.१. **वीरधारा**

वि.स. १८२६ देखि सुगौली सन्धि पूर्वको समयाअवधि नै वीरधाराको समय हो । यसकालका रचनामा राजभक्ति, युद्धवर्णन, शाषक स्तुति, वीरवन्दना आदि जस्ता विशेषताहरू पाउन सकिन्छ । आफ्नो स्वाभिमान र राष्ट्रको संरक्षणको खातिर उत्साही भावहरू बोकी युद्ध र बीरतामाय उद्‌गार व्यक्त गरिएको काव्य नै वीर काव्य हो । सुवासनन्द दास पछि शक्ति वल्भ अर्ज्याल, उदयनन्द अर्ज्याल, राधावल्लभ अर्ज्याल, यदुनाथ पोखरेल, रामभद्र पाध्या (रेग्मी) गुमानी पन्त आदि वीरधाराका नक्षत्रका रूपमा देखापर्ने कवि हुन् ।

### २.१.४.१.१.२ . **भक्तिधारा**

सुगौलि सन्धिका कारण नेपाली वीरतामा ठेस लागेपछि कविहरूले कविता सिर्जनाका प्रवृत्तिहरु पनि परिवर्तन गरेको पाइन्छ । वि.स. १८७२ देखि कविहरूको मानसिकता वीर बन्दनाबाट ईश्वर भक्ति तर्फ ढल्केको पाइन्छ । यो धारा मुख्य गरी

रामभक्ति, कृष्णभक्ति र निगुर्णभक्ति धारामा विभाजित भएको देखिन्छ । अर्को शव्दमा भक्तिधारालाई सगुण र निर्गुण उपभक्तिधारा गरी २ भागमा विभाजन गर्न सकिन्छ ।

१. कृष्णभक्ति

२. रामभक्ति

३. निर्गुणभक्ति

### २.१.४.१.१.२ .१. कृष्णभक्ति धारा

कृष्णभक्ति धारा सुगौली सन्धिपछि देखापरेको पहिलो धारा हो । श्रीकृष्ण भगवानको प्रशंसा वा लीलामा आधारित कविताधारालाई कृष्णभक्ति धारा भनिन्छ । कृष्णभक्ति धारा अन्तर्गत इन्दिरसको गोपिका स्तुति (१८८४), वसन्त शर्माको श्रीकृष्ण चरित्र  (१८८४) वीरशाली पन्तको श्रीकृष्ण चरित्र, बिमलबोधानुभव, बिद्यारण्यकेशरी अर्ज्यालको युगल गीत र द्रौपति स्तुति, विद्यापतिका राघबाह्रमासा (१८८६), सात राग (१८८८), सात नायिका, गीतवाणी, गीतगोविन्द जस्ता रचनाहरू देखिन्छन् भने यस धाराका केन्द्रीय कवि बसन्त शर्मा ( लुईटेल ) हुन र यस समयको मुख्य प्रवृति कृष्णप्रति भाव प्रकट गर्नु हो । यस समयमा भगवान श्रीकृष्णलाई आराध्येदेव मानी कविताहरु सिर्जना गरिएको थियो ।

### २.१.४.१.१.२ .२ . रामभक्ति धारा

नेपाली कविताजगत्मा कृष्णभक्ति धारासँगै  धार्मिक आध्यात्मिक धाराका रूपमा देखापर्दछन् ।  यस धारामा गुणले भरिपूर्ण भएको आर्दशपूर्ण भगवान रामको चरित्र चित्रण भएको कृतिहरु रचना गरिएको पाइन्छ । रामायण महाकाव्यको रचना यस धारामा प्रमुख कृति हो । यसधाराका केन्द्रीय प्रतिभा भानुभक्त आचार्य हुन भने अन्य कवितामा रघुनाथ पोखर्‍याल, पतञ्जली गजुर्‍याल, हरिदास आदि जस्ता नक्षत्र देखा पर्दछन् । यस समयको मुख्य प्रवृत्ति आदेश पुरुष भगवान रामको बारेमा भक्तिभाव प्रकट गर्नु हो ।

### २.१.४.१.१.२ .३ . निर्गुणभक्ति धारा

यस धारालाई सन्तजोसमणि धारा पनि भनिन्छ । ईश्वरका विभिन्न अवतार तथा मूर्ति पूजामा विश्वास प्रकट गर्नु सगुण भक्ति धाराको विशेषता हो ।

निर्गुणभक्ति धाराका कविहरूले ईश्वरको उपासना नगरी कविता मार्फत निराकार

बह्मप्रति गहिरो भक्ति प्रकट गरेको देखिन्छ । यस धारामा कलम चलाउने कविहरू दैवज्ञकेशरी अर्ज्याल, शशीधर स्वामी, ज्ञानदिलदासको ' उदयलहरी ' आदि देखा पर्दछन । साधुक्कडी भजन र लोकलहरी लेखनका रूपमा देखिएको यस धारा अन्तर्गत केन्द्रीय प्रतिभा ज्ञानदिलदास हुन् यस धाराको मुख्य प्रवृत्ति निराकार भगवान्प्रति भोक्तभाव प्रकट गर्नु हो ।

### २.१.४.१.२. माध्यामिक काल (१९४१ –१९७४ )

वि.स. १९४१ देखि सूक्तिसिन्धुको प्रकाशन १९७४ सम्मको समायाअवधिलाई माध्यमिक काल भनिन्छ । यस समयमा राणादरबार तथा उच्च वर्गका मानिसहरूको भोगविलासको प्रवृति बढेकोले नेपाली कविता यात्रामा शृङ्गारधाराले प्रवेश पायो । युग कवि मोतीराम भट्टको उदय पछि भक्तिधारामा कमि आई शृङ्गारिक धाराले झागिने, मौलाउने अवसर पाएको देखिन्छ । माध्यमिककालमा सयौं शृङ्गारिक रसका कविहरु देखा परेतापनि मोतीराम भट्ट केन्द्रीय प्रतिभाको रूपमा देखा पर्दछन । मोतीराम भट्टले गठन गरेको ' मोतिमण्डली ' का सदस्यहरूले शृङ्गारिक भावधारामा कविताहरू रचेका छन् । यस धाराका कविहरुले गीत, गजल, जीवनी, समालोचना क्षेत्रमा महत्वपूर्ण योगदान दिएको देखिन्छ ।

यस धाराले मुख्यतया नरनारीको यौवन र शृङ्गारिक भावावेगलाई नै रचनाको मूल विषयवस्तु बनाएको छ । प्राथामिक कालबाट सुभारम्भ भएको अनुवादपरम्परा यस कालमा पनि कायमै रह्यो भने गोरखापत्र, माधवी, सुन्दरी, जस्ता पत्रपत्रिकाको प्रकाशनले कविताको विकासमा ईट्टाथप्नुको साथै मुद्रणयुगको थालनी समेत यस कालमा भएको देखिन्छ । यस धाराका अन्य साहित्यकारहरूमा राजिवलोचन जोशी, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी, होमनाथ खतिवडा, श्यामजीप्रसाद शर्मा, शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, चक्रपाणि चालिसे, पहलमानसिंह स्वाँर आदि जस्ता प्रमुख कविहरु देखा परेका छन ।

### २.१.४.१.३. आधुनिक काल ( १९७५– हालसम्म )

लेखनाथ पौड्यालले शृङ्गारिक धारालाई तिलाञ्जली दिंदै वि.स. १९७३ मा प्रकाशनमा आएको ऋतृविचार खण्डकाव्यबाट आधुनिक कालको शुरूवात भएको मानिन्छ । यद्यपि माध्यमिककालीन नेपाली कविताको प्रतिनिधि सङ्ग्रह सुक्तिनासहरु १९७४ सालमा प्रकाशन भएकोले १९७५ सालपछि आधुनिक कविताको प्रारम्भ भएको मानिएको छ । पौड्याल यस कालका परिष्कारवादी धाराका प्रर्वतक हुन् । कतिपय विद्धानहरूले देवकोटाको स्वच्छन्दतावादी काव्यधाराको शुरूवात सँगसँगै आधुनिक काल शुरू भएको मानेतापनि

पौड्यालले आधुनिक नेपाली कविताको मिर्मिरे प्रहरको प्रारम्भ गरेका हुन भन्ने कुरामा सहमत हुनुपर्दछ ।

वर्तमान समय वि.स. २०६७ साल सम्म आधुनिक कालको लगभग ९२ वर्षको समयाअवधिलाई आत्मासाथ गरेको देखिन्छ । नेपाली स्तरीय व्याकरणको स्थापना सँगसँगै कविता लेखन प्रति अभिरूचि देखाई कविता सौन्दर्यप्रति विशेष अभिप्रेरित भई आधुनिक नेपाली कविता निरन्तर रूपमा अगाडि बढ्दै गइरहेको देखिन्छ । अधुनिक नेपाली कविताको प्रारम्भिक रचनामा पथप्रदर्शक लेखनाथ पौड्याल देखिन्छन् भने सो यात्रालाई साथ दिने अन्य प्रतिभाहरूमा सोमनाथ सिग्देल, धरणिधर कोइराला, महानन्द सापकोटा, बालकृष्ण सम, भवानीप्रसाद खतिवडा, लक्ष्मीप्रसाद देवकोटा आदि देखा पर्दछन् ।

वि.स. १९७५ देखि हालसम्म नेपाली कवितामा विभिन्न प्रवृति र प्रयोग भएकाले यसलाई विभिन्न उपधाराहरूमा विभाजन गरिएको पाइन्छ ।

१. परिष्कारवादी धारा (वि.स. १९७५ – १९९०)
२. स्वच्छन्दतावादी धारा ( वि.स. १९९१ – २०१६ )
३. प्रयोगवादी धारा ( वि.स. २०१७ – २०२५)
४. समसामयिक धारा ( वि.स. २०९– वर्तमान सम्म )

### २.१.४.१.३.१. परिष्कारवादी धारा (वि.स. १९७५ – १९९०)

परिष्कारवादी धारालाई क्लासिकल अथवा शास्त्रीय धारापनि भनिन्छ । प्रथम आधुनिक नेपाली कवि लेखनाथ पौड्यालले माध्यामिक कालमा देखापरेका शृङ्गारिक कविता लेखनको प्रवृतिलाई पन्छाउदै परिष्कारवादको प्रारम्भ वा प्रवर्तन गरेका हुन । यस धाराका कवितामा शिष्टता, नैतिकता, मर्यादितता, सामाजिकता, धार्मिकता, सांस्कृतिकता तथा राष्ट्रियता र देश भक्तिको भावना पाइन्छ । सूक्तिसिन्धु ( १९७४ ) को प्रकाशन पछि र देवकोटाको उदय पूर्वको समायावधी १५ वर्ष नै परिष्कारवादी धाराको समय हो ।

परिष्कारवादी धारा कवितालाई टल्काएर, माफ्रेर, ताछेर, पुछेर प्रस्तुत गर्नै शैली हो । नेपाली कविता जगतको परिष्कारवादी धारामा लेखनाथ पौड्यालका साथसाथै धरणिधर कोइराला, सोमनाथ सिग्देल, बालकृष्ण सम, महानन्द सापकोटा, चक्रपाणी चालिसे, बद्रीनाथ भट्टराई, माधवप्रसाद घिमिरे आदिले कलम चलाएका छन् ।

### २.१.४.१.३.२. स्वच्छन्दतावादी धारा (१९९१– २०१६)

विस. १९९१ सालमा प्रकाशित साहित्यिक पत्रिका ' शारदा ' को प्रकाशन सगसँगै यस धाराको प्रारम्भ हुन्छ । यस धाराका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा हुन । उनले हृदय सागरबाट फुटेर आएका भावहरूलाई परिष्कार र परिमार्जित नगरी जस्ताको तस्तै प्रस्तुत गर्ने यस प्रकारको लेखनशैली नै स्वच्छन्दतावादी धारा हो । यो धारा परिष्कारवादी धाराको विरोधमा आएको धाराको रूपमा देखिन्छ ।

यो स्वच्छन्दतावादी धारा समय अनुसार दुई चरणमा विभक्त भएको पाइन्छ ।

१. विशुद्ध स्वच्छन्दतावादी धारा (१९९१-२००३ )

२. स्वच्छन्दतावादी-प्रगतिवादी धारा ( २००४-२०१६)

यस चरणमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्णिमाको जलधि (१९९१) गरिब जस्ता फुटकर कविता मुनामदन (१९९२), कुञ्जनी (२००२) खण्डकाव्य, शाकुन्तल (२००२), सुलोचना (२००३) जस्ता महाकाव्य देखा पर्दछन् । सहप्र्रवतकको रूपमा देखापरेका सिद्धिचरण श्रेष्ठको उवर्शी (२०१७), आँसु (२०५०) आदि जस्ता खण्डकाव्य यस धाराका मुख्य उपलव्धी हुन् । यसै धारामा उता माधवप्रसाद घिमेरेका रचनामा पापिनी आमा ( २०१३ ), नयाँ नेपाल (२०१३), गौरी (२०१५), राजेश्वरी (२०१७) आदि जस्ता उत्कृष्ट रचनात्मक कृतिहरू लेखिएको पाइन्छ । यस धारामा कलम चलाउने कविहरू केदारमान व्यथित, भूपि शेरचन, कञ्चन पुडासैनी, गोपालप्रसाद रिमाल, हरिभक्त कटुवाल, कालीप्रसाद रिजाल, वीरेन्द्र सुव्वा, दैवज्ञराज न्यौपाने, अगमसिंह गिरी आदि हुन ।

ईश्वर, प्रकृति र मानवताको त्रिकोण स्वच्छन्दतावादको आर्दश हो । यस धारामा आध्यात्मिक चेत, क्रान्ति चेत, अतितप्रतीको मोह छताछुल्ल पाइन्छ । मात्रिक, वर्णमात्रिक, एवम् गद्यलयको प्रयोग पाइने यस धाराका कवितामा साङ्गितीक चेतना पाइन्छ ।

### २.१.४.१.३.३ प्रयोगवादी धारा

वि.स. २०१७ सालदेखि वि.स.२०२९ साल सम्म को समयाअवधिलाई तेस्रो मोड वा प्रयोगवादी धारा भनिन्छ । यो धारा लक्ष्मीप्रसाद देवकाटको देहाबसान पनि र ' रूपरेखा ' ( २०१७ ) पत्रिकाको प्रकाशनसँगसँगै प्रारम्भ भएको हो । देवकोटाको मृत्यु पछि पञ्चायती व्यवस्थाको सूत्रपात भएको र यसबाट स्वतन्त्र अभिव्यक्तिमा रोक लागेकाले परम्परा भन्दा

भिन्दै प्रवृतिलाई आत्मासाथ गरी शैली, लय र भावको नवीनतम प्रयोग गर्ने सोचमा यस धारा देखापऱ्यो । यस धाराअन्तर्गत प्रकृतिवाद, यथार्थवाद, विसङ्गतीवाद र अमूर्त रूपलाई लेखनले अंगालेको पाइन्छ । यस धारामा डार्विनको विकासवाद, फ्राएडको मनोविश्लेषणवाद कामवासना र यौनवादी धाराका रूपमा अवचेतन र स्वचालीत लेखन जस्ता मान्यताले पनि प्रवेश पाएका देखिन्छन् ।

यसधाराका केन्द्रीय प्रतिभा मोहन कोइराला हुन भने उनको कविता 'घाइते युग' हो । यिनका रचनाहरूमा मोहन कोइरालाका कविता (२०३०), सारङ्गी बोकेको समुन्द्र (२०३४), लेख (२०३५), नदी किनारा माझी (२०३८), नीलोमह (२०४१), गजयथ (२०४९), जस्ता लामा काविताहरू देखापरेका छन् । भाषा र व्याकारणको बाह्य संरचनालाई भाच्दै अफठ्यारा दुर्वोध्य एंवम अमुर्त लेखनको प्रयोग गरी रचिएको देखिन्छ । यस धारामा कलम चलाउने अन्य हस्थिहरूमा मोहन हिमांसु थापा, द्वारिका श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, ईश्वर वल्लभ, वैरागी काँईला आदि व्यक्तिहरू हुन् ।

यस धाराका प्रमुख विशेषता फुटकर कवितादेखि लामो कविताहरूसम्मको रचना हुनु हो । परम्पराको विरोध, भाषिक विचलन, विम्वप्रतीकको सुन्दर प्रयोग, विसङ्गती र शुन्यतालाई चिरेर मानव अस्तित्वको खोजी गर्नु आदि रहेको देखिन्छ ।

### २.१.४.१.३.४ समसामयिक धारा

वि.स. २०३० सालदेखि हालसम्मको अवधीलाई समसामयिक धारा भनिन्छ । यस धारामा अँझ नवीनतम र आधुनिकताको खोजी गरिएको देखिन्छ । यस धारामा भाव, चिन्तन, लय, दर्शन, बिम्बप्रतीक, संरचना, कथनपद्वति, विसङ्गतिचित्रण, मूल्यमान्यताको विचलन, समाजचित्रण आदिमा नवीनताको खोजी गरिएको पाइन्छ । नवीनतम खोजिका साथ विभिन्न जनआन्दोलका कविताहरूपनि प्रशस्त देखा परेका छन् । नयाँ पुस्ताका युवा कविहरूले राल्फा (२०३३), अस्वीकृत जमात (२०२५), अमेलख (२०२६), बुटपालिस (२०३१) सडक कविता (२०३६) ,तरलतावाद (२०४०), छन्दबचाऊ अभियान (२०५३), भोको, पिँडी युङ्राइटर्स फ्रन्ट, मन्त्र आदि साहित्यिक आन्दोलनका माध्यामबाट नेपाली कविताका क्षेत्रमा नयाँ सम्भावना सगै अगाडि बढेको देखिन्छ । यस धारामा कलम चलाउने व्यक्तित्वहरू दिनेश अधिकारीका अन्तरका छिटाहरू (२०३७) धर्तीको गीत (२०४४) आदिम आवाज (२०४५) कविता संग्रह देखा परे भने कवियत्री चाँदनी शाहका रचना (२०४३) देखा पर्दछ । यस धारामा कलम चलाउने अन्य स्रष्ठाहरूमा विमल निभा, फनिन्द्र नेपाल, विमल कोइराला, मनु बज्राकी, शिव अधिकारी, अविनास श्रेष्ठ, महेश प्रसाई, मञ्जुल, किशोरी

पहाडी, कृष्णभूषण वल, गगनवीरही, जीवन आचार्य, विधान आचार्य, कृष्ण धरावासी, शारदा शर्मा, प्रतीक ढकाल, मोहन बन्जाडे, मञ्जु काँचुल आदि व्यक्तिहरू रहेका छन् ।

## २.२ खण्डकाव्यको सैद्धान्तिक स्वरूप

### २.२.१ खण्डकाव्यको परिचय

खण्ड र काव्य  दुई शव्द मिलेर खण्डकाव्य शव्दको निर्माण भएको हुन्छ । यसलाई सोझो अर्थमा खण्ड जीवनका बारेमा लेखिएको काव्य भन्ने बुझाउदछ । कुनै एउटा महत्वपूर्ण खण्ड वा प्रसङ्गका बारेमा लेखेको काव्य नै खण्डकाव्य हो । संरचना तथा आयामका हिसावले कविता भन्दा लामो महाकाव्य भन्दा सानो मझौला रूप नै खण्डकाव्य हो । खण्डकाव्यका वारेमा पूर्वीय साहित्यमा विशेष चर्चा भएको देखिन्छ । खण्डकाव्यका चर्चा, परिचर्चा गर्ने क्रममा यस वारे विश्वनाथ, भरतमूनि, भामह जस्ता व्यक्तिहरूले  आआफ्ना मत राखेका छन् । पूर्वीय संस्कृत साहित्यमा खण्डकाव्य शव्दको प्रयोग गरी प्रथमत : सैद्धान्तिक चिन्तन र अवधारणाको सूत्रपात गर्ने  आचार्य विश्वनाथ चौधौं शताब्दीका प्रखर व्यक्तित्व देखापरेका हुन् ।

पाश्चात्य साहित्यमा खण्डकाव्यका बारेमा कुनै चर्चा परिचर्चा गरिएको देखिँदैन तै पनि पश्चिमी साहित्यमा गाथाकाव्य, रोमाञ्चकाव्य, नाट्यकाव्य आदिको प्रयोग र चर्चा गरिएको पाइन्छ । वर्तमान  समयमा आई पुग्दा प्रयोगवादी व्यक्ति मोहन कोइरालाले खण्डकाव्य भन्ने सुहाउने लामा कविता लेखेकाछन् ।

यसरी खण्डकाव्यको इतिहास पाश्चात्य जगतबाट सुरु नभई पूर्वीय साहित्यको देन हो र कविताको उपभेद पनि हो । खण्काव्यका सम्वन्धमा विभिन्न विद्वानहरुका आ-आफ्नै प्रकारका मतमतान्तरहरू रहेका छन् । ती मध्य प्रमुख परिभाषाहरूलाई निम्न अनुसार प्रस्तुत गरिन्छ ।

### २.२.२ खण्डकाव्यको परिभाषा

खण्डकाव्यको सन्दर्भमा विभिन्न साहित्यकारहरूले निम्नानुसार परिभाषाहरू प्रस्तुत गरेका पाइन्छन् ।

खण्डकाव्य महाकाव्यको एकदेशीय रूप हो ।[३५] **विश्वनाथ**

खण्डकाव्य प्रसिद्ध र अप्रसिद्ध कथानक खण्डलाई प्रमुख कथा वनाएर वर्णन गर्न सकिन्छ । यसको उद्देश्य साधारण र आधार काल्पनिक घटना पनि हुन सक्दछ । [३६] **डा.श्यामशुन्दर दास**

कथानकबाट एउटा अंश लिएर लेखिएतापनि त्यो आफैमा पूर्ण सानो खण्डकाव्य हो ।[३७] **वालचन्द्र शर्मा**

खण्डकाव्य मानव जीवनको एक पक्षको चित्रण हुन्छ, एउटा तत्वको उद्घाटन हुन्छ  र एउटा पक्षको विश्लेषण हुन्छ ।[३८] **डा. हिमांशु थापा**

खण्डकाव्य मझौला आयाम भएको कविताको त्यो उपभेद हो जसमा आख्यानलाई आँगाली वा नअगाँली जीवन जगतको एक अंश वा भावलाई अन्वितिपूर्ण वा मुक्तलयका माध्यामबाट कथन गरिन्छ । [३९] **डा. वासुदेव त्रिपाठी**

उपर्युक्त विविध परिभाषाहरुलाई समेटी खण्डकाव्यको परिभाषालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ । खण्डकाव्य मझौला आयाम भएको रचना भएकोले त्यो प्रबन्धात्मक रूप हो, जसमा जीवन र जगतको कुनै एक पक्षलाई झल्काउने खालको काव्यात्मक अभिव्यक्ति र आख्यान तथा आख्यान विकल्पी संरचना अँगाली लयबद्ध रूपमा प्रस्तुत गरीन्छ ।

### २.२.३ खण्डकाव्यका तत्वहरू

साहित्यका विभिन्न विधाहरुमा झै खण्डकाव्यको रचनामा पनि विभिन्न आधारभूत तत्वहरु रहेका छन् । सामान्यतया कथानक पात्र, परिवेश, भावविधान, लयविधान, विम्वप्रतीक, कथनपद्धति, भाषाशैली, उद्देश्य तथा केन्द्रीय कथ्यजस्ता तत्वहरुलाई खण्डकाव्यका आवश्यक तत्वहरुमा लिइएको छ । यी तत्वहरुको बारेमा सङ्क्षिप्त वर्णन आवश्यक तत्वहरुमा लिइएको छ । यी तत्वहरुको बारेमा सङ्क्षिप्त वर्णन निम्न अनुसार गरिएको छ :

---

३५. वीरेन्द्र पुडासैनी, नेपाली कविता र साहित्यको इतिहास, पृ. ८२ ।

३६. ऐजन्, पृ. ८२ ।

३७ ऐजन्, पृ. ८२ ।

३८. ऐजन्, पृ. ८२ ।

३९. ऐजन्, पृ. ८२ ।

### २.२.३.१.कथावस्तु (आख्यान)

कथावस्तु खण्डकाव्यको आवश्यक तत्व हो । यसमा पात्रहरूद्वारा गरिने कार्यव्यापार र त्यही कार्यव्यापार अन्तर्गत घटने घटनाहरूको योजनावद्ध ढाँचा नै कथावस्तु हो । कथानकको चयन विभिन्न इतिहास, पुराण यथार्थमूलक, अनुभव, रागात्मक, सौन्दर्य, मिथक र स्वैरकल्पना मध्ये कुनै एक श्रोतबाट गरिएको हुन्छ । कथानकको आदि वा सुरूभागमा आरम्भ र संघर्ष विकास, मध्य तथा बीच भागमा संकट अवस्थाको शृङ्खला र चरम तथा अन्त्य भागमा संघर्ष ह्रास र उपसंहार गरी विभिन्न अवस्थाहरू रहेका हुन्छ ।

### २.२.३.२ चरित्र

खण्डकाव्यमा पात्र वा चरित्र चित्रण पनि अपरिहार्य तत्व अन्तर्गत पर्दछ । पात्रका माध्यमबाट नै काव्यकारले आख्यानलाई उद्देश्यसम्म पुऱ्याउँछ । यसमा थोरै पात्रहरूको समायोजन गरिएको हुन्छ । खण्डकाव्यका पात्रले जीवनको कुनै एक खण्ड वा एक घटना विशेषलाई वोक्छ र कुनै चरित्र विशेषलाई उद्घाटन गर्छ भने कुनै सामाजिक वर्ग, पेशा वा मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गर्न सक्नु पर्दछ ।

### २.२.३.३ परिवेश ( देश, काल र वातावरण )

देश, काल र वातावरण परिवेश अन्तर्गत पर्दछन । चरित्र चित्रण वा पात्रले भोगेका जीवन जगतका भावभूमि परिवेश हो । परिवेश अन्तर्गत भाषा, भाषिका चरित्रका क्रियाकालाप, पात्रको व्यक्तित्व, पृष्ठभूमि, रहनसहन, सामजिक परम्परा, प्रकृति, ऋृतु, विभिन्न भौगोलिक दृश्य परिवेश तथा वातावरण अन्तर्गत पर्दछन । साथै यो खण्डकाव्य कुन समयमा लेखिएको हो । त्यसबेलाको सामाजिक अवस्था वा परम्परा कस्तो थियो जस्ता कुराहरू परिवेश अन्तर्गत पाइन्छ । साथै यसमा कुन स्थानको विषय वस्तु समेटिएको छ भन्ने कुराको जानकारी पनि पाइन्छ ।

### २.२.३.४. भावविधान

साहित्यका विभिन्न नौ रसमध्ये कुनै न कुनै स्थायी भाव केन्द्रीय रूपमा खण्डकाव्यमा आउनुलाई नै भाव विधान भनिन्छ । शब्द-शव्दमा गुम्फित भाषिक रचना भाव विधान हो । भाव विधान पनि खण्डकाव्यको आधारभूत तत्व हो ।

### २.२.३.५ लय विधान

कविताको प्रत्येक पङ्क्तिमा प्रयोग भएका वर्ण, मात्रा एवम् अक्षरको वितरण तथा

अनुप्रास, गति, यतिको स्थिति आदिवाट उत्पन्न हुने साङ्गीतिक तत्वलाई लय भनिन्छ । छन्द विधान वाह्य तत्व हो भने लय विधान आन्तरिक तत्व हो । खण्डकाव्यहरूमा मात्रिक, वर्णमात्रिक, लोकलय र मुक्तलय मध्ये कुनै एक लयमा रचना गरिएको हुन्छ । साथै मुक्त लय वा छन्दमुक्त कवितामा पनि अन्तर्लय भएको हुन्छ । छन्द बिना कविता लेख्न सकिन्छ तर लय बिना कविता लेख्न सकिदैन । त्यसैले लय विधान एक महत्वपूर्ण अनिवार्य तत्वको रूपमा मानिन्छ ।

### २.२.३.६ अलङ्कार विधान

अलङ्कार विधान अनिवार्य तत्व नभई ऐच्छिक तत्व हो । यसले काव्यको शोभा वढाउदछ भने आभूषणको भैँ काम गर्दछ । अलङ्कारलाई शब्दालङ्कार र अर्थालङ्कार गरी दुई भेदमा लिने गरीन्छ । शब्द अलङ्कार अन्तर्गत अनुप्रास, यमक, श्लेष आदि पर्दछन भने अर्थालङ्कार अन्तर्गत उपमा, रूपक, अतिसयोक्ति, दृष्टान्त आदि पर्दछन ।

### २.२.३.७ बिम्बप्रतीक विधान

विम्वले मस्तिष्कको गाँठो फुकाउने भएकोले खण्डकाव्यलाई कलात्मक बनाउदछ । कुनै कुराको आभास वा भलक बिम्ब हो । यसले लाक्षिणक अर्थ बहन गर्छ । कुनै नभएको वस्तुलाई उपस्थितीद्धारा देखाउने काम प्रतीकले गर्दछ । खण्डकाव्यकारले आफ्ना विचार प्रस्तुत गर्न बिम्ब र प्रतीकको काम गर्ने गर्दछन ।

### २.२.३.८ भाषाशैली

अनुभूति तथा विचार अभिव्यक्त गर्ने सशक्त माध्यम भाषा हो र त्यो व्यक्त गर्ने ढङ्ग तथा तौरतरिका शैली हो । खण्डकाव्यको मूल्य र खण्डकाव्यकारको प्रतिभालाई नाप्नेकाम भाषाशैलीले गर्दछ । खण्डकाव्यकारलाई ललित, रागात्मक, व्यन्जनात्मक, लयात्मक एंवम सूत्रात्मक भाषा शैलीको प्रयोग उपयुक्त मानिन्छ । विचार तथा अनुभूतिको सशक्त माध्यम भाषा हो । भाषा खण्डकाव्यमा अभिधा अर्थ भन्दा लक्ष्य अर्थ वा व्यञ्जना अर्थ भएमा अतिउत्तम मानिन्छ । खण्डकाव्यमा तत्सम, तद्भव र आगन्तुक जस्ता विविध स्रोतहरुबाट शब्दहरुको चैन गरिएको हुन्छ ।

### २.२.३.९ कथन पद्धति ( दृष्टिविन्दु )

खण्डकाव्यकारले आफ्ना रचनाका माध्यमबाट केही कुरा विभिन्न तरिकाबाट प्रस्तुत

गरिरहेका हुन्छन । त्यसैलाई नै कथन पद्वति भनिन्छ । यो पनि दुई प्रकारको हुन्छ । कवि स्वंयम आफैले आफ्ना विचार प्रस्तुत गर्दछन भने त्यसलाई कविप्रौढोक्ती कथन पद्धति भनिन्छ भने कविले अन्य पात्रका माध्यामद्धारा विचारलाई प्रस्तुत गराउदछन भने त्यसलाई कविनिबद्धवक्तृपौढोक्ति कथन पद्वति भनिन्छ ।

### २.२.३.१० उद्देश्य

खण्डकाव्यकारले पाठकहरुलाई दिन खोजेको सन्देशलाई उद्देश्य तथा केन्द्रीय कथ्य भनिन्छ । यो पनि खण्डकाव्यको महत्वपूर्ण तत्व हो । खण्डकाव्यमा समाज चित्रण, नीतिसन्देश, राष्ट्रवादी चिन्तन, व्यङ्ग्य बिद्रोहको स्वर, प्रकृति चित्रण दार्शनिकता, जीवन जगतको विविध पक्षको चित्रण आदि कुराहरूलाई केन्द्रीय कथ्यका रूपमा समाविष्ट गरिएका हुन्छन । समेटिएर अएका हुन्छन् अतः यसलाई पनि खण्डकाव्यको एउटा तत्वका रुपमा हेरिन्छ ।

### २.२.४ नेपाली खण्डकाव्यको विकासक्रम

नेपाली साहित्य क्षेत्रमा कविताको विकाससँगसँगै खण्डकाव्यले पनि स्थान ओगटेको छ । नेपाली खण्डकाव्यको विकासक्रमको अध्ययन गर्दा प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी तीन कालमा विभक्त गरी प्रस्तुत गर्न सकिन्छ ।

### २.२.४.१ प्राथमिककाल (१८२६ - १९४०)

नेपाली कविताको विकास सँगसँगै खण्डकाव्यको उदय भएको देखिन्छ । वीरधारा अन्तर्गत दैवज्ञकेशरी अर्यालको अश्वशुभाशुभ परीक्षा, वीरशाली पन्तको वीर चरित्र, उदयानन्द अर्यालको बेताल पच्चिसी फेला परे भने भक्तिधारा अन्तर्गत बसन्त शर्माको कृष्ण चरित्र, रघुनाथ पोखरेलको सुन्दरकाण्ड, भानुभक्त आचार्यको बधुशिक्षा, भक्तमाला, ज्ञानदिलदासको उदयलहरी खण्डण्काव्य देखा परेका छन । यस समयमा इतिहास, पुराण, वेद, माहाभारत, रामायण जस्ता कृतिहरूबाट अनुवाद गरेर लेंखिएको देखिन्छ भने शासक स्तुति युद्ववर्णन, राजभक्ति, वीर बन्दनाका साथै अध्यात्मिक भावनाको प्रस्तुती प्रशस्त मात्रामा पाइन्छ ।

### २.२.४.२ माध्यामिक काल ( १९४१ - १९७४ )

युगकवि मोतीराम भट्टको शृङ्गारिक भावधारा नै माध्यामिक कालको केन्द्रविन्दु रहेको पाइन्छ । भट्टले शृङ्गारिक धाराको प्रवर्तन गर्दै गजेन्द्र मोक्ष ( १९४८ ), उषा चरित्र ( १९५७ ) र पिकदुत खण्डकाव्य रचना गरिएको पाइन्छ । यस कालमा पौराणिक शृङ्गारिक लोकप्रेरित, सवाई लहरी गजल, बाह्रमासाजस्ता खण्डकाव्यहरू रचिएको पाइन्छ भने यस

कालमा कलम चलाउने व्यक्तिहरू तथा खण्डकाव्यकारहरू शिखरनाथ सुबेदी, गोपीनाथ लोहनी, कृष्णप्रसाद रेग्मी, शम्भु प्रसाद ढुङ्गेल, रामप्रसाद सत्याल, नरदेव पाण्डे, अमृतमानसिंह सिजापती, सुरवीर राई, रतन गिरी, प्रतापसिंह राई, केदारनाथ खतिवडा, दानराज लामिछाने, राजिवलोचन जोशी, तीर्थराज पाण्डे आदि हुन ।

### २.२.४.३ आधुनिक काल (वि.स.१९७५ देखि हाल सम्म)

सूक्तिसिन्धु ( १९७४ ) को प्रकाशन संगसंगै शृङ्गारिक भावका खण्डकाव्यले विश्राम लिदै परिष्कारवादले स्थान पाउदछ । यस परिष्कारवादका प्रवर्तक लेखनाथ पौड्यालको खण्डकाव्य ऋतुविचार (१९७३ ) वाट आधुनिक कालको शुरू भएको मनिन्छ । वर्तमान समयसम्म आइपुग्दा आधुनिक कालका विभिन्न ४ वटा चरणहरू देखा पर्दछन् ।

क) परिष्कारवादी धारा

ख) स्वच्छन्द वादि धारा

ग) प्रयोगवादी धारा

घ) समसामयिक धारा

### २.२.४.३.१ परिष्कारवादी धारा

यसधारालाई सूत्रपात गर्ने श्रेय लेखनाथ पौड्याललाई छ र उनको कृति ऋतुविचार (१९७२) खण्डकाव्य नै मुख्य उपलब्धी हो । परिष्कृत परिमार्जित भाषाशैलीको प्रयोग, आर्य संस्कृति प्रतीको महिमागान, आध्यात्मवादी जीवनदृष्टि, नैतिक मूल्यप्रतीको चासो, बिधागत सचेतताका साथै भाषिक नियम र अनुशासनमा जोड यस मोडका प्रवृतिहरू हुन । यस धारामा कलम चलाउने स्रष्टाहरू लेखनाथ पौड्याल, वालकृष्ण सम, माहानन्द सापकोटा, माधवप्रसाद देवकोटा, भिमनिधि तिवारी, हरिहर शास्त्री, मोदनाथ प्रश्रित आदि हुन ।

### २.२.४.३.२ स्वच्छन्दतावादी धारा

वि.स. १९९२ सालमा लक्ष्मीप्रसाद देवकोटाको मुनामदनबाट स्वच्छन्दतावादी धाराको थालनी भएको देखिन्छ । यस धाराका केन्द्रीय खण्ड काव्यकार लक्ष्मीप्रसाद देवकोटा हुन । उनले लेखनकलालाई भावना र कल्पनामा बगेर लेखन कलालाई अगाडी बढाएका छन । यसै समयमा भावना र कल्पनामा बगेर लेखिनु, व्याङ्ग्य, विद्रोह र प्रगतिवादी स्वर सुसेल्न, आँसुलेखन, बौद्धिकता, र हार्दिकताको प्रधानता पाइने प्रकृति ,इश्वर र मानवताको त्रिवणी पाईनु यस धाराका मुख्य विशेषताहरू रहेका भने यस धारामा कलम चलाउने खण्डकाव्य र खण्डकाव्यकारहरु लक्ष्मीप्रसाद देवकोटाको मुनामदन (१९९२), कुञ्जनी (२००२), बसन्ती (

२००९ , रावणजटायु युद्द  (२०१५), लुनी (२०२३), कटक (२०२६) जस्ता खण्डकाव्यहरू देखा परे भने सह-प्रर्वतकका रूपमा सिद्धिचरण श्रेष्ठका उवर्शी (२०१६), ज्यानमारा शैल (२०२३), मंगलमान (२०४९), आँसु (२०५०) खण्डकाव्य देखा परे साथै अन्य खण्डकाव्यकारहरू माधव प्रसाद घिमिरे ,युद्दप्रसाद मिश्र , कन्चन पुडासैनी , केदारमान व्यथित , घनश्याम कडेँल आदि स्रष्ठाहरूले कलम चलाएका छन ।

### २.२.४.३.३ **प्रयोगवादी धारा ( २०१७ -२०२९ )**

वि.स. २०१७ सालमा प्रकासित ‘ रूपरेखा ’ साहित्यिक पत्रिकाबाट यस धाराको प्रारम्भ भएको हो । यस धारामा कलम चलाउने केन्द्रीय स्रष्टा मोहन कोइराला हुन र उनको कृति ‘घाइतेयुग’ लामो कविता हो । यस धारा अन्तर्गत खण्डकाव्यमा नवीन भाषा र विविध शैलीको प्रयोग र अमूल लेखनको प्रवृति पाइनु कवितामा वौद्धिकता र जटिलता तथा क्लिष्टता पाइनु, बिम्ब प्रतीकको प्रयोग हुनु, नवीन शिल्प र शैलीको प्रयोग हुनु यस धाराको मुख्य उपलब्धी हो । यस धारामा कलम चलाउने खण्डकाव्य र खण्डकाव्यकारहरूमा मोहन कोइरालाको सूर्यदान ( २०२२), लेक (२०२५), नदीकिनारा माफ्रि (२०३८), नीलो मह (२०४१), द्वारिका श्रेष्ठको एउटा चुरोटको ठुटो, दिनको प्रकाशमा (२०२१), मदन रेग्मीको आजाजुजे पाहाड र घाउका आँखा ( २०२१) असित राईको आक्टोपस, कर्णद महर्षिको फूलका लाभाहरू र रत्नशमशेर थापा क्षितीजको झुल्का आदि जस्ता खण्डकाव्यहरु देखा परेका छन ।

### २.२.४.३.४ **समसामयिक  धारा वि.स.** (२०३० **देखि हालसम्म** )

यस धाराको थालनी काव्य र पाठकबीच विच्छेद भएको सम्वन्धलाई पुनः स्थापित गर्ने उद्देश्यले सूत्रपात भएको हो भन्न सकिन्छ । यस समसामयिक धारामा नयाँपुस्ताका युवा कविहरूले पुराना साहित्यिक लेखनबाट माथि उठ्न बुट पालिस, सडक कविता, कोलाज, तरलतावाद जस्तै धेरै साहित्यिक आन्दोलनहरू गरे । यी आन्दोलनलाई मल, जल र गोडमेल गर्ने काम यस धाराले पुऱ्याएको देखिन्छ । यस धारा अन्तर्गत विभिन्न मोड तथा घुम्तीहरूलाई आधारमानी खण्डकाव्य रचना गरेको पाइन्छ । तैपनि केन्द्रीय प्रतिभा अझैसम्म कोही पनि देखापरेका छैनन् । यस धारालाई निर्मानाधिन धारा पनि भन्न सकिन्छ । यस धारामा कलम चलाउने खण्डकाव्यकारहरू र खण्डकाव्यहरूमा मोदनाथ प्रसितको ‘बुद्ध चरित्र’ (२०५६), सूर्य ( २०५६) खण्डकाव्य हुन भने नारायणप्रसाद गौतमको लघु शोककाव्य (२०५४), माधववियोगीको विष्णुमाया (२०५८) यस धाराका मुख्य उपलब्धी हुन । साथै अन्य स्रष्टाका रूपमा वासुदेव त्रिपाठी, घटराज भट्टराई, कन्चन पुडासैनी, कुमारबहादुर जोशी जस्ता आदि सयौ व्यक्तिहरू देखा परेका छन ।

# kl/R5]b – tLg
# eb|l;+x a'9f du/ -eb| ef:j/_ sf] hLjgL / JolQmTjsf] cWoog

## ३.१ जीवनी

### ३.१.१ पारिवारिक पृष्ठभूमि

बिक्रम सम्बत् १९४० तिर शंकर बुढाको नाति, धर्मे बुढाको कान्छा छोरा रती बुढा हालको रोल्पा जिल्ला थरीबाङ्ग गा.बि.स. वडा नं. १ ओनाफे भन्ने स्थानमा बस्दै आएका तर बि.सं. १९६० तिर उक्त रोल्पा जिल्लाकै थुमरखोलाबाट जारीके श्रीमती लिएर भागी हालको रिम गा.बि.स. वडा नं. २ रिम सल्यानमा बसोवास गर्न आए । लामो समय सम्म छोरा नभए पछि रती बुढाले आफ्ना दाजु सिउदास बुढाका छोरा मैसर बुढालाई छोराको रूपमा आफूलाई हेरचाह गर्न र आफूले आर्जेको सम्पत्ति खाने गरी रिममा बि.सं. १९८१ तिर बोलाई ल्याएको तर बि.सं. १९८२ तिर रती बुढाको छोरा शशिराम बुढाको जन्म भएको हुँदा एउटा रू. ३५ को ऋण तिर्ने गरी जग्गा दिएर बसाएको पाइन्छ । मैसर बुढा बसेको घर नजिक कोइरालको रूख भएका कारण कोइरालबोटे भन्ने नामाकरण गरियो भने रती बुढाले कुरा गर्दा "केराबाकी लाइखाने" भन्ने थेगो प्रयोग गरेका कारण उनको परिवारलाई केराबाकी भनेर चिन्न थालियो । रती बुढा रिममा आएको समय बि.सं. १९६० देखि २०६७ सम्म १०७ बर्ष र मैसर बुढा आएको बि.सं. १९८१ भएको हुँदा २०६७ सम्म ८६ बर्ष भएको देखिन्छ । कोइरालबोटे भनेर चिनिने मैसर बुढाका छोराहरू जेठा हर्क बुढा, माहिला भागिन्ते बुढा, साहिला कमानसिंह बुढा र कान्छा पोक बहादुर बुढाको जन्म हुन्छ । जेठा हर्क बुढा र माहिला भागिन्ते बुढा कलिलो उमेरमै निधन भएको र कान्छा पोक बहादुर बुढा सानै उमेरमा भारत तिर लागेको र हालसम्म पनि मरे बाचेको कुनै जानकारी नभएको कुरा उनी बताउछन् । साइला कमानसिंह बुढाका जेठा छोरा तुलाराम बुढा, माहिला छोरा शेर बहादुर बुढा र कान्छा छोरा भद्रसिंह बुढा आमा भुमा देवी बुढाको कोखबाट जन्म भएको हो । जेठा दाजु तुलाराम बुढा भारततिर बस्ने र माहिला दाइ शेर बहादुर बुढाको रोल्पा जिल्लाको तालावाङ्ग गा.वि.स. भस्माखोरमा शिक्षक पेशामा काम गर्दा गर्दै २५ बर्षको उमेरमा २०४७ साल मंसिर १ गते असामयिक निधन भएकोले घरायसी जिम्मेवारी कान्छा छोरा भद्र भास्वरमा आएको देखिन्छ । अहिले तीनै भाइको परिवार अलग अलग भएका छन् । बुवा कमानसिंह बुढा मगरको बि.सं. २०६६ साल बैशाख २६ गते शनिवारको दिन ७६ बर्षको उमेरमा स्वर्गारोहण भयो । यिनीहरू रामजाली बुढा मगर हुन । गोत्र कौशिल्या र

कुलदेवता अकल देवता मान्दछन् ।

### ३.१.२ बाल्यकाल

मध्यपश्चिम क्षेत्र भित्र पर्ने राप्ती अञ्चलको सल्यान जिल्ला भित्र पर्ने रिम गा.बि.स. को वडा नं. २ रिम छापटोलामा २०२४ साल चैत्र १९ गते शनिवारको दिन कमानसिंह बुढा र भूमादेवी बुढाको दाम्पत्य जीवन कै सिलसिला क्रममा कान्छा छोराको रूपमा जन्म हुन्छ । जसबेला यिनी जन्मिएका थिए त्यतिखेर सल्यानी गाँउघरमा अहिले जस्तो यातायात सुबिधा र अर्थव्यवस्था तथा चेतनाको विकास पनि हुन सकेको थिएन । त्यतिखेर खैरा जाने अर्थात ( खैर काट्ने), कालापहाड जाने (भारत मजदुरी गर्न जाने) बनकस काट्ने यहाँका मानिसहरूको पेशा थियो, बजार खेल्न ३० दिन लगाएर नेपालगन्ज र कोइलावास आउनु जानु पर्थ्यो । ठूलाठूला रासन सहितका भारी बोक्नु, नुन ल्याउनु, टिम्बुर, सुठो बोक्नु र बिक्रि गर्नु जस्ता कार्यहरू गर्नु पर्दथ्यो । प्राकृतिक मनोरम दृश्यले भरिपूर्ण अवस्थाले सजिएको सल्यान धेरै बस्तु उत्पादन हुन सक्ने उर्वरभूमि भए तापनि चेतनाका अभाव यातायात र बजारको अभावले गर्दा धेरै जसो सल्यानी परिवार गरिबी, भोकमरी र अन्य अभावले बाँच्न विवश हुनु पर्दथ्यो । साहित्यकार भद्र भास्वरको पारिवारिक दिनचर्या पनि यसै परिवेशमा व्यतित भयो । बाजेहरूले सम्पत्ति केही नल्याएर रोल्पा धरिबाङ्ग गा.बि.स.को ओ नाफेबाट बसाइँ सरी सल्यान रिम आएको र बुवा आमाको अथक प्रयासले बालबच्चाको लालन पालन गर्नु पर्दा स्वभाविक रूपले आर्थिक समस्या र बिभिन्न कुराको अभाव भएको देखिन्छ । बुवा कमाउन बाहिर जानु पर्ने र आमाले घरको गाई भैसी तथा भेडा बाखालाई घाँस लिन टाढा टाढा जानु पर्ने भएका कारण बालककाल देखि नै पशुको हेरचाह गर्नु, ग्वाला जानु, दाउरा स्याउलाहरू बोक्नु, घर भित्रको कामहरू गर्नु, मल बोकेर गोठहरू सफा गर्नु आदि कार्य उनका दैनिक बालक पेशा भयो ।  माघी पर्वमा केटा केटीको नेतृत्व गरी घर हाल्दिने, ब्याउली पोल्ने र रमाइलो गर्ने, त्यस्तै तिहारमा केटाकेटीको नेतृत्व गरी भैली खेल्ने, गाँउ गाँउमा नृत्य गर्ने गीत गाउने, मादल बजाउने, कल्पना र भावनामा रमाउने, प्राकृतिक मनोरम दृश्यमा भुल्ने, अत्यन्त कडा मेहनती साथीहलाई मिलाउने र अन्याय भएको ठाँउमा बिद्रोह गर्ने स्वभाव र आई लाग्ने माथी जाई लाग्न पछि नपर्ने खालका वाल्य चरित्र उनीमा रहेको थियो । जस बेला यिनी बाल्यकाल व्यथित गरिरहेको थिए त्यतिखेर नेपालमा हरेक गाँउघरमा सामन्तकालीन सामाजिक संरचनाले केही न केही मात्रा हरेक क्षेत्रमा गाँज हालिसकेको थियो । उनको भोगाइ अनुसार गाँउका तालुकदारलाई गरीव, पछौटे बर्गहरू पढेलेखेका, परिश्रमी भई हुने खाने भएको, उनीहरूले गरेको गलत कार्यको

विरोध गरेको पटक्कै मन पर्दैनथ्यो । त्यतिमात्र होइन, वर्षभरी सबै मानिसहरूले तालुकदारको खेतीपाती गर्न घरघरबाट ४/५ दिन समय दिनु पर्दथ्यो । दशैमा निको मीठो र टीका लगेर तालुकी कहाँ पुग्नु पर्दथ्यो । यी सामाजिक हेपाहा सामाजिक अन्यायका कारण उनीमाथि बिद्रोही भाव आउनु स्वभाविक देखिन्छ । कक्षा ४ मा पढ्दा धेरै दुख र परिश्रम गर्नु परेका कारण होला उनी यस्तो लेख्न पुगेछन् ।

दुःख त हाम्रो जीवन साथी हो सुख त पाहुना हो ।

दुःख पऱ्यो भनी छाती पिटी रोएर हुन्छ के ?

त्यस्तै गरी उनको आमाको भनाई अनुसार उनी ३ बर्षको हुँदा भुटेका मकै, भटमास र गुर खाँदा उनले गाएको गीत यस्तो छ ।

मनको हेकु मनको गायो

खाजा र मही मुखले खायो

मनग्गे आफूलाई लागेको कुरा निर्भिकरूपमा जोसुकैलाई पनि राख्न सक्ने, साथीहरूको संरक्षण गर्ने, नेतृत्व गर्ने, मनोरञ्जनमा भुल्ने, श्रृजनशील स्वभाव, प्रतीकार मुखी बाल शैलीको रूपमा अत्यन्त कष्ट र दुःखलाई समेत शिरोधार्य गर्न सक्ने, परिश्रमी तथा सहयोगी भएको पाइन्छ । निरक्षर परिवारमा हुर्केर पनि जीवन अनेकौ बाधा र व्यवधान तथा हजारौ समस्यासँग संघर्ष गर्दै आफ्नो तीक्ष्ण क्षमताको प्रदर्शन बाल्यकाल देखि नै गरेको देखिन्छ ।

### ३.१.३ शिक्षादीक्षा

शिक्षादीक्षामा बञ्चित निरक्षर परिवारमा भद्र भास्वर जन्मिएका थिए । बुवा कमानसिंह बुढा मगर र आमा भूमादेवी बुढा मगरलाई भने आफू निरक्षर भए तापनि आफ्ना सन्तानहरूलाई पढाउन लेखाउन अत्यन्तै चासो र सौख थियो । आफूलाई जस्तोसुकै दुःख, कष्ट भएतापनि आफ्ना रक्तढिकाको जीवन उज्यालो होस् भन्ने उहाँहरूको चाहना थियो । उनका माहिला दाइ शेर बहादुर बुढा उनी भन्दा ३ बर्षले जेठा भएका र भाइ भद्र भास्वरलाई गाँउकै स्कुल तत्कालिन श्री व्याउली नि.मा.वि..मा ल्याउने, लग्ने कक्षाको सफल विद्यार्थी भएका कारण उनीमा माहिला दाइको प्रभाव पऱ्यो । त्यस्तै बुवा कमानसिंह बुढाले निरक्षर भए पनि लालहीराको कथा, तोता मैनाको कथा, गुलवकावलीको कथा, अनेकौं वीरबल र अकबरको कथा, लोक कथा, र रामायण, महाभारत, कृष्ण चरित्र, देवी भागवतका कथाहरू, अरूले पढ्दा सुनेको कथाहरू सधै घरमा बस्दा खेरी साँझको समयमा सुनाउने भएका कारणले पनि शिक्षा आर्जन गर्न उनलाई मद्दत मिल्यो ।

वि.सं. २०३० साल देखि गाँउकै विद्यालयमा कक्षा सात सम्म अध्ययन गर्ने अवसर मिल्यो । गाँउको विद्यालयमा अध्ययन गर्ने क्रममा बिभिन्न गीत, कविता लेख्ने गाउने, नाटकको अभिनय गर्ने कार्यमा उनी सरिक भएको पाइन्छ । त्यसपछि कक्षा आठको अध्ययन गर्न आफ्ना माहिला दाइ स्वर्गीय शेर बहादुर बुढासँगै तत्कालीन खाद्रे दाङ्गको विद्यालय श्री जनश्रम मा.वि.मा केही महिना अध्ययन गर्न पुगे । कुलोको पानी खाने, हावापानी नमिलेको र बारम्वार बिरामी परेको कारण कक्षा आठमै रोल्पाको श्री जनजागृती विद्यालयमा अध्ययन गर्न पुगे । २०४२ सालमा रोल्पा जिल्लामै एस.एस.सी. पास गर्ने सात जना मध्ये उनी पनि एउटा व्यक्ति बन्न पुगे । त्यसपछि उनको अध्ययन क्षेत्र केही लामो वर्षलाई रोकियो । घरायसी समस्या अनेकौ बाधा अड्चन र आर्थिक अभावका कारण उनी नियमित रूपमा आफ्नो अध्ययनलाई अगाडि बढाउन सकेनन् । पछि उनले प्राइभेट रूपमा २०५३ सालमा आई.ए. को परीक्षा, २०६२ सालमा बी.ए. र हाल २०६७ साल सम्म आउदा एम.ए.(समाज शास्त्र) म.ब. क्याम्पस नेपालगन्जमा दोश्रो बर्षको परीक्षा दिएका र थेसिस लेख्न पूरा गरी मौखिक परीक्षा गर्न बाँकी भएका बिद्यार्थी हुन् ।

उनी कक्षा ६ पढ्ढाखेरीदेखि प्यूठानका जे.टि.ए. हरिहर घिमिरे आफ्ना माहिला दाइ शेर बहादुर बुढा, शिक्षक शम्भु गौतम, नेत्रलाल अभागी, विद्यार्थी मित्रलाल घर्तीबाट मार्क्सवादी दर्शन र बिचारबाट प्रभावित हुन्छन । उनीले कक्षा १० मा पढ्ढा 'कन्दराको कथा' भन्ने खण्ड काव्य तयार गर्दछन् जो त्यतिखेर शोषण, अन्याय, अत्याचारको विरूद्ध संघर्ष र सामाजिक व्यभिचारीको पर्दाफास गर्ने कार्य भएको छ । विद्यालयमा प्रथम, द्बितीय आउने, गाउन, बजाउन, नृत्य गर्न, कविता वाचन गर्न, गीत लेख्न, उद्घोषण गर्न र आफ्नो भावनालाई जस्ताको तस्तै मन्तव्य द्वारा व्यक्त गर्न उनी सिपालु भएका कारण पढ्ने क्रममै हाईस्कुलमा शिक्षकहरूको प्रशंसा र माया पाउने गरेको, गरिव, जेहेन्दार विद्यार्थीको रूपमा कक्षा १० मा मासिक शुल्क मिनाहा गरिएको थियो । घरको आर्थिक अवस्था जरजर भएको र त्यसबेला कक्षा १० लाई रू २० मासिक शुल्क तिर्न पनि कठिन थियो । सो मासिक शुल्क मिनाहा भएकोले उनको कापी, कलम र मसी किन्नलाई सहज हुने भयो ।

उनले औपचारिक उच्च शिक्षा जीवनको पछिल्लो समयमा हासिल गर्दै गरेको भए तापनि अनौपचारिक शिक्षा पौराणिक ग्रन्थ, दर्शन, इतिहास, राजनीति विश्वका प्रसिद्ध व्यक्तिहरूको जीवनीको अध्ययन भने उनीले व्यापक रूपमा गर्ने गरेको पाइन्छ । अत्यन्तै प्रतीकुल र कष्ठपूर्ण आर्थिक समस्याका बाबजुद पनि उनीले दिउँसोको समयलाई उत्पादनमा र रातको समयलाई अध्ययनमा प्रयोग गरी आफ्नो शिक्षालाई अगाडि बढाएको पाइन्छ ।

### ३.१.४ विवाह र दाम्पत्य जीवन

आफ्ना माहिला दाइ शेर बहादुर बुढाको प्रस्तावमा रोल्पा जिल्ला जुँगार गा.बि.स वडा नं. ३ जरिवाङ्ग निवासी स्वर्गिय दलवीर घर्ती र आमा हरिकला घर्तीकी छोरी अमृता घर्तीसँग बि.सं. २०४२ साल मंसिर महिनामा १८ बर्ष लागेकै उमेरमा भद्र भास्वरको बिवाह हुन्छ । छोरा नवराज बुढा (नवीन), छोरी जानकी बुढा र रामकी बुढाको जन्म पश्चात श्रीमती अमृता बुढालाई रोन्याटिक बाथका कारण नेपालगन्ज ६ महिना र काठमाण्डौं डेढ महिना राखेर उपचार गर्दा पनि सन्चो नभएपछि बि.सं. २०५३ साल श्रावण महिनाको १२ गते श्रीमतीको मृत्यू हुन्छ । औषधी उपचार गरेर कँगाल भएका र आफू परिवार नियोजन ( भ्यासेक्टोमी) गरेका भद्र भास्वर २८ बर्षको युवा अवस्थामै बिधुर बन्न पुग्दछन् । यही पीडामा आँशुको भावना तीन घण्टामा लेखेर शोक लघुकाव्य तयार गर्दछन् । बिवाह नगर्ने मनसायले बिधुर अवस्थामा बसेका यिनलाई संगी साथी र आफन्तजनबाट आग्रह अनुरोध गरेपछि रिम गा.बि.स. वडा नं. १ निवासी श्री टीकाराम खड्का र देवीका खड्काकी जेठी छोरी तीला खड्कासँग बि.स.२०५६ साल माघ १२ गते प्रेम बिवाह गर्न पुग्छन । अहिले टीकाराम खड्काहरू बाँकेको महादेवपुरी गा.बि.स.ढकेरीमा बस्नुहुन्छ । बन्ध्याकरणलाई पुनराबृती गरी अहिले तीला बुढाबाट भद्रभास्वरको कान्छो छोरा गोलोकराज बुढाको बि.सं. २०६४ भाद्र १२ गते जन्म भएको हो । बिगतमा अभाव र पीडा जुन भोगे पनि अहिले उनको दाम्पत्य जीवन सन्तोष र सवल रहेको छ ।

### ३.१.५ पारिवारिक अवस्था

जेठो छोरा नवराज बुढा (नवीन), जेठी छोरी जानकी बुढा, कान्छी छोरी रामकी बुढा र कान्छो छोरा गोलोकराज बुढा (गोपीन) श्रीमती र आफू गरी ६ जनाको परिवारसँगै बस्ने गर्दछन् । आमा भुमादेवी माहिला छोराको परिवारसँग बस्ने गर्नु हुन्छ । आमा र आफ्ना परिवारलाई हेरफेर गर्ने मात्र भएको र आफ्नो शिक्षण पेशा र श्रीमती तीला बुढाले किराना व्यापार गर्ने भएका कारण हाल आएर पहिलेको जस्तो ज्यादै आर्थिक संकट भोग्नु पर्ने बाध्यता अव रहेको देखिदैन । नवीनले बी.एड. तेस्रो बर्ष, जानकी कक्षा १२, रामकी कक्षा १० र गोपीन नर्सरीमा अध्ययनरत छन् । पढाई खर्च अहिले उनको बढेको देखिन्छ ।

### ३.१.६ आर्थिक अवस्था

उनको आमा र बुवाको अथक प्रयत्नबाट रिममै ७० रोपनी जग्गा खरिद गर्न सफल भएका  र उनको नाममा रिमको जग्गा झण्डै १७ रोपनी रहेको छ । रिमको सितल

बजारमा एउटा घर र व्यापार छ । उक्त ब्यापारलाई श्रीमती तीला बुढाले कुशल पूर्वक सञ्चालन गरेकी छिन् । गाँउको घरमा बस्ने गर्दछन । उनी चाँहि बिहान १०+२ र दिउसो स्कुल पढाउछन । अहिले उनको दाङ्ग र कोहलपुरमा केही घडेरी खरिद गरी राखेका छन् । अहिले रिममा बाहेक अन्यत्र घर बनाएका छैनन् । सामान्य खर्चपर्च टार्न सक्ने र दुईचार पैसा गाँउघरले संकटको बेलामा पत्याउने अवस्थामा रहेका छन् । अहिले उनीलाई केटाकेटी पढाउने खर्च टार्न मै तल्लिन रहेका छन् ।

### ३.१.७ संस्थागत संलग्नता

भद्र भास्वरले वि.सं. २०४४ साल देखि वि.सं. २०६३ साल माघसम्म भवानी नि.मा.वि. छायानाथमा शिक्षक पदमा कार्यरत भए । त्यस्तै गरी वि.सं.२०६३ देखि जीवन ज्योति उच्च माध्यमिक विद्यालय रिममा अध्यापन गराइरहेका छन् । वि.सं.२०४४ सालमा अनेरास्वबियू प्रा.क.को मा.वि. जुगारको अध्यक्ष, २०४७ सालमा शिक्षक संगठनको केन्द्रीय प्रतिनीधी, २०४७ सालमा राष्ट्रिय जन साँस्कृतिक मञ्च सल्यान जिल्लाको संस्थापक अध्यक्ष, तत्कालीन ने.क.पा. मालेको सल्यान जिल्लाको संस्थापक जिल्ला कमिटी सदस्य, २०४८ मा जिल्ला मगर संघको जिल्ला सल्लाहाकार सदस्य, सामुदायिक वन उपभोक्ता समिति रिमको सल्लाहकार अध्यक्ष, २०५८ देखि नेपाल रेडक्रस रिम सिवाङ्ग उपशाखाको सभापति र जिल्ला शाखाको सदस्य । हाल ने.क.पा. एमाले राप्ती अञ्चल कमिटीको सदस्य र सल्यान जिल्ला सल्लाहकारको अध्यक्ष । एकीकृत जनजागृती युवा क्लवको सल्लाहकार अध्यक्ष, सुन्दर नेपाल गैर सरकारी संस्थाको अध्यक्ष रहेका छन् । त्यस्तै मिर्मिरे भित्ते पत्रिकाको सल्लाहकार सदस्य २०६५, नेपाल म्युजिक सेन्टर को अर्धबार्षिक सांस्कृतिक प्रकाशनको लोक संस्कृतिको सदस्य, दाङ्गबाट निस्कने पत्रिका सब्यसाची पत्रिकाको २०५३ मा सम्बाददाता भई काम गरेको देखिन्छ । उनी हाल श्री जीवन ज्योति उच्च माध्यमिक विद्यालयको बि.व्य.स.को सल्लाहकार सदस्य रहेका छन् । २०६४ देखि उनी लोकतान्त्रिक मगर संघ सल्यानको जिल्ला अध्यक्ष भएका छन् ।

### ३.१.८. बसाइँ सराई

भद्रभास्वरका बाजे मैसर बुढा रोल्पा जिल्लाको थरिवाङ्ग गा.बि.स. को वडा नं. १ ओनाफे भन्ने स्थानबाट बि.सं. १९८१ मा सल्यान जिल्लाको रिममा आएको र हाल उक्त स्थानबाट स्थायी बसोबासको लागि कतै अन्यत्र बसाइँ सराई गर्ने अवस्था हालसम्म भएको देखिदैन ।

### ३.१.९ सम्मान र पुरस्कार

भद्रभास्वरको पारिवारिक समस्याका कारण घरबाट बाहिर जाने र नियमित रूपमा विद्यार्थी भई उच्च शिक्षा हासिल गर्न नसकेका कारण उनीले बिभिन्न गोष्ठी, प्रतियोगीतामा भाग लिन नपाएको देखिन्छ । तर पनि उनीले गाँउघरमै बसेर पनि केही प्रतियोगीतामा भाग लिएर सहभागी भई प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । हाईस्कुल जनजागृती रोल्पामै पढ्दा स्कुल स्तरीय कार्यक्रममा २०४० सालमा लोकगीत प्रथम, कविता र वक्तृत्वकलामा प्रथम भएको पाइन्छ । २०४८ सालमा सल्यान शिक्षा शाखाको आयोजनामा विभिन्न विद्यालयको प्रतिष्पर्धामा ईलाका प्रथम हुदै जिल्ला स्तरीय प्रथम बनाउनमा श्री भवानी नि.मा.वि.का तर्फबाट उनी सफल रहे र २०५८ सालको विश्व वातावरण दिवशको उपलक्ष्यमा सामुदायिक वन महासंघले बनाएको वातावरणको संरक्षण नेपालको जडिबुटी भन्ने शीर्षकको जिल्ला स्तरीय निवन्ध प्रतियोगितामा खजुरे सामुदायिक उपभोक्ता समूहको तर्फबाट उनले लेखेको निवन्धलाई द्वितीय पुरस्कार प्राप्त, २०६३ मा श्री जीवन ज्योति उ.मा.वि.को तर्फबाट जिल्ला स्तरीय लोकगीत र नृत्यमा उनीले लेखेको गीत प्रथम र नृत्य तृतीय भई विद्यालयको गरीमा बढाउने गरेको । २०५५ सालको राप्तीको तर्फबाट राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा प्रर्दशन गरेको सोरठी नृत्य, राप्तीको लोकगीत प्रस्तुत गरे वापत राष्ट्रिय प्रशंसा पत्र प्राप्त भएको । २०६४ सालमा शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा क्षेत्रमा प्रशंसनीय कार्य गरेकोले शिक्षा दिवसको उपलक्ष्यमा शिक्षा पदकद्वारा उनीलाई सम्मान गरेको देखिन्छ । त्यस्तैगरी श्री जीवन ज्योति उ.मा.वि. रिमले असल शिक्षकको रूपमा उनीको क्रियाशिलता भएको देखेर उनीलाई दोसल्ला ओढाएर बि.सं. २०६७ मा प्रमाणपत्र सहित १०+२ उद्घाटन समारोहमा सम्मान गरेको देखिन्छ । त्यस्तै उनले लेखेको गीत खड्ग बुढा र लिलावती बुढाले गाएको “ए तोला आजैको बेला” पनि जनप्रशंसा पाएको देखिन्छ ।

### ३.१.१०. प्रेरणा र प्रभाव

निरक्षर परिवारमा जन्मिएर पनि शिक्षा आर्जन गर्ने मात्र होईन, जीवन जगतको यथार्थ चित्रण गर्न सक्ने कलाको विकास भएका भद्रभास्वरको प्रथम प्रेरणा उनीका पिता कमानसिंह बुढाबाट पाएका थिए । उनी कमाई गर्न प्राय बाहिर जाने गर्थे र घरमा बस्दा आफ्ना छोराछोरीहरूलाई लोककथा, गाँउखाने कथा, रामायण, महाभारत, कृष्ण चरित्र, देवी भागवत, स्वस्थानीका कथाहरू, अरूले पढ्दा सुनेको भरमा नबिराएर छोराहरूलाई सुनाइदिन्थे र छोराहरूलाई ती कितावहरू भारतबाट किनेर ल्याई पढन लगाउथे र आफू

पनि सुन्थे । भद्र भास्वर ग्रन्थहरू सुरिलो भाषा हालेर कक्षा २ मा पढ्दा पनि पढ्ने गर्दथे । कक्षा आठमा दाङ्गको मा.बि. खाद्रेमा पढ्दा यज्ञमूर्ति सरका कविता वाचनको सुरीलो स्वर र शैली देखि उनी प्रभावित हुन्छन् । रोल्पा जिल्लाको मा.बि. जुगाँरमा पढ्दा त्यहाँ शिक्षक कुलानन्द गिरीबाट गीत लेखनमा प्रभावित हुन्छन् । गरिवी, पछौटे, अन्याय, अत्याचार, शोषण, दमनको बिरूद्धमा मार्क्सवादी दर्शन र दृष्टिकोणको प्रभाव पार्ने र सो अनुसारको साहित्य श्रृजना गर्ने सल्लाह दिनेमा हरिहर घिमिरे, विद्यार्थी नेता मित्रलाल घर्ती, शिक्षक शम्भु गौतम र नेत्रलाल अभागी हरू थिए । त्यसैले उनी हाइस्कुल पढ्ने क्रममा बिभिन्न परिवर्तनकारी मुक्तिकारी गीत, कविताको श्रृजना पनि गर्न लागे । प्राकृतिक पहाडी दृश्य, समाजको त्यतिखेरको उत्पीडन, आफ्नो आर्थिक अभाव, सामन्तकालीन, तालुकदारी प्रथा, उनीले देखेका भोगेका बिबिध कुराहरू नै उनका प्रेरणाका श्रोतहरू बनेको पाइन्छ ।

## ३.२. व्यक्तित्व

### ३.२.१. शारीरिक व्यक्तित्व

छोटो कपाल काटेर मिलाउने, न धेरै मोटो, न धेरै दुब्लो, मंगोलियन कद भएका, गहुँ गोरा भन्दा अली काला देखिने, उचाँई ५ फिट ५ ईन्च रहेको छ । मीठो बोली बोल्ने, सबैलाई अभिवादन गर्ने, ठूलालाई ढोगभेट गर्ने, सानालाई माया गर्ने, कसैले गरेको अन्यायलाई नसहने र प्रतीकार गर्ने, मुस्कुराएर बोल्ने, दारी नराख्ने, छोटा जुंगा पाल्न मन पराउने, सादा पोशाकमा बस्ने, तडक भडक मन नपराउने, साँझ र बिहानमा केही न केही अध्ययन गर्ने, बिहान उठी मन तातो पानी खाने उनको बानी रहेको, सकेसम्म सुत्ने बेलामा मनतातो दुध खाने, बिहान उठ्ने बेलाको सफा मन तातो पानी खाने गरेमा शरीर राम्रो हुन्छ भन्ने उनको भनाइ छ । गाँउघर देखि टाढा जाँदा झोलामा प्राय : आवश्यक सामग्री बोकेर जाने बानी छ । सादा जीवन उच्च विचारलाई उनीले पछ्याएको पाइन्छ ।

### ३.२.२_ सामाजिक व्यक्तित्व

मानिसको पहिचान दिने र मानिसलाई अगाडि पुऱ्याउने वा पछि राख्ने उसको स्वभाव हो । हरेक व्यक्तिका आ-आफ्नै स्वभाव हुन्छन । भद्र भास्वरको स्वभाव बाल्यकाल देखि नै सृजनसील र केही न  केही गरी राख्ने, जुनसुकै काम गर्न पनि अल्छी नमान्ने, सादा पोशाकमा हिड्न सक्ने, धेरै परिश्रम  गर्ने, साथी भाइको दुख र समस्यालाई बुझ्ने र सहयोग गर्ने, कसैले अन्याय गरेको ठाँउमा ज्यान दिएर त्यसको विरोध तथा परि आएमा त्यसको प्रतिरोध गर्ने, मीठो र खरो स्वभाव, जस्तालाई तस्तै ढिडालाई निस्तै भन्ने खालका

देखिन्छन् । उनीसँग तत्काल आईपर्ने समस्याको समाधान गर्न, त्यसको विश्लेषण गर्न निर्णय गर्न सक्ने, साथीहरूको नेतृत्व गर्ने, अरूलाई नजिस्काउने, झूठो बोलेको र धोका दिएको मन नपराउने, सरल स्वभाव र तडकभडक मन नपराउने गर्दछन् ।

स्वाभिमानी र स्वावलम्बी दुवै शब्दका  भरपूर्ण छन् । प्रत्येक काम आफ्नो आफै गर्ने, कसैले होच्याएको मन नपराउने, कुलतमा लागेकाहरूलाई सुलतमा ल्याउने अनेक प्रयत्न गर्दछन । देश समाज र सिंगो मानव क्षेत्रमा समता र बिकास तथा परिवर्तन प्रतीको चाहनामा उनको बिश्वास छ । हरेक साँस्कृतिक क्षेत्रमा रमाईलो गर्ने मानिसका रूपमा उनी रहेका छन् । दुःख परेका बेला संगितमा भुलेर आनन्द लिने उनीले गर्दछन । सत्य र न्यायको पक्षमा उभिनु, धेरै साथी बनाउनु, निर्भिक रूपमा बोल्नु, ठूलालाई आदर सानालाई माया गर्नु, जनमुखी बन्नु उनका स्वभाव बिशेषताहरू हुन । ढिडो र सिस्नो, साग, दही र ढिडो उनले सबैभन्दा मीठो मान्ने परिकार हो । गहना र महङ्गा कपडा लगाउन उनीलाई मन पर्दैन । मेहनती, परिश्रमी सादा जीवनमा बस्ने सत्यनिष्ठ, जालझेल नगर्ने खालका व्यक्तिलाई उनी बढी मन पराउँदछन । मगर जाती भए तापनि उनको जाती अनुसार मर्दा र पर्दा मादक पदार्थ चढाउनलाई चाहिने गर्दछ । तर उनी यसलाई सेवन गर्दैनन् । बरू आफ्ना मान्यजन आएमा किनेर स्वागत गर्दछन् । केटाकेटीहरूसँग खेल्नु, कथा हालिदिनु, बालबालिकामा स्नेह देखाउने गर्दछन ।

### ३.२.३ शैक्षिक व्यक्तित्व

मानिसका चौतर्फी विकासको लागि शिक्षा अचुक अस्त्र सम्झने र शिक्षाबाट नै मानिसका अनेक चेतनाका सागर भित्र डुबी नयाँ प्रविधिको आविस्कार गर्ने कुरामा उनी बिश्वस्त छन् । शिक्षण पेशा आफ्नो सामान्य पेट पाल्ने पेशा भए तापनि हजारौ बालबालिकामा आफ्ना ज्ञानको प्रक्षेपण गर्ने र नयाँ-नयाँ विषय वस्तुको अध्ययन गर्ने एक पवित्र मर्यादित पेशा हो भन्दछन । उनी २०४४ जेठ १८ गते श्री भवानी नि.मा.वि. मा नियुक्ति भई अनवरत रूपमा उक्त पेशालाई निरन्तरता दिदै हाल श्री जीवन ज्योति उ.मा.वि. मा पढाउने गर्दछन् । शिक्षक भनेर पैसा हुदैन भन्ने व्यक्तिलाई उनी कठोर जवाफ दिन्छन । ग्रामीण स्थान र दुर्गम क्षेत्रमा बस्दा सीप क्षमता भए तापनि विभिन्न शैक्षिक अवसर गुम्ने भएकोमा उनीलाई दुःख लाग्ने गर्दछ ।  उनी आफ्ना हरेक अभावका कारण धेरै ढिलो मास्टर डिग्री पढ्ने गरेकोमा पश्चाताप गर्दै अरूलाई समयमै पढने सल्लाह दिन्छन । शिक्षा वैज्ञानिक सीपमुलक र वर्तमान मानव संयमता अनुसारको बेरोजगार हटाउने खालको हुनुपर्नेमा जोड दिन्छन । सकभर शिक्षाले व्यावसायिकतामा जोड दियोस् भन्ने उनको

चाहना देखिन्छ ।

### ३.२.४ साहित्यिक व्यक्तित्व

भद्र भास्वर उनका बिभिन्न समस्याका कारण उनी घर ग्रामीण क्षेत्रमा बस्नु पर्ने भएका कारण उनीले राष्ट्रिय स्तरको प्रतिस्पर्धा साहित्यिक अवसरमा सहभागी हुन पाएनन् । तर उनी नाम र दाम कमाउनु भन्दा मनमा उठ्ने भावना र दृष्टिकोणलाई आफ्नै घर र कोठा बसी संसार चियाउने काम गरिरहे । उनी बाल्यकालदेखि कविता लेखनबाट शुरू गरी कक्षा १० मा पढ्दा नै खण्डकाव्य तयार गरे । उनी कविता, गीत, गजल, आधुनिक गीत, राष्ट्रिय गीत, क्रान्तिकारी गीत, लोक गीत, बालगीत, कथा, निबन्ध लेख्ने गर्दछन । त्यसैले यिनी जहाँ प्रतिस्पर्धा गरे त्यहाँ पुरस्कार प्राप्त गरेका छन् । यिनी गीतकार, कवि, कथाकार र निवन्धकार हुन ।

#### ३.२.४.१ कवि भद्र भास्वर

बाल्यकाल देखि नै विभिन्न विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा कविता लेखी कविता वाचन गर्ने, पुरस्कार प्राप्त गर्नुका अतिरिक्त साँझ बिहानकाम सकेर बस्दा पनि उनी कविता लेख्न शुरू गर्न थाले । विभिन्न बिषय बस्तुमा कविता लेख्ने र गद्यमा कलम चलाएको पाइन्छ । ‘नेपाल आमा’ भन्ने कविता प्रकाशनमा आएको पहिलो कविता हो । कन्दराको कथा, आँशुको भावना र भावनाको संगम यी प्रकाशित पुस्तकहरू हुन ।

#### ३.२.४.२ गीतकार भद्र भास्वर

कविता लेखनमा मात्र नलागि उनीले पछिल्लो चरणमा गीत लेखनमा आकर्षण बढेको पाइन्छ । उनीले प्यासिएका नेपालीलाई हिमालको पानी पिलाउला, वि.सं. २०४८ मा सल्यान जिल्ला प्रथम, त्यस्तै “सल्यानको श्रीनगर है जम्काभेट भयो नि आज हजुर” भन्ने गीत वि.सं. २०६३ मा सल्यान जिल्लाको लोकगीत प्रतिस्पर्धामा प्रथम आएका गीत हुन भने “रोल्पा रूकुम दाङ्ग सल्यान प्यूठान, जाँउ हिड राप्तीमा जान्न नभन ” राप्ती अञ्चल सल्यान हो घर हो घर, रमाउछौ हामी सल्यानमा बसेर” भन्ने यी दुवै गीत वि.सं. २०५५ मा काठमाडौंको राष्ट्रिय नाँच घर बनेपा र पाटनमा गाँउदा जनप्रीय गीतका रूपमा प्रस्तुत भए । उनको प्रथम रेकर्ड गीत “ए तोला आजैको बेला फेरि भेटु होला कि नहोला” भन्ने हो उनका गीत खड्ग बहादुर बुढा, लिलावती बुढा, पबित्रा घर्ती, लक्ष्मी पुन, धनसिंह घर्तीले गाएका छन् । अप्रकाशित गीत थुप्रै भए तापनि प्रकाशित गीत भावनाको संगम नै

प्रथम हो । उनी एउटा गीतकार पनि हुन भनेर चिन्न सकिन्छ ।

### ३.२.४.३ कथाकार भद्र भास्वर

कथा लेखनमा कुनै कार्यक्रममा प्रतिस्पर्धी नभए पनि उनीले लेखेको कथा सङ्ग्रह "अन्तिम रात" लाई आधा जति कम्प्युटर गरीसकेको छ । आर्थिक अभावका कारण ढिलो भएको उक्त कथा संग्रह केही समय पछि पाठक वर्ग समक्ष आउने कुरामा विश्वास गरिएको छ । त्यसैले उनी गीतकार र कवि मात्र नभई कथाकार पनि हुन ।

### ३.२.४.४ निबन्धकार भद्र भास्वर

विश्व वातावरण दिवसको उपलक्ष्यमा वि.सं. २०५८ सालमा उनले लेखेको निबन्ध सल्यानमा द्वितीय आएको र "नियाल्दै जादा" भन्ने निबन्ध स्रंगहमा उनको सयौं निबन्धहरू संकलित छन् । उक्त निबन्ध पनि आर्थिक अभावका कारण पाठकबर्ग समक्ष बाहिर आउन सकेका छैनन् । अतः उनी निबन्धकार हुन् ।

### ३.२.५ जीवन र दर्शन


जीवन प्रकृतिको संघर्षशील प्रतिद्वन्दीको रूपमा खडा भएको हुन्छ । हरेक क्षण हरेक समय उसको संघर्षता सफलता जीवनमा हुन्छ । जव जीवनले कुशल संघर्ष गर्न छोड्छ त्यस पछि शून्यता अर्थात मृत्यु तिर धकेलिन्छ । जस्तै मानौ शरीरको अङ्ग फोक्सोले जव अक्सिजन लिनका लागि तत्परता देखिदैन वा संघर्ष गर्न सक्दैन तव जीवनको क्षण पनि रहदैन । जीवनलाई जसले जसरी बुझ्छ वा जस्तो किसिम उसको परिवेशमा हुर्कन्छ र गतिशील हुन्छ उसको चेतना र चिन्तन पनि त्यहि प्रकृतिको हुन्छ । एउटा खान नपाउने भोको मानिसको जीवन र खानाका लागि संघर्ष वा त्यसैमा भौतारिएको हुन्छ भने संभ्रान्तबर्गको लागि जीवन मोजमस्ती रिल्याक्स भन्ने बुझ्दछ । एउटा परेका वा पढेको मानिसले समाजमा केही गर्नु पर्दछ भन्ने विचार समाजको हुन्छ । जीवन सत्यवादी, न्यायधीश समयको छालसँग बग्ने एक प्रकारको डुङ्गा हो । यो जन्मेदेखि अन्तसम्म यसको गन्तव्य यहाँ छ भन्न सकिदैन ।


संसारको व्याख्या गर्ने, संसारलाई चियाउने मात्र होइन, मानिसले संसारका सामाजिक संरचना जुन पछौटे छन्, त्यसलाई आम परिवर्तन गर्नु उसको दायित्व हो । संसारमा कुनै बस्तु पनि वा विचार स्थिर भएमा त्यसको भविष्य त्यति लामो हुदैन । त्यसैले मानिस माथि मानिसको अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडनको क्रमिकतालाई भङ्ग

गरी यहि मानिसले अन्त्य गर्न सक्छ । तर त्यो सिङ्गो मानवीय भाइचाराको सम्बन्धसँग गासिन पर्दछ । साहित्य मनोरञ्जनमा भुल्ने मिठास मात्र हुनु हुदैन । साहित्यले जीवनको खाका वा समाजको उचित गतिलाई निर्दिष्ट गरेको र परिवर्तन खालको हुनु पर्दछ। साहित्य कसैको जी हजुर गरेर भजन गाउनु भन्दा ठोस क्रियाकलापको चित्रण गर्न सक्नु पर्दछ।

साहित्य भीर र छाङ्गाको जस्तो बिना निकासको बाटो जस्तो हुनु हुदैन । यसलाई कहाँ, कसरी, किन, कस्तो, कति, दर्शाउन र प्रस्तुत गर्न खनिएको हो सो कुराको प्रस्तुति जरूरी छ । मानिसलाई समता, समानता, संघर्षशील, परिवर्तनशील, निर्भिक, कडा परिश्रमी र सामाजिक भूमिका खेली उसले सिंगो मानव दायित्व पुरा गराउने खालको ज्ञान दिने हुनुपर्दछ। जीवन र दर्शनको वीच उनको यस्तो धारणा रहेको छ।

## साहित्यकार भद्रसिंह बुढा (भद्र भास्वर) को बंशावली तालिका



# चौथो परिच्छेद
# साहित्यकार भद्र भास्वरका कविताहरूको वर्गीकरण र विश्लेषण

## ४.१ साहित्यकार भद्र भास्वरका कविताहरूको वर्गीकरण

साहित्यकार भद्रसिंह बुढा (भद्र भास्वर) का तीनवटा कृतिहरू प्रकाशित भइसकेका छन भने केही कृति प्रकाशित हुन अझैं बाँकी देखिन्छन् । उनका प्रकाशित भइसकेका कृतिहरूलाई नियाल्दा विषयबस्तु, शैली र लयका आधारमा निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

### ४.१.१ विषयवस्तुका आधारमा

विषयबस्तु कविताको महत्वपूर्ण पक्ष हो । विषयवस्तु मुल स्थूल पक्ष हो भने त्यसमा रगंरोगन लगाई विभिन्न ढाँचामा सौन्दर्यमूलक एंव कलात्मक तरिकाले प्रस्तुत गर्नु कवि कौशल हो । कवि भद्र भास्वरका कवितामा पनि बिभिन्न किसिमका विषयबस्तुहरू समाविष्ट भएका पाइन्छन । ती बिषय बस्तुमा खण्डकाव्य, लघुकाव्य, गीत, गजल र कविताका बिभिन्न आकृति, रूप र जलपद्वारा सिगार्ने काम भद्र भास्वरले गरेका छन । उनका सिर्जनालाई विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

#### ४.१.१.१ सामाजिक कविता

समाज साहित्यकारको सिर्जनाको आधार भूमि हो । समाजमा टेकेर नै साहित्यकार विभिन्न किसिमका सिर्जना गर्ने गर्दछन । समाजका विविध पक्ष लवाइखवाइ, कृर्षि, व्यापार, मनोरञ्जन, मेलापर्व, गाँउसहर आदी पक्षलाई मूल बिषय बनाई सिर्जना गरिएका कविता सामाजिक कविता हुन् । साहित्यकार भद्र भास्वरका सामाजिक बिषयबस्तुमा आधारीत कविताहरू निम्नानुसार पर्दछन । जस्तै :- कौडागीत, बालगीत, बालकको अधिकार राख्नु सरोकार, गजल (१ देखि १५ सम्म), आजभोलि, नेपालीपन मेरो शब्द, याद, समय, तोतेबोलीबाट, दुःखी जीवन, झर्‍यो फूल लगाको शिरको, ए परदेशी, मनको पिर यस्तै हो, आँखिचालैमा, फोटो हेर्नु दलानको, पीर परेनी नरोऊ दाइ धरर, ढल्कीसक्यो जोवन, साइलोजी, झुमरागीत, हाँसीमाया लाईदेऊ, कैचीछुराले, बरपिपलको छाँया, कति रून्छ मन, मोहनी लायौकी या त माया गहिरो भो, म भने एक सुरमा, नेपाली हो, दिलको सिहाँसनमा, एउटै गात हुन्छ, किन किन आज भोली मान्छेको मन मिलेको, नउल्झाऊ घाउ, मुटुको

घाउ निको भएन, खुसी के हो ?, बालककालको कुरा, कल्ले देख्छ दिल जलेको, आफ्नो बिरानो, रहर पनि जहर हुन्छ, दुर्दसाको रेल, मिलन बिछोड, अब मैले रून छाड्या छु, सपनीले रूवाउँदो रैछ जस्ता कविताहरू सामाजिक कविता अन्तर्गत वर्गीकरण गर्न सकिन्छ ।

### ४.१.१.२ नारीवादी कविता

नारीलाई आधा आकाश तथा धर्ती ढाक्ने सिङ्गो मानव जीवनको आधा जिम्मेवारी बहन गर्ने व्यत्तिको रूपमा हेर्ने तथा चर्चा गर्ने गरिन्छ । वास्तवमा नारी जीवनको महत्वपूर्ण पक्ष हो तथापी नारीलाई हालसम्म पनि दासत्वको रूपमा हेर्ने प्रचलन छ । पुरूष तथा परिवारबाट उसलाई अपहेलित गर्ने प्रचलन यद्यपी हालसम्म पनि विद्यमान छ । भद्र भास्वरका सिर्जनामा यिनै नारीबेदना, पीडा, अन्याय, अत्याभारहरू प्रशस्त मात्रामा भएको पाइन्छ । नारीका विषयमा नारीको पक्षमा र नारीलाई केन्द्रबनाई सिर्जना गरिएका भद्र भास्वरका कविताहरू निम्नानुसारका छन । जस्तै - हाँस जीवन सँगेनी, चेलीको बेदना, सिन्दुर झऱ्यो निधारै भरीको शीर्षकका कविता र आँसुको भावना शोकलघु काव्य नारी प्रदान कविता अन्तर्गत पर्दछन ।

### ४.१.१.३ मानवतावादी कविता

मानवतावाद भनेको मानवीय आचरण, व्यवहार, सोच र चिन्तन हो । मानवले मानवमाथी गर्ने व्यवहार, साथित्व, बन्धुत्व, मातृत्व, भातृत्व र बातसल्य आदि मानवतावादका महत्वपुर्ण पक्ष हुन । मानव हाल आएर आफ्नो अस्तित्व, महत्व जस्ता मानविय व्यवहार छाडेर पशुवत तथा क्रुर अपराधिक व्यवहार गर्न क्रियाशील देखिन्छ । यसका लागि मानवमा नयाँ ज्ञानको पूर्णजागरण गर्न नितान्त आवश्यक छ भन्ने मान्यता भद्र भास्वरका कवितामा  पाइन्छन् । मानवताका पक्षमा सिर्जना गरिएका भद्र भास्वरका श्रृजनाहरू यस प्रकारका छन् । भावनाका सङ्गमका केही गजलहरू, शिक्षक हौ, तोतेबोलीबाट, टुहुरो जीन्दगी यी कविताका शीर्षकहरूमा मानवताबादी दृष्टिकोण पाउन सकिन्छ ।

### ४.१.१.४ राष्ट्रवादी कविता

आफू जन्मेको भूमि वा राष्ट्र र समाजप्रति पूर्ण बफादारी रही राष्ट्रकै पक्षमा वकालत गर्नु राष्ट्रवादी भावना हो । कवि भद्र भास्वरले आफू र आफू बसेको समाज तथा

आफ्नो राष्ट्रप्रति अघात माया पोखेर लेखिएका कविताहरू प्रशस्त छन । आजका यूवा समाज र देशप्रति चिन्ता गर्नु भन्दा विदेशतिर पलायन हुने अवस्थालाई देख्दा कविको मन खिन्न भएको छ । कवि भद्र भास्वरले राष्ट्र बासीमाथी प्रश्न गर्दछ ' हामीले हाम्रोलाई माया नगरे कसले गर्ने ? मानिसहरूलाई जन्म भूमि जस्तो प्यारो कुन संसार होला ? सायद त्यसैले होला प्रायजसो उनका कविताहरूमा प्रत्यक्ष वा परोक्ष राष्ट्रवादी अभिव्यक्तिहरू कविताहरूमा प्रशस्त छन् । विभिन्न स्थान राष्ट्रवादी, राष्ट्रप्रेम र स्नेह भएका भद्र भास्वरका सिर्जनाहरू यसप्रकार छन् । गजल - १३, मेरो डायरीबाट, नेपाली नेता हो, बाघको सट्टा सिँह, मेरो नेपाल, सुर्खेत, यही हो मेरो देश, दाङ्-सल्यान बसैमा, जाँउ हिड राप्तीमा जान्न नभन, गुँरास रसैमा, हातमा हात समाऊ नयाँ नेपाल बनाऔं, स्वागत गर्छौ हामी जस्ता कवितामा राष्ट्रवादी स्वरहरू घन्कन्छन् ।

### ४.१.१.५ प्रकृति प्रधान कविता

कवि भद्र भास्वर प्रकृतिप्रेमी कवि हुन । भास्वरले नेपाली प्रकृतिलाई टिप्दै मनका मसिना भावनालाई घोलेर प्रकृतिको नाना रूपले चित्रण गर्दछन । उनी पहाडी क्षेत्रमा जन्मे तापनि हालसम्म उही स्थानमा आफ्नो जीवन व्यथित गरेका भद्र भास्वरमा प्राकृतिक सुन्दरता छछल्किन पुगेको छ । उनी जन्मेदेखि अहिलेसम्म प्रकृतिमा रहेका डाँडाकाँडा, वनजंगल, लेकवेशी, पानी पधेरा, खोलानाला, उकाली-ओरालीको प्रत्यक्ष रूपमा अनुभूति गर्न पाए । त्यहाँका प्राकृतिक सुन्दरताको चित्र आफ्ना कवितामा कोर्न खोजेको देखिन्छ । दाङ् सल्यान वसैमा, सल्यान हो घर हो घर, जम्का भेट भयो नि आज हजुर, सुर्खेत, झुमरागीत, जाँउहिड राप्तीमा जान्न नभन, मेरो नेपाल यी कलात्मक शीर्षकहरूमा प्रकृतिको चित्रण आर्कषक ढङ्गले गरिएको छ ।

### ४.१.१.६ प्रगतिबादी कविता

प्रगतिबादमा काल्पनिक ईश्वरलाई कुनै मान्यता नदिई सामाजिक वास्तविकता र यर्थाथलाई विशेष रूपले मार्क्सबादी दार्सनिक धरातललाई आधार बनाउँदै सृजित एंव त्यसै अनुरूपको मानव समाजको ईतिहाँस वर्गसङ्घर्ष युक्त भएको र उक्त वर्ग सङ्घर्षमा सर्वाहारा वर्गको पक्ष लिने शोषण, उत्पीडित, दमन, अन्याय, अत्याचार बिरूद्ध बिद्रोह र क्रान्तिको आवहान गरी लेखिएका रचनाहरूलाई प्रगतिबादी साहित्य भनिन्छ । भद्र भास्वरको भावनाको सङ्गम भित्र हाँसु त मुस्कान छैन, दुर्दशाको रेल, आन्दोलन चलिरहेछ, खबरदारी, नयाँ नेपाल बनाऊ, मेरो डायरीबाट, नेपाली जनता हो, बाँच्ने रहरमा, सन्देश, द्वन्दको

राष्ट्रिय पीडा उठदै अब, आँसु पुछी हुँदैन हामीलाई जनता कविताहरूमा आफ्ना प्रगतिबादी स्वर घन्कीएको पाइन्छ ।

### ४.२. 'कन्दराको कथा' खण्डकाव्यको अध्ययन र विश्लेषण

भद्र भास्वरद्धारा लिखित २०४१ सालमा प्रकाशनमा आएको "कन्दराको कथा" एक सफल खण्डकाव्य हो । नेपाली खण्डकाव्यको क्षेत्रमा बेग्लै सुवास छर्न फूलेको नेपाली खण्डकाव्यको समसामायिक धारामा समाहित भएको कृति हो "कन्दराको कथा" । यस रचनामा साहित्यकार भद्र भास्वरले ग्रामीण क्षेत्रको यर्थाथ घटनालाई जस्ताको तस्तै उतारी पाठकका सामु सत्य र तितोपनलाई यस खण्डकाव्य मार्फत प्रस्तुत गरेका छन । यस खण्डकाव्यलाई यहाँ खण्डकाव्यका तत्वका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### ४.२.१ कथावस्तु

प्रकाश र छायाको विवाह भएपछि प्रकाशले आफ्नो जीवनको सन्दर्भमा सम्पूर्ण वृतान्त बताउन थाल्छ । जयप्रकाशको बुबा हो । उसले साहूसँग रू. दुईसय पचास ऋण लिई घरव्यवहार चलाउँछ । उक्त ऋण फिर्ता गर्न नसकी जीवनभर साहूकै घरमा कामदारको रूपमा जय र उसकी श्रीमती शीला बस्दछन् । यसरी उनीहरूको जीवनचर्या दुखका साथ साहुकै घरमा व्यथित हुन्छ । यसैक्रममा एकदिन अविरल वर्षा भईरहेको र असहज समयमा पनि जवरजस्ती घाँस काट्ने काममा खटाइन्छ जसको कारणबाट नै दुर्घटना हुनगई जयको दुखद मृत्यु हुन्छ । यसरी भएको दुखद मृत्युबाट उक्त साहुले अलिकति पनि पश्चताप नगरी दानवताको परकाष्ठा देखाउँदै जयाकी श्रीमती शिलासँग क्रुर व्यवहार गर्ने क्रममा बलत्कार सम्म गर्न पुग्दछ । जसलाई उक्त साहूका मतियारहरूले संरक्षण र सहयोग गर्दछन भने निरिह शीलाले अनेकौ प्रतिबादका वावजुद बलतकृत हुन्छे भने साहुकै हातबाट उसको दुखद हत्या समेत हुन्छ । तर उक्तहत्यालाई साहूले आत्महत्याको प्रपञ्चगरी सामाजिक रूपमा अन्त्यष्टि गरीदिन्छ । यस घटना पश्च्यात केहिदिन पछि आमाको मृत्युको खबर छोरा सम्म पुग्दा उसलाई बनावटी व्यहोरा जनाई साहुले आफू दोषबाट मुक्त रहेको देखाउँदछ तर कालु नामको बालपात्रको माध्यमबाट प्रकाशले आमाको मृत्युको यर्थाथ घटना थाहा पाएपछि उनीहरूमा आन्तरिक खेद, रोष तथा बदलाको भावना सुसुप्त रूपमा जागरीत हुन्छ तर समाजमा हालीमुहाली कायमगरी मनपरी गर्न पल्केका साहस जस्ता पात्रहरूलाई तत्काल केही गर्न नसक्ने देखेर दिक्क भई निमे, च्यान्टेका साथमा प्रकाश मुग्लान भागेर जान्छन । त्यहाँ पनि बालश्रमिक भई करिब-करिब

८ बर्ष काम गरी घर फर्कने योजनामा रहेको अवस्थामा अचानक च्यानटेको सिम्लामै दुखद मृत्यु हुन्छ । त्यस पछि निमे र प्रकाश मात्र घर फर्कनछन । यसै क्रममा उनीहरूले कमाएको रूपैंया पैसा बाटैमा चोरी हुनगई थप बिचल्लीमा पर्दछन । उनीहरूमा एकपछि अर्को अप्ठ्यारो स्थिती आईपर्दछ । रित्तो हात तथा साथी (च्यानटे) गुमाएर घर फर्किएका निर्दोष र सोझा निमे र प्रकाश उही गाँउमा फर्केर आउँदछन । अनेकौ सुखद आशा र उपेक्षा गरीएकी पार्वती भाउज्युसंग आफूले मुग्लानमा भोगेका दुखद क्षण र घटनाहरू सबिस्तार वर्णण गर्दै आफू र आफूजस्ता वर्गले यसरी दुःख सास्ती भोग्नुमा साहुजस्ता सामन्ती व्यक्ति र प्रवृति नै मुख्य दोषी भएको ठहर गर्दछन । यस्ता दुःखहरूबाट मुक्ती पाउन तत्काल केही गरेको त देखिदैंन तर केही गर्नुपर्दछ भन्ने निस्कर्षमा एकमतका साथ पुगेको निम्न पक्तिं हरूबाट प्रस्ट हुन्छ । जस्तै :-

घरबारी लुटन आउँदछ भने जाली त्यो तमसुकले
माग्नेछु ज्यान आमा र बा को त्यो साहूलाई मैले
मरेछु भने टुहुरो मर्छु के ज्यान यो मेरो
सुख र सयल सकेछु भने हटाउछु फटाको

कन्दराको कथा, पृ. १०४ ।

हुँदैन बसी रात जानलाग्यो एक मिटिक मारौन
बास्नेछन भाले केहीबेर पछि एकछिन ढलौन

कन्दराको कथा, पृ. १०५

पीडित व्यत्ती सहयोग लिन जुटयाउँछु अरूलाई
नहुने कुरा केही छैन यँहा संसारमा पौरखलाई

कन्दराको कथा, पृ. १०६

चिनेर हिड छोड्दै नछोड खराब तत्वलाई

कन्दराको कथा, पृ. १०७

आदि जस्ता भनाइहरूबाट समाजमा रहेका सामन्तीहरूको निहित स्वार्थ पुरा गर्ने योजना र षडयन्त्रलाई हटाउनु पर्दछ भन्ने दृढ सङ्कल्पित विचार राख्दै प्रस्तुत रचनाको कथाबस्तु टुङ्गिएको पाइन्छ ।

### ४.२.२ पात्र (चरित्र चित्रण)

कन्दराको कथा' खण्डकाव्यमा मुलत दुई वर्गका पात्रहरूको चयन गरिएको पाइन्छ । बिषय वस्तुलाई प्रारम्भ, विस्तार तथा समाप्तीका लागि लघु संख्यामा पात्र चयन भएको पाइन्छ । पात्रहरू बिशेष रूपमा आन्तरिक चरित्रको प्रभावकारी पर्दशनमा भन्दा बिषय वस्तुलाई नै केन्द्र विन्दु बनाई बढेको पाइन्छ । प्रस्तुत खण्डकाव्यमा प्रयूक्त पात्रहरूमा साहू, प्रकाश र छाँयाको प्रमुख भूमिका रहेको छ भने सहायक पात्रहरू च्यानटे, कालु, निमे, पार्वती, शिला, जय, बीरे, गाँउले पसलेहरू आदि देखापर्दछन् ।

**प्रकाश** : प्रकाश यस खण्डकाव्यको मुख्य पुरुष पात्र हो खण्डकाव्यमा मुख्य भूमिका रहेको पात्र प्रकाश स्वयंममा अबोध, शिक्षा बाट वञ्चित, साहूले दिएको कार्यमा विवस्ताबस बावु जयसंगै भोग्न तयार रहने चरित्रको रूपमा देखिन्छ । आफूमा अबोधता हुँदाहुदै पनि साहू जस्ता सामन्त प्रवृतिहरूको अन्तर मन देखिनै विरोधी विचार राख्ने प्रकाश समाजमा व्याप्त अज्ञानता तथा सामन्ती प्रवृतिका कारणनै आफूजस्ता तमाम मानिसहरू अन्याय र अत्याचारमा पिल्सिरहेको चाहेर पनि त्यस्ता प्रवृतिको विरोध र पर्दाफास गर्न नसकेको एक निरिह तथा मानसिक रूपमा प्रताडित पात्रको रूपमा देखिन्छ । अनेकौं अभावका बावजुद एक मात्र आशाको केन्द्रका रूपमा रहेको बावुको मृत्युमा यसरी दुःखीत भएको पाइन्छ । जस्तै :

झाडीको बीच परेको शरीर तानु म कसरी ?
निरशक्ति वालक अपार जङ्गल सहुँ म कसरी ?
कन्दराको कथा, पृ. १४

**छाँया** : छाँया यस खण्डकाव्यकी प्रमुख स्त्री पात्र हो र प्रकाशकी श्रीमती हो । प्रस्तुत खण्डकाव्यको स्त्री पात्रको रूपमा देखिने छाँया साहू जस्ता प्रवृतिका मानिसहरूको व्यवहारलाई मन नपराउने व्यक्तिको रूपमा देखिन्छे । खराब व्यवहारका बिरूद्ध लाग्नुपर्छ भन्ने प्रगतिशील तथा शोषण र दासत्व बिरोधी पात्रका रूपमा देखा पर्दछे । जस्तै :

मुक्तिका लागि मरिन्छ भने मरेको ठन्दीन
मरौंला संगै बाचौंला संगै न्यायमा नडरौं
कन्दराको कथा, पृ. १०५

जस्ता विचारहरू व्यक्त गर्ने छायाँ तत्कालीन समाजमा रहेका शोषक र सामन्तीहरूका क्रियाकलाप चुपचाप सहने तथा भोग्ने नभई त्यसकोलागि अगाडि बढ्नुपर्छ भन्ने सोच राखि सबैलाई उत्प्रेरित गर्ने पात्रको रूपमा देखा पर्दछे । यसरी हाम्रो समाजलाई साहू जस्ता शोषक सामन्ती र अमानवीय कार्य गर्ने व्यक्तिहरूबाट मुक्त गरी समाजलाई शोषण रहित, सामाजिक न्याय तथा मानवीय सन्देश दिलाउन छाँया पात्रको प्रेरणा प्रस्तुत खण्डकाव्यमा महत्वपूर्ण रहेको छ ।

**साहू** : 'कन्दराको कथा' खण्डकाव्यको मुख्य खलपात्र साहू हो । जुन ग्रामीण परिवेशको तुलनात्मक रूपमा चेतनशील, गाँउको ठालु तथा मानवताको वास्ता नगर्ने र्निविवेकी, दयाको भावना नभएको, अनेकौ जोखीमपूर्ण, अमानवीय र व्यक्तिगत स्वार्थ पूर्ण काम गर्न कत्तिपनि नडराउने दुष्ट पात्रका रूपमा प्रस्तुत खण्डकाव्यमा देखा पर्दछ । केवल रु. २५०।- ( दुई सय पचास ) को ऋणमा बर्षौ सम्म कमारो बनाई राख्नु, असामीलाई ऋणको बोझ बोकाइरहनु, ऋण लिएकै बाहानामा दास बनाइरहनु तथा योजनावद्ध रूपमा शीलामाथी बलात्कार एंवम हत्या जस्ता कुकर्म गर्नुले यस खण्डकाव्यमा तत्कालीन सामाजिक, आर्थिक तथा राजनैतिक परिबेशमा रहेका शोषक र सामन्तीको प्रतिनिधि पात्रका रूपमा साहू देखा पर्दछ । जसको उदाहरणको रूपमा साहूको चरित्र निम्न पक्तिंले प्रस्ट पार्दछ । जस्तै

> व्याजमात्र यसको हजारौं भयो तिर्दछ अब को
> सम्पत्ति भन्नु के छ र यसको असुल्न गाह्रो भो
>
> कन्दराको कथा, पृ. ३५

**४.२.३ उद्देश्य :-**

कन्दराको कथा खण्डकाव्य सामाजिक यर्थाथतावादी खण्डकाव्य हो । यस खण्डकाव्यले निम्न वर्गीय नेपालीहरूको दयनीय अवस्था, जिजीविषा र सामन्ती संस्कारको अभिव्यत्ति प्रस्तुत गरेको छ । यसले प्रस्तुत गर्न खोजेको केन्द्रीय भाव धनी वर्ग र गरिब वर्ग बीचको द्वन्द र मानवताबादी भावना हो । मानवीय जीवन शान्ति, प्रेम र सुःख पूर्वक बाँच्नका लागि हो । कसैको डर, धम्की र रजाँईमा होइन । मानव भएर मानवताको व्यवहार गर्न सिक्नुपर्छ । त्यसैले दानवीय प्रवृतिलाई जरैदेखि फाल्नु पर्ने कुराको सन्देश यस खण्डकाव्यले प्रस्तुत गरेको छ । मानिसले मानिसलाई हेर्ने दृष्टिकोण, प्रेम, सहानुभूति र आत्मीयता हुनुपर्छ । सहयोग र उपकार मानिसका प्रमुख गुण हुन् । घाम र पानीबाट बच्नका लागि बनाइएको झुपडीमा पनि ऋणको बोझ बोकाइएको कारणले आफ्नो घरमा

बस्न नपाउनु अन्याय हो त्यसैले यस खण्डकाव्यले निम्न वर्गीय मानव प्रति समाजका नाईके भनाउदा शोषक, सामन्ती, भष्ट्राचारी, बलत्कारी, अत्याचारी, तानाशाहीको सोचविचारको अन्त्य गरी स्वच्छ, निर्मल र शान्त समाजको सिर्जना गर्नुपर्दछ भन्ने मुल उद्देश्य यस खण्डकाव्यले प्रस्तुत गर्दछ । गाँउले जीवन थोरै रहर र धेरै कहरले भरिएको छ । शिक्षादीक्षा र चेतनाको अभावका कारणले आफ्नो हक अधिकार गुमाएर निमुखा भई सामन्तहरूको चरम शोषणमा जीवनयापन गर्ने बिपन्न वर्गलाई यर्थाथ बोध गराउनु र प्रकाश र छाँया बीचको अमर प्रेमको सन्देश दिनु यसको मुल उद्देश्य हो । काम गरेर जीविका गर्ने मानिस भोकभोकै मर्ने र नगर्ने मानिसले पेटभरी खान पाउने समाजिक विकृति र विसङ्गतीलाई कन्दराको कथा खण्डकाव्यमा सन्देशनकारात्मक जीवन दृष्टि प्रस्तुत गरेको देखिन्छ ।

### ४.२.४ **परिवेश ( देश, काल र वातावरण )**

'कन्दराको कथा'को कथा खण्डकाव्यमा विविध परिवेशको चित्रण भएको पाइन्छ । देशको परिवेशलाई हेर्दा यस खण्डकाव्य नेपाल र भारतका केही क्षेत्रहरूलाई समेटिएको छ । समयकालीन परिवेशलाई हेर्दा प्रजातन्त्र प्राप्ति पूर्वको राणाकालीन समय सन्दर्भलाई देखाउन खोजेको छ । समयअवधीका  दृष्टिले हेर्दा लामो काल खण्डलाई वर्णण गरेको देखिन्छ । नेपालको ग्रामीण क्षेत्रमा लामो समय र भारतको सिमलामा करिब आठ बर्षको समयावधिलाई लिएको छ । पर्यावरणका दृष्टिले हेर्दा यस खण्डकाव्यमा ग्रामीण क्षेत्रको कुना - कन्दरा, उकाली - ओराली, भीर - पाखा, खोल्सा - खाल्सी, डाँडा - काँडा, खोला - तिर जस्ता विभिन्न पर्यावरणको प्रस्तुति रहेको छ । यसबाट के प्रस्ट हुन्छ भने नेपालको पशिचमी पहाडी क्षेत्रको कथा वस्तु हो भन्न सकिन्छ । धन कमाउन मुग्लान जाँदा कोइलावास, सिमलाका साथै नेपालगन्जको परिवेश पनि समेटिएको छ । दु:ख, पीडा, हत्या, लुटाहा, छुल्याहा, यातना, रौद्र, साहूको उग्र स्वभाव, दीनहीन आदि मानिसहरूको अवस्था, पसलेहरूको लुटाहा प्रवृतिका साथै दु:खी, गरिबी, वर्गीय समाजमा शोषक तथा सामन्ती प्रवृतिका मानिसहरूद्वारा परेको बज्रपातलाई यस खण्डकाव्यमा चित्रण गरिएको छ । यसबाट यो खण्डकाव्य राणाकालीन व्यवस्थाको समयको नेपाली समाजको प्रतिनिधि बन्न सफल भएको छ भन्न सकिन्छ ।

### ४.२.५ **भाषाशैली :**

'कन्दराको कथा' खण्डकाव्यमा ग्रामीण क्षेत्रका आसपासमा बोलिने स्थानीय भाषको

प्रयोग गरिएको छ । यर्थाथबादको निकट रहेतापनि प्रगतिबादी यर्थाथवादनै उनको प्रमुख प्रवृति भएकोले यस खण्डकाव्यको भाषाशैलीमा ग्रामीण जनजीवनको यर्थाथ चित्रण पाइन्छ । खण्डकाव्यमा विभिन्न पात्रहरू बीच बिषय वस्तुलाई क्रमिकता दिन संबाद प्रस्तुत भएकोले संबादात्मक शैलीको पनि प्रयोग भएको छ । ठेट अथवा झर्रो नेपाली शब्दहरूको साथै आञ्चलिक भाषिकता तथा कोमल शब्दावली र सुबोध्य प्रयोगको अभिव्यक्ति पाइन्छ । सिङ्गो खण्डकाव्यलाई हेर्दा अन्त्यानुप्रासको पूर्ण पालना गर्न खोजेता पनि कतै कतै अपूर्ण देखिन्छ । यस खण्डकाव्य 'कन्दराको कथा'मा लोक छन्दको प्रयोग भए तापनि बिभिन्न स्थानहरूमा खण्डकाव्यकारले छन्द भङ्ग गरी मुक्त छन्दमा रचिएको पनि पाइन्छ । भाषा सरल र सहज तरिकाले स्वस्फूर्त रुपले बनेको देखिन्छ ।

### ४.२.६ कथन पद्वति ( दृष्टि विन्दु )

यस 'कन्दराको कथा' खण्डकाव्यमा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । खण्डकाव्यकारले प्रस्तुत रचनामा मानवताबादी तथा अग्रगामी सोचका विचारहरू खण्डकाव्यको बिभिन्न घट्ना क्रम संगै बिभिन्न चरणहरूमा प्रकाश, जय, शीला, छाँया आदि पात्रहरूद्वारा कतै सामान्य र एकहोरो आलाप गर्दै गरिब र निमुखाहरूले शोषक र सामन्तीहरूद्वारा बाध्य भएर भोग्नु परेका पीडा र मर्महरूलाई बाह्य कथनद्वारा अभिव्यक्ति गरिएको पाइन्छ ।

### ४.२.७ अलङ्कार विधान :

अलङ्कार विधानका दृष्टिकोणले हेर्दा यस कन्दराको कथा खण्डकाव्यमा शब्द अलङ्कार र अर्थ अलङ्कार दुबैको संयोजन भएको देखिन्छ । शैली बैज्ञानिक मान्यता अनुसार शब्द अलङ्कारले बाह्य समानान्तरता र अर्थ अलङ्कारले आन्तरिक समानानतरताको सिर्जना गर्ने गर्दछ । यस खण्डकाव्यमा दुबै अलङ्कारहरूको प्रयोग भएको देखिन्छ ।

**विप्सा अलङ्कार** : विप्सा अलङ्कार अत्यन्तै आदर, आश्चर्य, घृणा, शोक, हर्ष आदिभाव प्रकट गर्ने शब्दहरूको द्विरूक्ति भए विप्सा अलङ्कार मानिन्छ । जसको अर्थ दोहर्‍यानु हो । यसमा उल्लेखित संवेगहरू प्रकाशित गराउन तथा भावलाई बढी अजस्वी र आर्कषक बनाउन यस अलङ्कारको प्रयोग भएको पाइन्छ । जस्तै :

पीडितको दुःख पीडितले बुझ्छ दुःखको मुहान
दिनीको कुरा दिनेले बुझ्छ कल्पेर यो मन
त्यसैले उन्मुख हेर्नलाई हुन्छ सुनौलो बिहान
सत्यको बाटो बिराई यहाँ कुराको आर्दश

कन्दराको कथा, पृ. १५

**उपमा अलङ्कार :** दुई पर्दाथ बीच भिन्नता हुँदहुदै पनि समता स्थापना गरिएमा उपमा अलङ्कार हुन्छ । जसको अर्थ निकट राख्नु वा मापन गर्नु हुन्छ । जसमा झैं, जस्ती, सरी, तुल्यको प्रयोग गरेको हुन्छ जस्तै :

हिमालपारी उडेको जस्तो पानीमा डुबेझैं
धर्ति यो फाटी जमिन भित्र बिलाई पसे झैं
सुन्नेले यो दिल आकाशमाथि आफै उडेझैं
हजार पटक चरक्क छाती छुराले चिरेझैं

कन्दराको कथा, पृ. ८७

**स्वभावोक्ति अलङ्कार :** स्वभावले व्यक्ति वा बस्तुको बानी, व्यवहोरा र गुण बुझाउँदछ तसर्थ कुनै प्राणीको मिल्दो जुल्दो गुण बिशेषलाई वर्णण गरिए स्वभावोक्ति अलङ्कार हुन्छ । प्रस्तुत खण्डकाव्यमा पनि यस अलङ्कारको प्रयोग गरिएको पाइन्छ जस्तै :

छातीमा पीर गलामा हात आँसुको थोपाले
अगेना भिज्यो कपडा भिज्यो दुःखीका व्यथाले
मनका बादल गड्कियो जोडले आँखामा पानीले
नखाल्न लाग्यो भित्रको फोहर बाहिर देखाई

कन्दराको कथा, पृ. २२

**तुल्ययोगिता अलङ्कार :** अन्य बस्तु वा अप्रस्तुत बस्तुका बीच एकै सम्बन्ध स्थापित गराउनु तुल्ययोगिता अलङ्कार हो । यसमा एक धमी सम्बन्धले एकै गुण वा क्रियाको मेल गराउनु भन्ने अर्थ दिन्छ । यसमा सादृश्य बाचक शब्दको अभाव रहन्छ । प्रस्तुत रचनामा पनि यस अलङ्कारको प्रयोग पाइन्छ । जस्तै :

गाँउका साहू, मुखियाहरू अनेक फटाहा
जाली र झेली गरिब मारा अनेक चुसाहा
त्यो रोग आज नेपालभरी विश्वमा छदैंछ
त्यो झुप्रो बाट नजर लाए सर्वत देखिन्छ ।
कन्दराको कथा, पृ. पृ. ६

**अप्रस्तुत प्रशंसा अलङ्कार :** अप्रस्तुत बाट प्रस्तुतको प्रतीक भयो भने अप्रस्तुत प्रशसा अलङ्कार हुन्छ । यसमा प्रशंसा शब्द स्तुति बाचक नभई वर्णनको बोधक हुन्छ भने अप्रस्तुतको बर्णण गरेर प्रस्तुतको प्रतित गराइन्छ । प्रस्तुत रचनामा यस अलङ्कारको प्रयोग भएको पाइन्छ । जस्तै :

क्यासेट जस्तो दिमाग भई विद्वान बन्दैन
पढेको कुरा फलाकी मात्र दार्शनिक हुदैन
कन्दराको कथा, पृ. ९

### ४.२.८ लय विधन

लय विधानको दृष्टिकोणले हेर्दा कन्दराको कथा खण्ड काव्य बार्णिक छन्दलाई आत्मसाथ गर्न खोजिएको छ । खण्डकाव्यकार भद्रभास्वरले ३+२, ३+२, ३+३ गरी जम्मा १६ अक्षरको सरचना बिधानले गति, यति र लयको भूमिका निर्वाह गरेको देखिन्छ ।

जस्तै ,

भनेर गयो सुटुक्क भाइ पीडाको वादल
थुपारी आयो दुःखका खेल बनाई विहल
कन्दराको कथा, पृ. १

यस खण्डकाब्यमा प्रत्येक पङ्क्तिको अन्त्यमा अन्त्यानुप्रासको सहसंयोजन मिलेकोले यो काव्य सजिलै लयहाली गाउन सकिन्छ । कोमल पद र पदावलीको कुशल संयोजन भएता पनि प्राय जसो खण्डकाव्यमा कतै कतै अन्त्यानुप्रासको संयोजन मिलेको छ जस्तै :-

जन्मदै खेरी निजी भई आन्न आमाको कोखबाट
जन्मदै बेला कोही राजा हुन्न निक्लेर कोखबाट

बुझन बुझ हे दाजु भाई बुझेर ज्ञान लेउ
बुझन बुझ हे दिदीबहिनी सम्झेर दील लगाउ

कन्दराको कथा, पृ. २३

यसै क्रममा खण्डकाव्य भित्र मध्यानुप्रासको पनि संयोजन कतै कतै पाउन सकिन्छ । जस्तै :-

बनको बाटो हेरेर बस्ला आउँछिनकी भनेर
पधेंरो गरी कुरेर बस्ला देख्छुकी भनेर
रातौ रात पर्खेर बस्ला बाहिर हेरेर
गाँउ र घर सोधेर हिड्ला यो मेरो खातिर

कन्दराको कथा, पृ. ७६

उपयुक्त उदाहरणमा लय विधानको सन्तुलित क्रम भएतापनि कतिपय ठाँउमा लय वा छन्द भङ्ग गरी रचनालाई अगाडि बढाएको पाइन्छ ।

### ४.२.९ शीर्षक चयन :-

कन्दराको कथा कवि भद्रभास्वरको पहिलो खण्डकाव्य हो । पुस्तकको आकार र कृतिका दृष्टिकोणले हेर्दा कविको यस कृतिले आफ्नो प्रकारको मौलिकता र विशेषता ग्रहण गरेको छ । नेपाली ग्रमीण समाजको विपन्न आर्थिक अवस्थालाई प्रस्तुत गर्ने सम्बन्धमा कविले खण्डकाव्यको नायक प्रकाश र नायिका छाँया बीचको प्रस्तुति गरी प्रेम र सहानुभुति प्रसङ्लाई आधारभूत बनाएका छन । यस खण्डकाव्यमा ग्रामीण क्षेत्रको कुनाकन्दरामा परम्परादेखि नै ग्रमिण जनजीवनका अधिकाँश व्यक्तिहरू ऋणग्रस्त अवस्थामा जीवनयापन बिताउने गर्दछन् । नेपाली ग्रामीण क्षेत्रका जनता तथा वासिन्दाहरूले जन्मैदेखि साहूको ऋण ग्रहण गर्नुपर्ने, त्यसैमा हुर्कनुपर्ने र त्यसैमा नै मर्नुपर्ने बाध्यात्मक परिस्थिति भोग्दै आएका छन । नेपाली ग्रामीण समाजको वस्तुगत यर्थाथ प्रस्तुत गर्ने सन्दर्भमा “कन्दराको कथा” सिर्जना भएको छ । यसरी एउटा ग्रामीण क्षेत्रको कुना कन्दरामा देखिएको कारूणिक कथावस्तु यस खण्डकाव्यमा समावेश भएकोले र सिङ्गो खण्डकाव्य यही ग्रामीण परिबेशमा केन्द्रित भएकोले खण्डकाव्यकारले खण्डकाव्यको शीर्षक “कन्दराको कथा” चयन गर्न सान्दर्भिक देखिन्छ ।

### ४.२.१० निष्कर्ष :

कन्दराको कथा खण्डकाव्य बि.स. २०४१ सालमा प्रकाशित प्रथम रचना हो । नेपाली ग्रामीण समाजमा प्रचलित सरल र सहज भाषा शैलीको प्रयोगले खण्डकाव्य जनप्रिय बनेको छ । यस भित्रका गीतिलयहरू मुटु भित्रबाट मुखाग्र हुदै आएका छन । कविले ग्रामीण जनजीवनमा देखिने अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडनलाई पाठक समक्ष यर्थाथ रूपमा प्रस्तुत गरी शोषण रहित समाजको निर्माणमा क्रियाशील रहन अभिप्रेरित गर्ने यस काव्यको मुल ध्याय हो त्यसैले प्रस्तुत खण्डकाव्य साक्षार र निरक्षर वर्ग दुबैलाई रसस्वादन दिन सफल भएको छ ।

## ४.३. भावनाको संगम गीत, गजल र कविताका संग्रहको विश्लेषण :

भावनाको संगम भद्र भास्वरको तेस्रो प्रकाशित कृति हो । यस कृतिमा बिभिन्न समयमा रचना गरिएका गीत, गजल र कविताहरू समेटिएका छन् । जसको विश्लेषण निम्न अनुसार गर्न सकिन्छ ।

### ४.३.१ विषयवस्तुका आधारमा :

नेपाली साहित्यमा एक उज्वल नक्षत्र भद्र भास्वरका कृतिहरूलाई वर्गीकरण गर्दा बहुमुखी प्रतिभावान व्यक्तिको रूपमा पहिचान गर्न सकिन्छ । कुनै पनि सिर्जनाको बिउ विषयवस्तुमै केन्द्रित हुन्छ । एउटा कविको भाव प्रवाह पनि विषयवस्तुकै आधारमा हुन्छ जान्छ । आफ्ना मनमा लागेका विभिन्न अनुभूतिहरूलाई विषयवस्तुका माध्यमबाट कलात्मक रूपमा कविले बाहिर निकाल्दछ र पाठकले रसस्वादन गर्न सक्दछ । विभिन्न समाजमा यत्रतत्र छरिएर रहेका सुःख दुःख, आँशु हाँसो,मिलन बिछोड,शोषन दमन, अन्याय, अत्याचार,रीति कुरीति लगायत थुप्रै सामाजिक र प्राकृतिक वातावरणमा छरिएर रहेका विषयवस्तु नै कविका कलात्मक भाषाका खुराक हुन पुग्दछन् । सल्यानी ग्रामीण भूमिमा बसोबास गरी आएका भद्र भास्वर यही समाजका सदस्य भएका कारण उनका कवितामा माथिका विषयवस्तु तथा हाम्रै सामाजिक यथार्थका थुप्रै विषयवस्तु उठान गरिएको पाइन्छ । उनका कृति ‘कन्दराको कथा’, खण्डकाव्य ‘आँशुको भावना’ लघु शोककाव्य र ‘भावनाको संगम’ गजल, गीत र कविताको संग्रहलाई विभिन्न विषयवस्तुका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.३.१.१ भावनाको संगम सङ्ग्रहमा पाइने सामाजिकताः

विभिन्न सामाजिक परिवेश भित्र तदनुरूपका घटनाहरूलाई विषयवस्तु वनाएर सामाजिक यर्थाथता, सामाजिक चिन्तन र सामाजिक उन्नयनका लागि संरचित कविता नै सामाजिक कविता हो त । द्वन्द्वकालको अवस्थालाई प्रतिबिम्बित गरेको समाजलाई हत्या हिंसाबाट मुक्त राखी शान्ति र प्रगति युक्त समाजको चाहना 'मेरो डायरीबाट' भन्ने शीर्षकको कवितामा कविले यसरी भाव प्रकट गरेका छन् :

विचारहरू शिथिल छन् उमंगहरू निरास छन्
नारीका सिउँदो खाली छन् चुराहरूका डंगुर छन्
बोसनियाँ, हर्जगोबिनियालाई माथ गर्ने
हिरोसीमा, नागासाकीलाई पनि जित्न सक्ने
यो भाई फुटाहा र यदु वंशीको खेलमा
अराजक बस्ती,उजाडको रक्ताम्मे यो भेलमा
हजारौं हजारको चिहान भइसक्यो
हजारौं हजारको घाईते र बेपत्ता भइसक्यो
लाखौं मानिसहरूको मानसिक रोग
लाखौं मानिस निसहरा र सरनार्थी भइसक्यो

भावनाको संगम, पृष्ठ १६ ।

यसैगरी नेपाली समाजमा द्वन्द्वका कारण उत्पन्न विभिन्न सामाजिक समस्याहरूलाई 'यस्तै हालत छ यहाँ' कविताले प्रतिविम्बन गरेको छ । चेतनशील र क्रियाशील हुनसक्ने नेपाली समाज द्वन्द्वका कारण अनेकौ दुर्दसाले लाशको रूपमा परिणत भएको कुरा कवि यसरी अभिव्यक्त गर्छन् ।

सिलौटा र लौरा वीचको अचार
दुबैतिर वीचको शिकार
रेलको लिगमाथिको किरा
रोड र मोटर बीचको भिरा
दुई खुकुरीको एक अचानो
दुई ढुङ्गा बीचको तरूल गानो
दुई आगोको एक लकडी

दुई हाकिम बीचको एक चाकडी
दुई नेटीको एउटा भेल
दुई बन्दुकको तारो खेल
माथिबाट डाँडुको मर्का
तलबाट आगोको छर्का
यस्तै छ नेपालीको आजको हाल
यस्तै छ जनताहरूको बेहाल
त्रासत्रासमा बाँचेर पनि
रूँदा रूँदै हाँसेर पनि
जिन्दगीको चेतनालाई नर्मदासम्म
भौतिक शरीरमा धमिरो नलाग्दासम्म
यस्तै दुर्दशाले सताएको छ
यैलेको जीवन क्षणमै लाश भएको छ

भावनाको संगम, पृष्ठ २२

**४.३.१.२ भावनाको संगममा पाइने नारीबादी स्वर :**

नारीका समस्या र पीडाहरूलाई कवि भद्र भास्वरले कविताका माध्यमद्वारा सशक्त रूपले उठाएका छन् । कतै नारी जीवनको कठिन यात्रा, कतै खोसिएको खुशीहरू, कतै विरही मनले छटपटाइरहेका, नारीका बेदना, चाहना र अस्मिताका भाव लहरलाई व्यक्त गरेर पीडित नारीका आन्तरिक स्वरूपको उद्घाटन गर्न उनी चाहन्छन् ।

दुःखी नारीको वेदनाले छट्पटाइरहेको अवस्थामा आफ्ना अभिव्यक्ति कविता हाँस जीवन संगिनी' मार्फत भाव प्रस्तुत गर्दछन् जसको उदाहरण यहाँ प्रस्तुत गरिएको छ ।

हाँसे सँगै,रोए सगै भनेर
अञ्जुलिको पानी खायौ
बाँचे सँगै मरे सँगै भनेर
सँगै बसी कसम खायौ

तिम्रो पीरमा म राई दिन्छु
मेरो पीरमा तिमी रोऊ

जिन्दगीका महान अडँचन
सहज बनाई सही जाऊ

भावनाको संगम, पृष्ठ २०

एक्लै दुःखको परिबन्धमा बाँधिएकी नारीलाई सम्पूर्ण पुरूष वर्गको सहयोग अपरिहार्य हुन्छ भन्ने कुरालाई उक्त कविताले प्रस्तुत गरेको पाइन्छ । 'चेलीका बेदना' शीर्षक कविताबाट चेलीहरूले समाजमा कसरी हण्डर र ठक्कर खादो रहेछन् भन्ने कुरालाई स्पष्ट देखाइएको छ । 'सिन्दूर झऱ्यो निधार भरीको' कविताले पनि लोग्ने पछिको यथार्थ जीवन भोगाइलाई नारीबादी कविता मार्फत भाव पोखेका छन् जसको उदाहरण यहाँ प्रस्तुत गरिएको छ ।

बाबा भन्लान छोरा र छोरीले
के भन्दिउँला म दुःखी मोरीले
सिन्दूर झऱ्यो निधार भरीको
जीवन बन्यो पिर यो पिरको

भावनाको संगम, पृष्ठ ८२

पुरूषको प्रधानता रहेको नेपाली समाजमा लैङ्गिक बिभेदताका कारण नारीले भोग्नुपरेका समस्यालाई प्रष्ट रूपमा देखाइएको छ । सम्पत्ति पुरूषको हाली मुहाली,नारीका अधिकार, शून्यताले जन्माएका कुन्ठाहरूलाई सरल रूपमा व्यक्त गरेको पाइन्छ । पुरूषले धनको, जातको, दाइजोको कारण देखाई नारीमा भएको प्रताडन गीतमा प्रष्ट देख्न सकिन्छ । जुन गीतलाई 'चेलीको बेदनामा' रसस्वादन गर्न पाइन्छ ।

हे बरै दाइजो कम भयो भनी छेड हान्छन जहान
टेन्सन अति भयो नी भनी जाँड खान्छन् श्रीमान्
आँशु पिई बस्नुपर्छ बिहान साझँमा
रोपिन्छन काँडा बचन मुटुको माझमा

भावनाको संगम, पृष्ठ ५३

### ४.३.१.३ भावनाको संगममा पाइने मानवताबाद

मानवताबादी भद्र भास्वरका गजल, गीत र कवितामा विभिन्न मानवतावादी दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । मानव भएर मानवीय मूल्य र मान्यता थाहा पाएन भने

त्यो पशु सरह मानिन्छ । मानवले मानवीय भावना वा व्यवहार गर्नुपर्दछ, विश्वबन्धुत्वको भावना विकास गर्नुपर्छ भन्ने कुरामा भद्र भास्वरको विश्वास रहेको छ । विश्वभरका मानिस एउटै हुन कसैलाई कुनै किसिमको विभेदको आभाष भेटिनु हुदैन । विभिन्न विभाजनका साघुरा रेखाहरूलाई तोडनुपर्छ र मानव-मानवको सन्निकटाको व्यवहार मौलाउने वातावरणको निर्माणमा जुट्नुपर्छ भन्ने उनको मान्यता छ । मानतावादी हातले नै शान्तिको विरूवा हुर्काउन सक्दछ । 'भावनाको संगम' मा समाविष्ट भएका विभिन्न गजल र कवितामा मानवतावादी स्वर यसरी घन्किन्छन :

जताततै धुँवा बारूद लास मात्र भा'को
मानिसले मानिस मार्ने होडबाजी आ'को
रगतको आहालमा नेपालीको पीडा
भित्र मुटु थिची शान्ति गीत गा'को

भावनाको संगम, पृष्ठ ११

'त्यस्तै तोतेबोलीबाट' मानवका झुपडीमा दीपज्योति बाल्न कविता मार्फत यसरी मानवतावादी भावमा पोख्दछन् ।

दिगो शान्ति मेल मिलाप अन्यायलाई फाल
झुपडीमा मानवीय दीपज्योति बाल
तिम्रो बल विवेकमा देशको आस हुन्छ
तिम्रै साहस पौरखले यो देश बिकसित हुन्छ
तिम्रो दिन आइसक्यो बैनी भाइ
तिम्रो आस लाग्छ हामीलाई ।

भावनाको संगम, पृष्ठ ५५

विभिन्न मानवबस्तीहरू बन्द, जाम, भोकमरी ग्रस्त समाजमा भद्र भास्वरले यसरी गजलबाट अभिव्यक्त गर्दछन् :

कानुन न्याय संविधान सबै खाक भा'छ
बाटो घाटो पुल पुलेसा जंगल समेत जाम भो
शान्ति खोज्ने मानव बस्ती हर दिन उडीरा' छ
भोकमरीले नेपालीको ढँड्गा पनि माम भो

भावनाको संगम पृष्ठ ६

### ४.३.१.४ राष्ट्रवादी कविताको स्वर

साहित्यकार भद्र भास्वका आफू र आफू बसेको समाज तथा आफ्नो राष्ट्र प्रति औधी माया पोखेर लेखिएका कविताहरू पनि प्रशस्त छन् । उनका कविताहरूमा देशको माया,ममता,स्नेह जस्ता प्रत्यक्ष वा परोक्ष राष्ट्रवादी अभिव्यक्तिहरू भेट्न सकिन्छ । आजका युवा तन्नेरीहरू आप्नो देशप्रति आशक्त नभएर विदेश तर्फ पलायन भएको देख्दा कविको मन निरास देखिन्छ । जननी जन्मभूमिश्च स्वर्गादपी गरियसी भन्ने मान्यतालाई उनले अंगालेको पाइन्छ । त्यसैले उनका कविताहरूमा राष्ट्रवादी छनकको ओतप्रोत भएको छ :

हे लै लै यो देशको झण्डा समाई देश बनाउन कसम खाँदैछौं
हा हा देश बनाउन कसम खाँदैछौं
हे लै लै शान्ति ल्याउने नेपालीलाई हिमालको पानी पिलाउँछौं
हा हा हिमालको पानी पिलाउँछौं

भावनाको संगम, पृष्ठ १२०

यसका साथै राष्ट्रवादी अन्य कविताहरूमा 'स्वागत गर्छौं हामी', 'नयाँ नेपाल बनाऔं', हातमा 'हात समाऔं', 'कौडा गीत', 'उठौं अब', 'नेपालीपन',जस्ता कविताहरूमा विभिन्न भावहरू पोख्दछन् :

आफ्नै भाषा आफ्नै भेषको आफ्नै पन राम्रो हुन्छ
जहाँ नाच्छन् लोक भाषा त्यो पनि त हाम्रो हुन्छ
हजार लय हजार सुरमा गीत गाउँछौं एक भई
घुंयालो र काफल चुत्रा झुली दिन्छन् मुख रसाई

भावनाको संगम, पृष्ठ ३३

### ४.३.१.५ प्रकृति चित्रण

कवि भद्र भास्वर पहाडी क्षेत्रमा जन्मेर हुन सक्छ, उनका कवितामा पहाडपर्वत, खोला नाला, वनजङ्गल, छहारा, झर्ना, भीरपाखा, फलफूल, चराचुरूङ्गी आदिको प्रशस्त चर्चा परिचर्चा गरेको पाइन्छ । उनले कवितामा प्रकृतिको सुन्दर स्वरूपको चित्रण गद्य तथा पद्य शैलीमा कलात्मक ढंगले प्रस्तुत गरेका छन् । त्यसैले होला उनका कवितामा प्राकृतिक सुन्दरता छछल्किन पुगेको छ । भद्र भास्वरले बाल्यकालदेखि नै प्रत्यक्ष रूपमा प्रकृतिका ती विभिन्न वस्तुहरूलाई देख्ने अवसर पाएकोले प्राकृति सुन्दरताको चित्र कवितामा कोर्न खोजेको देखिन्छ । 'मेरो नेपाल' कवितामा प्रकृतिको बर्णन यसरी गरिएको पाइन्छ :

हराभरा वन भरिमा सधै खेले लाग्दछ
लेकबेसी ओहोर दोहोर गर्ने रहर जाग्दछ
वसन्तको पालुवामा लुकामारी खेलेर
डुल्छु म त जहाँ पनि देश कै माटो लिएर

भावनाको संगम, पृष्ठ ३६

त्यस्तै प्रकृति प्रधान कविताहरूमा ‘सुर्खेत’, ‘यही हो मेरो देश’,सल्यान हो घर जस्ता कविताहरूमा प्रकृतिका मनोरम छटाहरू प्रशस्त पाउन सकिन्छ। जस्तै :

राप्ती अञ्चल सल्यान हो घर हो घर
रमाउछौं हामी सल्यानमा बसेर
सल्यानको डाँडाकाँडा हा-हा घाम लाग्यो घमाइलो
आफ्नो गाँऊ आफ्नो ठाँऊ हा-हा एई लाग्छ रमाईलो

भावनाको संगम, पृष्ठ ७०

**४.३.१. ६ प्रगतिवादी स्वर**

भद्र भास्वर नेपालको नौलो सपना देख्ने प्रतिभाशाली साहित्यकार हुन । उनी यथास्थितिवादका विरोधी हुन भने युग अनुसार व्यक्ति,समाज र राष्ट्रमा सकारात्मक परिवर्तन आउनुपर्छ भन्ने सन्देशमूलक कविता लेख्दछन् । समाजमा इतिहासका राम्रा कुराको संरक्षण गर्ने र नराम्रा कुराहरूलाई जरैदेखि उत्तानो पार्ने उनको मान्यता रहेको छ । उनका कविताले देश परिवर्तनका लागि सबै तह र तप्काका मानिसहरूको विचारमा परिवर्तन आउनुपर्ने र त्यसरी गरिएको परिवर्तनको फल मीठो हुने ठान्दछन् ।

कवि भास्वर नेपालको प्राचीन ढर्राको अनुहारलाई पूरै परिवर्तन गर्ने सामार्थ्य भएको युग पुरुष सन्तान जन्माउने आमाको आशा एवम् खोजी गर्दछन् । विकृति विसङ्गतिका जराहरूलाई निर्मुल गर्न सक्ने, शोषण सामन्ती समाजको अन्त्य गरिनुपर्ने, लाश बेपत्ता पारिने सामाजिक स्थिति, दुःखीहरूको दिन कहिले पनि नर्फकने, जनताका गहमा कहिले आँशु नसुक्ने, गति नलिएको विकास यात्रा, खराबी हटाउन नसकेका खराबी दीर्घ कामना आदि जस्ता समस्यालाई निर्मूल गर्न सक्ने साहसिक, आँटिला साथै भविष्य निर्माण गर्न सक्ने परिवर्तनकारीविचारधारा बोकेका युवाको चाहनालाई छर्लङ्ग पारेका भावनाहरू उनका कवितामा पाइन्छन । उनको षड्यन्त्र कविता मार्फत प्रगतिवादी स्वरहरू यसरी घन्किन्छन् ।

सिरानीको साथ दिई दाउ पनि खोज्नेहरू

मुटुभित्र बास गरी स्वार्थी खेल रोज्नेहरू

जिन्दगीलाई सु:ख सयल मात्र यहाँ बुझ्नेहरू

हजार पटक मुटु चिरछन् हृदयलाई चिर्नेहरू

षड्यन्त्रकै पेशाहरू समाजमा गिर्नेहरू

भावनाको संगम, पृष्ठ ३४

उनका 'भावनाका संगम' मा 'गजल ३', .'गजल ५', 'मेरो डायरीबाट', 'नेपाली नेता हो, 'यस्तै हालत छ यहाँ', 'मृत्यु जित्ने कलमबाट', 'बाँच्ने रहरमा','सन्देश','द्वन्द्वको राष्ट्रिय पीडा' आदि सिर्जना प्रगतिवादी स्वरहरू गुन्जाएमान भएका छन् ।

त्यति मात्र नभई 'हासु त मुस्कान छैन','नउल्झाउ घाउ','दुर्दशाको रेल','उठौं अब''आँशुपुछि हुदैन हामीलाई', 'आन्दोलन चलिरहन्छ','खबरदारी','नयाँ नेपाल बनाऊ' कवितामा प्रगतिवादी झलकहरू पाइन्छन् । मेरो नेपाल कवितामा प्रगतिवादी स्वरहरू यसरी कविता मार्फत पोख्दछन्:

हिम्मत जागर गरौं अब देश बनाउन यहाँ

फालौ नारा राष्ट्र बनाउन हाम्रै नेपाली कहाँ

धर्ती सजाई नेपाललाई केही बनाउनु छ

नेपाली हामी यदी हौ भने देशकै कसम खानु छ

भावनाको संगम, पृष्ठ ३७

### ४.३.१.७ विसङ्गतीवादी स्वर

कवि भद्र भास्वर हाम्रा समाजमा विविध विसङ्गत पक्षहरूको खोजीमा पनि देखापरेका छन् । मानव मूल्य र मान्यतामा रही केवल भौतिक सुख प्राप्ति नै अन्तिम प्राप्ति ठानी त्यसका लागि सारा आयु खर्चेको देख्दा जीवन विसङ्गतीपूर्ण बन्दै गएको देखिन्छ । वर्तमान समयमा मानव विवेकहीन,मानवताहीन,हृदयहीन र समवेदना शून्य, क्रुर र अपराधी बन्दै गएको देखेका कविले मानवको यस्तो डरलाग्दो विचित्र आकृतिलाई विसङ्गगत कविता मार्फत यसरी प्रस्तुत गर्दछन् ।

मानिसले मानिसलाई पशु बली चढाएझैं

रक्त प्यासी सिंह जस्तै बसिरा'छन् अघाएझैं

बस्तीहरू उजाड भा'छन् महाभारतको युद्द जस्तो
मानिसहरू मरी रा'छन् पासो भित्र फसाएझैं
भावनाको संगम, पृष्ठ १२

राष्ट्र र समाजको नेतृत्व गर्ने स्वार्थ व्यक्तिहरूका लागि पनि उनले यसरी भाव पोख्दछन् :

आफ्नै देश विगारेर स्वार्थ खिच्नेहरू
तान्डव नृत्य गरी हिड्छन् कानुन मिच्नेहरू
कुर्सीको त्यो लडाँईमा जनता मारी हिड्छन्
निमुखाको दु.ख पसिना लुटी घिच्नेहरू
भावनाको संगम, पृष्ठ ५

### ४.३.२ शैलीका आधारमा

कविकलाकारहरूले विभिन्न शैलीमा आफ्ना मनका भावहरूलाई सिर्जनाका रूपमा अभिव्यक्ति गरेको पाइँन्छ । साहित्यकार भद्र भास्वरले पनि आफ्ना सिर्जनाहरूलाई विभिन्न शैलीमा पस्कने काम गरेका छन् । उनको भावनाको संगम कृति भित्रका सिर्जनालाई पनि शैलीका आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

#### ४.३.२.१ भावप्रधान

हृदय सागरबाट फुटेर आएका भावनाहरूलाई काठछाँट, तमझम, फेरबदल नगरी जस्ताको तस्तै प्रस्तुत गर्ने शैली नै भावप्रधान शैली हो ।

यस शैलीका कवितामा हार्दिकताको प्रचुरता पाइन्छ । खास गरेर बौद्धिकतामाथी हार्दिकताको नियन्त्रण गरिएका तथा प्रकृतिलाई मानवीकरण गरिएका अतिसय भावना र कल्पनाको अधिक्यता रहेका कविताहरू भावप्रधान कविता हुन् । साहित्यकार भद्र भास्वरका भावना प्रधानमा आधारित कविताहरू निम्नानुसार रहेका छन् । आँसुको भावना लघु शोक काव्य, मेरो डायरीबाट, नेपाली नेता हो, हाँस जीवन संगिनी, यस्तै छ हालत यहाँ, मृत्यु जित्ने कलमबाट, बाघको सट्टा सिंह जस्ता कवितामा भाव छछल्किएको पाइन्छ । उनले राष्ट्रप्रेम, विश्वबोध, भातृत्वप्रति जोड, अन्तराष्ट्रिय सचेतता, नारी वर्गमाथि सहानुभूति, क्रान्ति चेत, अतितप्रतीको मोह, यान्त्रिकता र बन्धनका विरूद्ध मुक्ति दिने भावना र कल्पनामा बगेर भावप्रधान शैलीको अनुसरण 'मिलन विछोड' कवितामा यसरी पोखेको देखिन्छ ।

कति माया मिलन हुन्छन्
कति माया विछोड हुन्छन्
कोही हसाउँछ
कोही रूवाउँछ
यस्तै त हो  नि जीवनको क्षण
कुनै फूल शिरको हुन्छ कुनै फूल बगैचाको
कुनै माया दिलको हुन्छ कुनै माया आखाको
झर्छन फूलछन फूलहरू प्रकृतिको छाँया
आउने जाने हुँदो रहेछ जिन्दगीमा पनि माया

भावनाको संगम पृष्ठ १०४

त्यस्तै स्वागत गर्दछौं हामी भन्ने जागरण गीतमा पनि यस शैलीको प्रचुरता पाइन्छ :

गाँउ शहर कन्दरामा जन गीत गाउनेलाई
अन्यायको विरूद्धमा किरणपुञ्ज छाउनेलाई
आफ्नो मुक्ति देशको मुक्ति गर्न जीवन दिनेलाई
युगौंदेखी बाधिएका जञ्जीर चुडिलिनेलाई

भावनाको संगम पृष्ठ १२१

**४.३.२.२ बिषयप्रधान :**

जीवन र जगत जस्तो छ त्यस्तै चित्रण गर्नु नै यर्थाथबादी शैली हो ।कोरा कल्पनाबाट मुक्त भएर जीवन र जगतको वास्तविकता तर्फ फर्कनु बिषय प्रधान शैलीको प्रमुख विशेषता हो । भद्र भास्वरका कविता, गीत र गजललाई हेर्दा उनका सिर्जनामा गजल र गीत यथार्थबादको निकट देखिन्छन त कतै कतै भावना र कल्पनाको छनक पाइएतापनि प्रगतिवादी यथार्थ नै उनको प्रमुख प्रस्तुती रहेको पाइन्छ । जस्तै भावनाको संगमभित्र रहेका बिभिन्न गजलहरू, लोकगीतहरू, जागरण गीतहरू, आधुनिक गीतहरू, र कवितामा प्रगतिवादी विषयवस्तु पाउन सकिन्छ । उनी सामजिक यथार्थ भावलाई 'अनुभूति' कविता मार्फत यसरी प्रस्तुत गर्दछन् । जस्तै :

भन साथी आजभोलि गीत गाउनु कँहा
वेदनाले छाती पोल्छ तडपीएर यहाँ

हिन्दा हिन्दै लास बन्छन् यात्रुहरू आज
श्रीमतीको बलत्कार छ आफ्नै सामु माझ
धन सम्पत्ति लुटिईन्छ अनेक बहानामा
मान्छेहरू रूदै हिड्छन हजार चिहानमा

भावनाको संगम पृष्ठ ९०

यसरी 'खबरदारी' शीर्षक जागरण गीतमा पनि यस शैलीको भावका अभिव्यक्त गरेका छन् :

वरपरका देशहरू आकास चुलिए हेर
हाम्रो त देश उधोतिर पसिना रगत छ खेर

भावनाको संगम, पृष्ठ ११४ ।

**४.३.३ लयका आधारमा**

लयलाई कविताको प्राण पनि भनिन्छ । कवितामा लय अमूर्त रहेको हुन्छ र छन्दले यसलाई मूर्त बनाउछ । भाषामा प्रयोग हुने स्वर व्यञ्जन वर्णहरूको उच्चारणका क्रममा उत्पन्न हुने साङ्गीतिक ध्वनि नै लय हो । सिर्जनालाई पनि पढी लयका आधारमा गद्य र पद्य गरी दुई खण्डमा अध्ययन गर्न सकिन्छ ।

**४.३.३.१ गद्य लय :**

भद्र भास्वरका अधिकाँस सिर्जनाहरू पद्यमा लेखिएका पाइएतापनि केही सिर्जनाहरू भने गद्यमा लेखिएको पाइन्छ । गद्यमा लेखिएका सिर्जनाहरूमा पनि भावको प्रधानता, लयात्मकता र हार्दिक अभिव्यक्ति समाविष्ट भएको पाइन्छ । जस्तैः- भावनाको संगममा रहेको कविता मृत्यु जित्ने कलमबाट हेर्दा

ए नयाँ पुराना शासक हो
नयाँ नेपालको गर्नेहरूको
परिवर्तन खोज्ने र भन्नेहरूको
दुनियाको जीवनलाई मार्ने र उकास्ने हो
नेपाल धर्तीमा राजनीतिको हुँकार छोडनेहरू हो
के नेपाली जनताहरूलाई हाल बनाएर झूठो कामका साचो कुरा बताएर

भावनाको संगम, पृष्ठ २३

अन्य शीर्षकहरूमा 'बाघको सट्टा सिँह', 'याद' कवितामा यस लयका छटाहरू पाइन्छन्

**४.३.३.२ पद्य लय**

लयका आधारमा भद्र भास्वरका कवितालाई विश्लेषण गर्दा वर्ण मात्रिक छन्द र मात्रिक छन्दमा आधारित नभई केवल लोक छन्दको प्रयोग प्रशस्त मात्रामा कविता तथा गीतहरू देखिन्छन् । अनुप्रासका दृष्टिकोणबाट उनका कवितालाई हेर्न सकिन्छ । जस्तै

क्षीतिज पुग्ने रहर थियो जिन्दगीमा पुग्न सकिएन
किरण-पुञ्ज बन्ने रहर थियो जुनकेरी नै बन्न सकिएन

भावनाको संगम, पृष्ठ १

यी माथिका पक्तिहरूमा लोक छन्दको प्रयोग गरिएको छ
त्यस्तै षड्यन्त्र कविताका पंक्तिहरूमा पनि पद्य लयको प्रयोग गरिएको छ

हजार बर्ष बाच्ने जस्तो जीवनलाई सोच्नेहरू
आफ्नै लागि हुन्छ भने आकाश पनि घोच्नेहरू
लास्तारामा नजिक भई दुनियालाइ टेक्नेहरू
एकान्तको छिट्कीपाए ढुंगा समेत बोक्नेहरू
षड्यन्त्रको खेल रच्छन् आफ्नो मुख छोप्नेहरू

भावनाको संगम, पृष्ठ ३५

**४.३.३.३ गीति लय**

भद्र भास्वरको गजल, गीत र कविताको त्रिवेणी रहेको 'भावनाको संगम' संग्रहलाई गीति लय अन्तर्गत पनि वर्गीकरण गर्न सकिन्छ । उनका कविता तथा गीतहरूमा गाँउ-घर, भीर-पाखा, नदी-नाला, वनजंगल, डाँडाकाँडा, कुना काप्चाका जनताहरूले सुसेल्ने लोकलयको अधिक प्रयोग गरेका छन् जुन भद्र भास्वरको विशेषता नै हो । समाजमा रहेका त्यस्ता अनगिन्ती लयलाई सामाजका पाठकहरूलाई रसस्वादन, खुराक, मनोरञ्जन, आनन्द, खुशीपन दिन उनको ध्येय बनेको छ । 'सुर्खेत' कवितालाई हेर्दा

देउती बज्यै,बुलबुले,काक्रेविहार
सुर्खेतमा हेर्न आउ मेरो हजूर
वरपर हराभरा वीरेन्द्र नगरी
जतातातै सुन्दर स्थल हो की स्वर्गपुरी
बुलबुलेमा धारा खस्छन् छहराको चालमा
त्यो दृश्यलाई हेर्न जान्छन् नतमस्तकको तालमा

**भावनाको संगम पृष्ठ ५२**

त्यस्तै अर्को गीति लय

दाङ् सल्याण बसैमा जाउला कपूरकोट
बिर्सिदेउ मायालु दीलमा लाग्ने चोट
हा-हा-हो-हो नेपालगन्ज कोहलपुर घोराही तुल्सीपुर
जाने होकी नजाने हो भन मनका सुर

भावनाको संगम पृष्ठ ५८

यस लयलाई दुःखी जीवन, झऱ्यो फूल लगाको शिरको, ए परदेशी,मनको पिर यस्तै हो, आँखी चालैमा, फोटो हेर्नु दलानको, पऱ्यो पिर यो भारी बैसैमा, जाउहिङ् राप्तीमा जान्न नभन, सल्यान हो घर हो घर, पिर परेनी नरोउ दाई धरर, छैन कोहीको घर हैन मेरो घर, ढल्किसक्यो जोवन, झुमरा गीत, हासी मायाँ लाईदेउ, कैची छुराले, वरपीपलको छाँया, कति रून्छ मन, सिन्दुर झऱ्यो निधार भरीको जस्ता विभिन्न गजल, गीत तथा गीति लयको स्वाद तथा अनुभूति प्रशस्त पाउन सकिन्छ ।

## ४.३.४ साहित्यिकता (बिम्ब, प्रतीक, अलङ्कार, छन्द, रस) का आधारमा

**बिम्ब प्रतीक**

'बी' धातुमा 'वन' प्रत्यय लागेर बिम्ब शब्द बनेको हो । प्रकृति तथा सामाजिक जीवनजगत्का व्यापक क्षेत्रबाट टिपिएका विभिन्न सामग्री बिम्ब हुन् । भाषामा विम्वात्मक शब्दहरुको प्रयोग हुन्छ । बिम्बले लाक्षणिक अर्थ बुझाउँदछ । कविले बिम्ब प्रयोग गरी कुनै समयका इन्द्रियजन्य ज्ञानलाई जोखीजोखी प्रस्तुत गरेको हुन्छ । कवितामा प्रयुक्त अलङ्कारको प्रस्तुतिमा पनि बिम्बकै सहायता लिइन्छ । बिम्बको प्रयोगबाट कविता सुन्दर, आलङ्कारिक र व्यञ्जनाधर्मी बन्छ भने भावसम्प्रेषणमा पनि यो सहायक सिद्ध हुन्छ । कवितामा साङ्गितिक, द्वन्द्व, व्यङ्ग्य, प्रशंसा आदि देखाउन र लक्ष्य अर्थ तथा व्यञ्जनार्थ देखाई आन्तरिक

संरचनामा गहनभाव प्रविष्ट गराउन बिम्ब प्रयोग हुन्छ । बिम्ब शब्दार्थका माध्यमले कवितामा प्रयोग हुने यसले कवितामा लाक्षणिक अर्थ वहन गर्दछ । रुप, गन्ध, रस, शब्दबिम्बका रुपमा कवितामा प्रयोग भई भावलाई गम्भीर बनाउने बिम्ब कविताको कलात्मक सौन्दर्य तत्व हो ।

प्रतीक बिम्बकै विशिष्ट रुप हो किनभने खास धारणा व्यक्त गर्ने बिम्बलाई नै प्रतीक भनिन्छ । प्रतीकले आफ्नो वास्तविक अर्थलाई अर्को वस्तुमा आरोपित गरी कविता वा गीतको कुनै पङ्क्ति, अनुच्छेद वा पुरै गीतलाई पनि ध्वन्यात्मक बनाइदिन्छ । प्राय : गीत तथा कवितामा थोरै शबदमा धेरै भन्न सक्ने सामर्थ्य अलङ्कार भन्दा पनि प्रतीकबाट प्राप्त हुने गर्दछ । त्यसैकारण बिम्ब र प्रतीकको अभावमा गीत सौन्दर्यबाट वञ्चित हुने मात्र नभई यसले विशिष्टता पनि प्राप्त गर्न सक्दैन ।

साहित्यकार भद्र भास्वरको भावनाको सङ्गम भित्रका सिर्जनामा पनि बिम्ब र प्रतीकको प्रयोग यत्रतत्र पाइन्छ । “बाघको सट्टा सिंह” शीर्षक कविताको केही अंश यसरी प्रस्तुत गरिएको छ, हेरौं :

डर र त्रास मरनेको सन्त्रास
जंगलमा उस्तै छ
शिकारी खेल बदेलको मात्रै हाहाकार त्यस्तै छ
त्यसैले यहाँ नङ्ग्रा नभाका दाह्रा नभाका
उनको जीवनको लागि
उस्तै व्यथा छ
उस्तै कथा छ
चलिरहेछ, चलिरहेछ ।

भावनाको संगम, पृ. ३० ।

यसका साथसाथै विभिन्न गजलहरु मेरो डायरीबाट यस्तै हालत छ यहाँ, मृत्यु जित्ने कलममाबाट षड्यन्त्र, बाघको सट्टा सिंह, नेपाली नेता हो, आदि शीर्षकका कविताहरुबाट विम्वात्मक र प्रतीकात्मक प्रहारहरु प्रशस्त पाउन सकिन्छ ।

लय विधान

लय कविताको अनिवार्य तत्व हो । लयबिना कविताको कल्पना गर्न समेत सकिंदैन । अन्य विधा र कविता विधा छुट्याउने आधार नै लय हो । लय विधान भन्नाले कविताको

पुनरावृत्ति वा शब्दहरुको पुनरावृत्तिबाट उत्पन्न हुन जाने एकप्रकारको शब्द चमत्कार हो । त्यसले पाठकवर्गलाई नयाँ प्रकारको रसस्वादनको अनुभूति गराउँदछ । द्वन्द्वको प्रयोग, छन्दको अनुशासन, शब्दको चैन विचलन सिर्जनाका साथै भाषिक अनुशासित पद र पदावलीको विन्यासक्रमले कवितामा उत्पन्न हुनजाने श्रुतिमा धुर्यतालाई नै लय भनिन्छ । त्यही लय उत्पन्न गराउनका लागि पालना गरिने शब्दालङ्कार र अर्थालङ्कारको सन्तुलित स्रयोजनबाट जुनप्रकारको मिठास पूर्ण भाव तरङ्ग, श्रोता वा पाठकको अनुभूति गर्छ । त्यसलाई नै लय विधान भनिन्छ ।

लय दुई प्रकाको हुन्छन् । छन्दवद्ध रुपमा रचिएको कवितालाई पद्य, गद्य र शब्दहरुको उपयुक्त संयोजन गरी गद्यमा लेखिएको कवितालाई गद्यन लय भनिन्छ । पद्य कविताबाट पद्यलयको रसस्वादन गरिनु भने गद्य कविताबाट गद्य लयको रसस्वादन गरिन्छ ।

यसरी लय विधानका दृष्टिले हेर्दा भद्र स्वरका कविताहरुमा गेयात्मक छन् । उनका कवितामा एक किसिमको लयात्मक तरङ्ग देखापर्दछ । वक्यौक्तिमय अभिव्यक्तिमा समेत भाव देखापर्ने यी काविले लायत्ममक अभिव्यक्तिमा समेत भाव देखापर्ने यी कविताका यी कविको लयात्मक तरङ्ग देखापर्दछ । वक्रैक्तिमय अभिव्यक्तिमा समेत भाव देखापर्ने यी कविको लयात्मक, साङ्गितिक र गेय गुण भएका गद्य कविता रच्ने विशेषतालाई साक्षात्कार गराउने पङ्क्तिहरु 'याद' शीर्षक कविताबाट लिन सकिन्छ ।

चाँदनी निशिथको सीतलतामा
वसन्तको त्यो कलिलो पालुवाहरुमा
प्रगाढ दिनको प्रज्वलितको प्रकाशपुञ्जमा
पसिना र आँसुहरुको फक्रिरहेको भेलहरुमा
अनि एक लास निर्जनको त्यो कल्पनामा
रातभरको त्यो क्षणिक फिल्म झै को सपनामा ।
तिम्रो त्यो दिव्यमुहार
अनि प्रभातिलो मुस्कान

भावनाको संगम, .पृ.सं. ४३ ।

त्यसैगरी भद्रभास्वरका छोटो वाक्यमा व्यक्त गर्ने 'आजभोलि' शीर्षक कविताको केही अंश यहाँ प्रस्तुत गरिएको छ :

पीडाले सताएको
व्यथाले जिताएको
उपड खापडमा भौतारिँदै
कालकुट विषले स्नान गर्दै
उभिएको छ जीन्दगी
भावनाको सङ्गम, पृ. ३ ।

यसरी कवि भद्रभास्वरको आफ्ना सिर्जनाहरुलाई गद्यलयमा अङ्गालेका छन् । यी माथिका दुईवटा उदाहरणबाट पनि के स्पष्ट हुन्छ भने भद्रभास्वरका कविताहरुमा गद्य लयको सशक्त अनुभूति भएको कुरा पुष्टि हुन्छ ।

**अलङ्कार विधान**

अलङ्कार भन्नाले काव्य वा कवितामा प्रयुक्त भाव र कलाको चमत्कारलाई जनाउँछ । अलङ्कार सिर्जना नगरी रचिएको यदि कुनै सिर्जना छ भने त्यसले पाठकवर्गमा कुनै प्रभाव पार्न सक्दैन । कविताको भाषा विचित्र र चमत्कारपूर्व हुनुपर्दछ । शब्द र वाक्य चमत्कार अनि कलाको विशिष्ट सिर्जनाले साहित्यलाई सजिव बनाउँछ । अलङ्कार विधान भन्नाले कवितामा प्रयोग हुने एकप्रकारको विशिष्ट संरचना शैलीलाई जनाउँछ । अलङ्कार दुईप्रकारका हुन्छन् ।

(क) शब्दालङ्कार
(ख) अर्थालङ्कार

**(क) शब्दालङ्कार**

कविता अगाीड शब्दहरु प्रशस्त हुन्छन् तर ती सबै शब्दहरु कविताका निम्ति उपयुक्त हुँदैनन् । कविले आफ्नो कवितालाई उत्कृष्ट र विशिष्ट बनाउनका लागि विभिन्न शब्दहरुको चयन गर्दछन् जसले रचनालाई विशिष्ट बनाइदिन्छ आदि, मध्य र अन्त्य अनुप्रासको संयोजन बाह्य समानान्तरताको सिर्जना, कोमल पद र पदावलीको श्रृङ्खलित विन्यासक्रम आदिले कवितालाई विशिष्ट र प्रभावकारी बनाएको हुन्छ । यस दृष्टिले हेर्दा कवि भद्रभास्वरका समग्र कविताहरुमा पूर्वरुपले अलङ्कारको चमत्कारपूर्ण प्रयोग भएको नपाइएतापनि कतिपय कविताहरुमा केही अंशहरुमा चमत्कारपूर्व प्रयोग भएको पाइन्छ ।

उदाहरणको लागि ‘मेरो डायरीबाट’ शीर्षक कविताको निम्न कविताांशलाई हेरौं ।

कति गाह्रो छ यहाँ
कति साह्रो छ यहाँ
भावनाको संगम, पृ. १७

त्यसैगरी ‘बाँच्ने रहरमा’ शीर्षक कविताको केही अंश
उ आतङ्ककारीको भोषित भयो
उ आतङ्ककारीको लासमा पसित भयो ।
भावनाको संगम, पृ. २८

प्रस्तुत पङ्क्तिमा अद्यानुप्रास, अन्त्यानुप्रासको सहज संयोजन भएको देखिन्छ । गद्य कवि र उनका कविता पनि वाद्यशैलीमा रचित भएको हुनाले कतिपय ठाउँमा अन्त्यानुप्रास मिलेको छ त कतिपय ठाउँमा मिलेको छैन । अरु जेजस्तो भएतापनि भद्रभास्वरका कविताहरुमा शब्दालङ्कार चमत्कारपूर्ण रहेको देखिन्छ ।

अर्थालङ्कार

अर्थालङ्कार भन्नाले कविताको बाह्य पङ्क्तिले पाठकलाई दिने आनन्द भन्दा अदृश्य रुपमा उसको मन र मस्तिष्कमा जुनप्रकारको अदृश्य भाव तरङ्ग उत्पन्न हुन जान्छ त्यसलाई अर्थालङ्कारका दृष्टिले हेर्दा साहित्यकार भद्रभास्वरका कविताहरुमा उपमा, उत्प्रेक्षा, रुपक, अतिशयोक्ति, स्वभावोक्ति आदि जस्ता अर्थालङ्कारहरु फेला पार्न सकिन्छ ।

उपमा अलङ्कारको उदाहरणको रुपमा ‘षड्यन्त्र’ शीर्षकको कविताको निम्न अंश हेरौं :

देख्दा मिठा चाख्दा तीता ऐरेलु झैं फल्नेहरु
अरुको त्यो प्रगतिमा दिनानुदिन जल्नेहरु
भावनाको संगम, पृ. ३४ ।

उपमा अलङ्कारको अर्को उदाहरणको रुपमा “बाँच्ने रहरमा” शीर्षक कविताको अंशबाट हेर्दा :

बवुरालाई के थाहा
बाघले मृग समाएझै घसारीयो
जमिनमा पछ्यारियो
संगिन छातीमा रोपियो
भावनाको संगम, पृ. २७।

रुपक अलङ्कारको एउटा नमुनाको रुपमा 'नेपाली नेता हो' शीर्षक कविताको केही अंश हेरौं :-

खराब प्रवृत्तिका नेताहरु पागलखानाका
नायक हुन्
भुजुङ्गाका मकै भट्ट पनि हुन्
भा.सं.पृ. १९

यसैगरी भद्रभास्वरको 'मृत्यु जित्ने कलमबाट' शीर्षकमा पनि रुपक अलङ्कारको छनक यसरी पाउन सकिन्छ।

सेतो इतिहासलाई कालो बनाउलान
मरुभूमिलाइ मधुवन भनी देलान
सगरमाथा पनि बंगाल खाडी बन्न सक्छ।
भावनाको संगम, पृ. २३।

दृष्टान्त अलङ्कारको एउटा उदाहरण 'आज भोलि' शीर्षक कवितामा यसरी प्रस्तुत भएको छ-
त्रासले काउरिएको
मृत्युले साउरिएको
भयाभट्टको सागरिदैं
विलापहरुमा तडपिदै
बाँचिएको छ जिन्दगी।

यसरी अलङ्कार विधानका दृष्टिले कवि भद्र भास्वर कविताहरुमा शब्दालङ्कार र अर्थालङ्कार दुबैको सहज संयोजन रहेको पाइन्छ ।

भाव विधान :

साहित्कारहरुले आफ्ना विभिन्न भावनात्मक अभिव्यक्ति विषयवस्तुका माध्यमबाट टपक्क टिपेर पस्कन्छ । समाजमा छरिएर रहेका त्यस्ता विषयवस्तुहरुले सामाजिक प्राकृतिक तथा मानवीय मूल्य र मान्यताको प्रतिनिधित्व गर्दछन् । साहित्यकार भद्रभास्वरको 'भावनाको संगम' मा पनि विभिन्न विषयवस्तुहरुमा उनका सिर्जनाहरु एकाकार भएका देखिन्छन् ।

वीररस

वीर रसको स्थायीभाव उत्साह हो । यस रसमा नायकनायिकामा कुनै आँटिलो काम गर्ने जोस हुन्छ । उनको जोसलाई उत्तेजित पार्न विपक्ष (शत्रु) वा त्यस्तै चुनौतीपूर्ण कुरा हुन्छन् । वातावरणले उसलाई हाक दिइरहेको हुन्छ । यस्तो स्थितिमा नायकनायिकामा शत्रुका विरुद्ध लड्न वा चुनौतीपूर्ण काम गर्नका निम्ति झन उत्साह र जोस बढ्छ । परिणामस्वरुप नायकनायिकामा रोमाञ्च हुन्छ, आवेग बढ्छ, गर्व हुन्छ, धैर्य र आँट थपिन्छ र ऊ चुनौतीका शत्रुलाई तह लगाउने भावको उत्कर्षमा पुग्छ । उसमा यस्तो भावको पुष्टि देखेपछि भाव मनमा विशिष्ट वीरत्को आनन्दभाव सञ्चार हुन्छ र ऊ अहलादित यहीलाई नै वीर रस भनिन्छ ।

कवि भद्र भास्वरका भावनाको संगम सिर्जनामा पनि वीररसमा ओतप्रोत भएका उत्साह स्थायीभाव भएका 'उठौ अब', 'आँशुपुछी हुँदैन हामीलाई', खबरदारी नेपाली नेता हो आदि जस्ता शीर्षकहरुमा वीररस पाउन सकिन्छ । जस्तै :

यो देशमा आँखा खोलेर पनि
यो देशको माटोमा हुर्केर पनि
यो देशको साडी खोल्न पुग्यौ
यो देशलाई हेर्न भन्दा
आफ्नै भुडी पोस्न पुग्यौ ।

भावनाको संगम, पृ. १८ ।

यसैगरी वीररसलाई अँगाल्दै 'खबरदारी' शीर्षक सिर्जनामा पनि केही अंश हेरौं :

नेपाली हो जन्मभूमि वर्वाद भएको
खबरदारी गर्दै बढौं प्रतिगमनको ।
भावनाको संगम, पृ. ११४ ।

करुण रस

करुण रसको स्थायी भाव शोक हो । आफूलाई मनपर्ने व्यक्ति वा कुराको नास हुँदा करुणा जाग्दछ, दुःख लाग्दछ र हृदयमा शोक फैलन्छ । यस्तो स्थितिमा शोकग्रस्त हुन पुगेका नायकनायिकलाई देख्दा सुन्दा वा पढ्दा भावकमा एक किसिमको दुःखात्मक आनन्द सञ्चार हुन्छ । त्यसैलाई नै करुण रस भनिन्छ ।

साहित्यकार भद्र भास्वरद्वारा रचित कृति भावनाको संगम भित्रका सिर्जनाहरुमा पनि करुण रसले स्थान पाएको छ । उक्त सङ्ग्रहमा दुःखी जीवन, झऱ्यो फूल लगाएको शीरको, फोटो हेर्नु दलानको आदि शीर्षक कविताहरुमा उक्त भाव पाइन्छ । 'चेलीको वेदना' शीर्षकको केही अंश हेरौं :-

चेलीको को आफ्नो छ र जता जानु उतै छ हन्डर
मनको पीर पोख्ने हो कहाँ रुन्छ कठै यो दिल धर्केर
भावनाको संगम, पृ. ५३ ।

श्रृङ्गार रस :

श्रृङ्गार रसको स्थायी भाव रति वा प्रीति हो । पुरुष र स्त्री तथा विपरित लिङ्गका बीचमा उत्पन्न हुने प्रीतिभाव वा रतिभावको परिपुष्टिका रुपमा श्रृङ्गार रस रहेको हुन्छ । नायकनायिका प्रेमीप्रेमिका हुन्छन् । उनीहरुको मिलन वा वियोगको अवस्थाले प्रेम भावलाई उत्तेजित पार्छ र सोही उत्तेजना अनुरुप उनीहरुमा प्रतिक्रिया देखिन्छन् अनि मोह, लाज, चिन्ता, जिज्ञासा आदि जस्ता व्यभिचारीका सहायताले राति स्थायी भाव परिपुष्ट बन्छ र श्रृङ्गार रस उत्पन्न हुन्छ ।

भद्रभास्वरका भावनाको संगम त्रिवेणीमा रहेको सिर्जनामा पनि श्रृङ्गार रसका प्रशस्त छटाहरु पाउन सकिन्छ । उनको 'आँखी चालैमा' शीर्षक गीतको केही अंश हेरौं :

आँखी चालैमा कान्छी
पीरतीको फन्दा पाऱ्यौ ख्याल ख्यालैमा

चोखो माया कान्छीलाई हाल नानी
सम्झी ल्याउँदा कान्छी बाहुली लगाउनी
भावनाको संगम, पृ. ६३ ।

यसरी उनका अन्य श्रृङ्गार रस ओतप्रोत भएका सिर्जनाहरु जाऊ राप्ती अञ्चल जान्ने नभन, हाँसी माया लाइदेऊ गुराँस रसैमा, आखीचालैमा सल्यान हो घर हो घर, साइलोजी, ढल्की सक्यो जोवन, कैची छुराले, वरपीपलको छाँया, कति रुन्छ मन मोहनी लायौ कि यात माया गहिरो भो, म भने एक सुरमा, जम्काभेट भयो नी आज हजुर आदि हुन् ।

शान्त रस :

शान्त रसको स्थायी भाव सम अथवा निर्वेद हो । यसमा समताभाव हुन्छ । यस रसमा लोभ, मोह, क्रोध नभएको शान्त मन भएको पात्र हुन्छ जसले सुखदुःख दुबैलाई एकसमान देख्छ, सुखमा मात्तिदैन र दुःखमा आत्तिदैन, कुनै पनि उत्तेजनामा देखिंदैन । धार्मिक वातावरण, दान, पूजा, त्याग, तपस्या जस्ता कुराहरुले यस्तो भावलाई उत्तेजित पार्छन् । त्यसको प्रतिक्रिया स्वरुप अनुहारमा शान्ति देखिन्छ । त्याग र धर्म भीरुता देखिन्छ अनि हर्ष, शान्तपन, दया आदि क्षणिक भाव जन्मदै बिलाउँदै गर्दछन् । यस्तो पढेर, देखेर वा सुनेर भावकका मनमा पनि समताभावको विशिष्ट आनन्द सञ्चार हुन्छ । यही आनन्तलाई नै शान्त रस भनिन्छ ।

साहित्यकार भद्रभास्वरको भावनाको संगम त्रिवेणीमा पनि 'अब मैले रुन छाड्या' छ शीर्षक गीतमा पनि शान्त रसले स्थान पाएको देखिन्छ । उक्त शीर्षकको केही अंश हेरौं :

जीन्दगीमा अब मैले रुन छाड्या छु
मुटु चुड्ने घाउमा पनि हास्न थाल्या छु
जीन्दगीमा अब मैले रुन छाड्या छु ।
भावनाको संगम, पृ.१०७ ।

### ४.३.५ शीर्षकको सार्थकता :

कुनै पनि सिर्जनाको शीर्षकलाई सर्जकले अत्यन्त गम्भीरतापूर्वक सोचविचार गरी राख्ने गरेको पाइन्छ । खास गरेर सिर्जनाको शीर्षक राख्दा मूलभाव, विचार वा सन्देश, मुख्य पात्र अथवा प्रमुख घटना तत्वलाई आधारमानी सर्जकले सिर्जनाको शीर्षक राख्ने गरेको पाइन्छ । भावनाको संगम कृतिभित्रका सिर्जनाको पनि कविले यिनै पक्षलाई ध्यानमा राखी शीर्षक चयन गरेका छन् ।

प्रमुख पात्रलाई आधार मानी शीर्षक राखिएका प्रमुख सिर्जनाहरुमा नेपाली नेता हो, शिक्षक हौ, ऐ प्रदेशी पर्दछन् ।

भाव, विचारका सन्देशलाई आधारमानी शीर्षक चयन गरिएका सिर्जनाहरुमा हाँस जीवन संगिनी, यस्तै हालत छ यहाँ, मृत्यु जित्ने कलमबाट, बाँच्ने रहरमा, आजभोलि, नेपालीपन, षड्यन्त्र, मेरो कलमे यात्रा, विचार, मेरो शब्द, समय, सन्देश द्वन्द्वको राष्ट्रिय पीडा, चेलीको वेदना, यही हो मेरो देश, झऱ्यो फूल लगाएको शीरको, मनको पीर यस्तै हो, आँखीचालैमा, फोटो हेर्नु दलानको, पऱ्यो पीर यो भारी वैशमा सल्यान हो घर हो घर, कति रुन्छ मन, वेदन लिई छाती पोल्छ, दिलको सिंहासनमा एउटैको गाथ हुन्छ किनकिन आजभोलि, मान्छेको मन मिलेको, हाँसु त मुस्कान छैन, नउल्झाऊ घाऊ, मुटुको घाउ निको भएन, वालो दिन गइसक्यो, बालक कालका कुराहरु, कल्ले देख्छ दील जलेको, टुहुरो जीन्दगी, आफ्नो विरानो, रहर पनि जहर हुन्छ, दुर्दशाको रेल, मिलनविछोड, सपनीले रुवाउँदो रैछ, खुशी के हो ? अब मैले रुन छाड्या छु, उठौं अब, आँसु पुछी हुँदैन हामीलाई, जनताको मन जलेसम्म आन्दोलन चलिरहन्छ, खबरदार, बालकको अधिकार राख्नु सरोकार, हातमा हात समाऊ, नयाँ नेपाल बनाऔं, स्वागत गर्दछौ हामी, मुक्तिका जनता त्यसै देख्दैनन् पर्दछन् ।

लयलाई आधार मानी शीर्षक चयन गरिएका सिर्जनाहरुमा साँइलोजी, झुमरा गीत, जम्काभेट भयो नि आज हजुर, बालगीत, कौडा गीत जे पर्दछन् ।

प्रतीकात्मक पात्रको आधार मानी शीर्षक चयन गरिएका सिर्जनाहरुमा मेरो डायरीबाट, मृत्युजित्ने कलमबाट, बाघको सट्टा सिंह, तोतेबोलीबाट, नेपाली हो पर्दछन् ।

स्थायी भावलाई आधार मानी शीर्षक चयन गरिएका रचना (गीत) हरुमा दाङ् सल्यान बसैमा, दुःखी जीवन, जाउँ हिउँ राप्तीमा जान्न नभन पीर परेनी नरोउ दाइ घरर, छैन कोइको भर, छैन मेरो घर, ढल्की सक्यो जोवन, हाँसी माया लाइदेऊ, कैंची छुराले, बरपिपलको छाँया, सिन्दुर झऱ्यो निधार भरीको, 'मोहनी लायौ कि यात माया गहिरो भो, गुराँस रसैमा, म भने एक सुरमा पर्दछन् । प्रमुख स्थानलाई आधारमानी शीर्षक चैन

गरिएका सिर्जनाहरुमा मेरो नेपाल, सुर्खेत, दाङ, सल्यान बसैमा पर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने उनका सिर्जनाहरुका शीर्षक सार्थक ढङ्गले चयन गरिएका छन् भन्ने कुरा प्रमाणित गर्न सकिन्छ ।

## ४.४ 'आँसुको भावना' लघुकाव्यको विश्लेषण

### ४.४.१ 'आँसुको भावना' लघुकाव्यको विषयवस्तु

भद्रसिंह बुढा 'भद्र भास्वर' नेपाली साहित्य जगतका एक बादलभित्र ओझेल परिरहेका अदृश्य तर एक महत्वपूर्ण प्रतिभा हुन । उनको 'कन्दराको कथा' खण्डकाव्य, 'आँशुको भावना' लघुकाव्य र 'भावनाको संङ्ग्रह गीत, गजल र कविता सङ्ग्रह प्रकाशित भइसकेका छन । अन्य थुपै उपन्यास, कथा, निबन्ध र कविताहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन । यिनै प्रकासित कृति मध्येको अत्यन्त कारूणिक एंवम मर्म स्पर्शी कृति हो आँशुको भावना । यस लघुकथामा थुपै राष्ट्रवादी एंवम कारूणिक भावनाहरू अभिव्यक्त भएको पाइन्छ । विधिको विडम्बना भनौ या दैविको खेल भनौ कविलाई युवा अवस्थामानै पत्नीको मृत्यु वियोगको सामना गर्नुपर्ने अवस्था आइपर्छ । रोम्यान्टिक कारण युवा अवस्थामानै साना नाबालक तीन छोराछोरीलाई छाडेर यस लोकबाट विदा भइसकेकी पत्नी स्वर्गीय अमृता बुढाका जीवनको अन्तिम क्षणका अव्यक्त आवाज भित्रका दुई थोपा आँशुका अभिव्यक्त भावना नै कविको यस लघुकथाको विषय वस्तु हो । जीवनको अन्तिम क्षणको अचेत एंवम शारीरिक रूपमा पूर्ण अशक्त अवस्थामा मृत्युको मुखनेर पुगेकी स्वर्गीय पत्नीका आँखाबाट निस्केका आँशुले कवि भास्वरलाई बारम्बार झकझक्याउने गर्न थाल्यो । जब उनि रातको निद्रामा हुन्छन तब सपनीभरी पत्नीको छाँया तथा प्रतिछाँयाले पछ्याउन थाल्छ कविलाई, जब उनी व्युझन्छन बिपनीमा तब पत्नीको सम्झनाले भावनामा डुब्न विवश बनाउँछ कविलाई । खाली जीवनको अन्तिम क्षणका आँसुको भावनाका सन्दर्भमा अनेक प्रकारका तर्क वितर्क जाग्न थाल्छ उनलाई । ती निर्जीव भित्रका जीवन्त आँसुले कविलाई बारम्बार जीवन र जगतका सन्दर्भमा दार्सनिक चिन्तन प्रस्तुत गरिरहेको भान हुन्छ । कहिले समाज परिर्वतनका सन्दर्भमा त कहिले पारिवारिक जीवनका सन्दर्भमा अनेक प्रकारका अर्थीउपदेश दिईरहेको अनुभूति हुन्छ कविलाई ती आँसुले । उनी अगाडि भन्छन्

झरे थोपा दुई आँसु तिनका नयनमा तल
देखिए बेदनाका पीडाहरू मोतीझैं झलल

आवाज आएन बोल्नलाई आँसु खसाली दिईन
आँसुको भावना बुझ्नु भनी नजरले संकेत दिइन्
छोराछोरी हेर्नु जतनले म त बिदा भैं गँए
जीवन छदाँ जो म थिए हजुरकी अब त शून्य भए
आमा आमा भन्लान तिनी रूदैं छोराछोरीले
खोजलान मलाई साँझ बिहान रूदैं बिचरबिचरीले
सके हाँस्नु हसाँउनु नसके नरूनु
के हुन्छ आखिरीमा बेकार बिलापमा नतड्पिनु
आँसुको भावना, .पृ ५ ।

उनका आँसुले अभिव्यक्ति गरिरहेका थिए जीवन र मृत्यु समाजका अनिर्वाय तत्व हुन यसलाई सहज ढङ्गले स्वीकार गर्नुपर्छ । आँसुको पिडालाई बिर्सिएर समाज रूपान्तरणका लागि निर्धक्क संग अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनका विरूद्ध निरन्तर क्रियाशिल रहनु पर्छ यसै क्रममा जे जस्ता बाधा र अड्चन आईपरेपनि तिनको सामना गर्दै सधैं भरी क्रियाशिल रहन उत्प्रेरित गरिरहेको भावना आँसुले अभिव्यक्त गरिरहेको कविलाई महसुस हुन्छ । उनको आँसुभित्र जहिले पनि बहुसंकेत जनताहरूको हितमा क्रियाशिल रहन अनुरोध गरिरहेको भान अनुभूत हुन्छ । जीवनलाई कठोर धातु बनाई समाजमा संर्घस गर्न र सामुहिक आँधी बनी समाजमा बिद्यमान फोहर कसिङ्गरहरूलाई उडाएर फ्याकिदिन अनुरोध गरीरहेकी थिइन् । उनले आँसुको भावनामा यसै सन्दर्भमा कवि भन्छन ।

भुल्नु दुःखका दिनहरू सबै तिनको शिक्षा लिनु
सुख भन्ने पाहुना हो दुःख लाई जीवन साथी ठान्नु
नब्बे रूने दस हाँस्ने यो व्यवस्था उडाउनु
अन्धकारमा गुफ भित्र लालकिरण जगमगाउनु
धातु बनाउनु जीवनलाई दरिलो आँटमा रहि
बढारनु सबै फोहर असिङ्गर समुद्री आँधी भई
आँसुको भावना, पृ. ८

यसै गरी उनको आँसुसंगै छोराछारीले आमाको सम्झना गरेमा नेपालको नक्सालाई देखाउनु र बाबुको सम्झना गर्नु पर्ने अवस्था आएमा ज्ञान र उपदेशको स्मरण गर्न लगाउनु

भन्ने भाव छचल्की रहेको थियो यस्तै प्रकारका भाव अभिव्यक्त गर्दागर्दै उनको जीवनको अन्तीम क्षण आईपुग्छ र उनी यस संसारबाट बिदा हुन्छिन ।

धेरै छिटो स्वास बढ्यो शरीर चलाएमान भयो
आँखा तिरमिराए सबैतिर शरीर तनक्क तन्कीयो
झ्याप्पै उड्यो चेतना सबै खाली मुर्दालोटियो
न त आँसु झर्‍यो शरीरको न त श्वासप्रश्वास दोहोर्‍यो
आँसुको भावना, पृ. १७

पत्नीको युवा अवस्थाको मृत्युले समाजलाई स्तब्ध तुल्याईएको र परिवारलाई भाव बिव्हल बनायो । अनि मृत्युको क्षणमा त्यहाँ उपस्थित कतिपय आफन्त जनका आँखाबाट आँसु रसाईरहेका थिए । कतिपय आफन्तका मुखार विन्दुबाट राम ! राम ! राम ! जस्ता शब्दहरू प्रस्फुटन भईरहेका थिए । कतिपयले छोटो समयकी पाहुना भएर आएकी हिड्यौ जाऊ-जाऊ स्वर्गमा बास पाए भन्दै जल, पुष्पगुच्छा चढाईरहेका थिए । कोहीले भने यस्तो मृत्यु देख्नु भन्दा मानव मस्तिष्कले नजन्मिएकै हुन्थ्यो । भगवान भनि अलाप-बिलाप गर्दै भगवानसँग पुकारा गरिरहेका थिए । यसै सन्दर्भमा कवि अगाडि भन्छन ।

कोही भन्थे राम ! राम ! स्वर्गमा बास लिनु नि बास लिनु नि
कोही बोल्थे फेरी पनि मानिस बनि आएनी
कोही भन्थे यस्तै जोडा यस्तै छोरा-छोरी पाउनु है
अर्को जुनि जन्मे पछि बैंसमाथि नजानु है
आँसुको भावना, पृ. १६ ।

ठिक यसै समयमा सानी बालिका कान्छी छोरीले आफ्नी आमाको मृत्युबाट अत्यन्त मर्माहित भई तड्पी-तड्पी चित्कार छाडेर आलाप - बिलाप गर्न थाली । मृत्यु पछिका दिनहरूमा छोरा छोरीका बिलौना - बिलौना झन झन तिब्रतर रूपमा देखा पर्न थाले ।

लागिसानी छोरीले त आमा भनि कराउन
बसेका कठै भनि लागे ति बर्बराउन
हाम्री आमा खै भनि रूदै प्रश्न गरी
घरभित्र चारैतिर हेरी वरिपरि

तोतेबोलीले आमा भन्छे यताउता हेर्छे
आमा आमा भन्दै उसले सधै बिलाप गर्छे
आँसुको भावना, २० ।

यसरी कारूणीक अति कारूणिक रूपमा यस लघु काव्यको समाप्ती हुन्छ । अत्यानुप्रासको पूर्ण पालना गरिएको यस काव्यमा लोक छन्दको प्रयोग गरिएको पाइन्छ । मुल रूपमा लोक छन्दमा सिर्जना गरिएको भएता पनि बीच बीचमा कविले छन्द भङ्ग गरी मुक्त रूपमा बहकिएको पाइन्छ । अत्यन्त कारूणीक भावनामा बहकिएका कविले हृदय स्पर्शी, मार्मिक अभिव्यक्तिहरू यत्र तत्र छताछुल्ल पारेको देखिन्छ । यस लघुकाव्यलाई जीवनको अन्तिम क्षणमा स्वर्गीय पत्नीले अमुक रूपमा अभिव्यक्त गरेको आँसुको भावना र मृत्यु पश्चात आफन्तजन तथा सानी छोरीले गरेको बिलापले करूण रसको परिपाक अवस्थामा पुऱ्याएको छ । यस लघुकाव्यमा करूण रसका अतिरिक्त वीर रसका नमुनाहरूपनि यत्र तत्र पाउन सकिन्छ । स्वर्गीय पत्नीका आँसुका भावना मार्फत प्रस्तुत वीर रसपूर्ण अभिव्यक्तिले जन्म र मृत्युको परिभाषा तथा मानव कर्तव्यका सन्दर्भमा गम्भीर रूपमा मनन् गर्न समाजलाई निर्देशन गरिएको पाइन्छ । समाज रूपान्तरणका लागि के कस्ता कार्यहरू गर्नुपर्छ र मानव कर्तव्य के हो जस्ता अभिव्यक्तिले हरेक पाठकलाई झक्झक्याउने काम गरेको छ । समाज र राष्ट्र अनि ज्ञान र उपदेश आमा र बुबा हुन जस्ता अत्यन्त गम्भीर एंवम लालीत्यपूर्ण अभिव्यक्तिले हरेक भाव झल्की एक पटक सोच्न विवश बनाएको छ यस लघुशोक काव्यले ।

### ४.४.२ आँसुको भावना लघुकाव्यको केन्द्रीय कथ्य

**केन्द्रीय काव्य**

केन्द्रीय काव्यका दृष्टिले यस काव्यलाई हेर्दा काव्यको शीर्षक आँसुको भावना रहेको छ । काव्य सिद्धान्तको आधारमा भन्नुपर्दा काव्यको शीर्षक र केन्द्रीय काव्य बीच घनिष्ट सम्बन्ध रहेको कुनै काव्य छ भने त्यसलाई उत्कृष्ट काव्य भनिन्छ । यस आधारमा खण्डकाव्यकार भद्रभास्वरको आँसुको भावना खण्डकाव्य उत्कृष्ट भएको निष्कर्ष निकाल्न सकिन्छ । काव्यका शास्त्रीय सिद्धान्तहरु अनुसार काव्यलाई मूल्याङ्कन गर्ने मापदण्डहरु शीर्षक, संरचना, परिवेश, कथानक, पात्रका चरित्र, लयविधान, अलङ्कार विधान र कथन पद्धतिका आधारमा मूल्याङ्कन गर्दा प्रस्तुत काव्य उत्कृष्ट भएको पुष्टि हुन्छ । त्यसैगरी रसका

दृष्टिले हेर्दा माधवप्रसाद घिमिरेको खण्डकाव्य 'गौरी' शोककाव्य जस्तै करुण र शोकमा डुबाउँछन् । कवि भद्रभास्वरले व्यक्तिगत घटनालाई पनि सामान्यकरण गर्दा साच्चै नै करुण बनेको छ जसको कारणले गर्दा प्रत्येक पङ्क्तिहरु आँसुका लहरजस्ता भएको कुरा पुष्टि हुन्छ । आफ्नी अर्धाङ्गिनीको दुःखद मृत्युको क्षणलाई खण्डकाव्यकारले मानवहरुको पीडामा रुपान्तरण गरेका छन् । कवि भद्रभास्वरको पत्नीभक्ति चेतनाको नयाँ तरिका हो । हरेक जीवनमा साथ दिने जीवनसङ्गिनी आफूलाई छोडेर अल्पायुमै परमधान गए पनि आफ्ना सन्ततिका लागि पनि बाँच्नुपर्ने अभिव्यक्ति यस खण्डकाव्यबाट पाइन्छ । करुणप्रधान यस खण्डकाव्यले प्रत्येक पाठकलाई करुणामा डुबाइदिन्छ । कोमल पद र पदावलीको संयोजनले काव्य सामान्य पाठकका लागि पनि सरल र सहज बनेको छ ।

### ४.४.३ 'आँसुको भावना' लघुकाव्यमा अलङ्कार विधान

अलङ्कार विधानका दृष्टिले हेर्दा यस काव्यमा शब्दालङ्कार र अर्थालङ्कारको सन्तुलित संयोजन पाइन्छ । शब्दालङ्कार भन्दा अर्थालङ्कारको सशक्त उपयोगले गर्दा यो काव्यमा अमिधा अर्थको भाव अभिव्यक्त भएको छ । कविका प्रत्येक पङ्क्तिका अन्तिममा अन्त्यानुप्रास मिलेको छ । यसका साथै कोमल पदावलीको पुनरावृत्तिले गर्दा यो काव्यशैली विधानका दृष्टिले हेर्ने हो भने शब्द अलङ्कारको सशक्त प्रयोग भएको देखिन्छ । काव्यको ठाउँठाउँमा आधानुप्रास र अन्त्यानुप्रासको सन्तुलित संयोजन देख्न सकिन्छ । जस्तै :

मर्ने मरी जान्छ त्यो गर्नेका लागि थुप्रै बाँकी हुन्छ ।
मर्नेको मात्र पीडा बोके चिन्ताले मात्र के गर्दछ ?
धैर्य गर्नु बाँच्नेले मर्नेको लागि त केही छैन ।
मृत्यु भनेको बाँच्नेको अभिसाप हो जानेलाई केही हुँदैन ।

आँसुको भावना, पृ. ५ ।

यसैगरी अर्थालङ्कारको पनि ठाउँठाउँमा उपयोग भएको छ जसले गर्दा काव्यमा आन्तरिक समानान्तरताको सिर्जना भएको देखिन्छ । 'आँसुको भावना' मा उपमा अलङ्कारको एउटा उदाहरण यस्तो छ ।

झरे दुई थोपा आँसु तिनका नयनमा तल ।
देखिए वेदनाका पीडाहरु मोति तझै झलल ।

आवाज आएन बोल्नलाई आँसु खसाली दिईन ।
आँसुको भावना बुझ्न भनी नजरले सङ्केत दिइन ।
(आँसुको भावना, . १)

रुपक अलङ्कार

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानो हो भन्नुलाई रुपक अलङ्कार भनिन्छ । उपमेय र उममानमा अभेद वा अभिन्नता देखाइने हुँदा यसमा वाचक शब्दको प्रयोग गरिँदैन ।

जस्तै :

असल नियतको योद्धा भए पहाडहरु झुक्दछन् ।
पहरा र पखेरामा रस्ताहरु खुल्दछन् ।
देख्तैन कसैले उसलाई सक्तैन रोक्नलाई ।
जान्छ तेज सरी त्यो सर्वस्थल झकमक्क बनाई ।
(अँसको भावना, पृ. ८)

४.४.४ आँसुको भावनाको शीर्षकको सार्थकता

आँसुको भावना खण्डकाव्यको शीर्षक दुई शब्दबाट चयन भएको छ । पदकोटीका हिसाबले हेर्दा 'आँसु' नाम पद हो । शाब्दिक अर्थमा भन्नुपर्दा 'आँसु' ले शोक, पीडा, वेदना, दुःखद घडीमा आँखाबाट निस्कने एक किसिमको पानी आँसु हो भन्ने जमाउँदछ भने 'भावना' शब्दले मनमा उत्पन्न हुने कल्पना, अनुभूति, संवेग, मनोभाव, आवेग, आवेश, लहड, मुड आदिको संकेत गर्दछ । यस काव्यको शीर्षक आँसुको भावना प्रतीकका रुपमा आएको छ । यसको मूलभाव नै आँसु हो । जीवनमा आँसु, दुःख, पीडा, वेदना आदि जस्ता दुःखद घडीहरुलाई सहनुपर्ने वाध्यता, परिस्थितिलाई यस खण्डकाव्यमा देखाएको छ । खाउखाऊ, लाउलाउ भन्ने वैसालु उमेरमा धेरै महिनादेखि थला परेर मृत्यु शैयामा लडीरहेकी -अमृता बुढा) आफ्ना मुखार विन्दुबाट जलन, पीडाहरु भन्न बोल्न नसकी आँखाबाट आँशुका धारा बगाउँदा कवि भास्वरलाई केही कुराको आभाष भए जस्तो लाग्दथ्यो । रोमान्टिक वायका कारण स्वर्गारोहण हुन पुगेकी अमृता बुढाको त्यस अवस्थालाई भावात्मक तरिकाले प्रस्तुत गरिएको हुनाले यस काव्यको शीर्षक अत्यन्त सार्थक देखिन्छ ।

# परिच्छेद- चार
# भद्र भास्वरका काव्यात्मक प्रवृति, काव्ययात्रा र उल्लेखनिय योगदान

## ५.१ भद्र भास्वरका काव्यात्मक प्रवृतिको अध्ययन

ग्रामीण परिवेशमा पनि स्थानीय सेरोफेरोमा हुर्केर विभिन्न विषय वस्तुहरूलाई टपक्क लिएर गजल, गीत, कविता, शोक लघुकाव्य र खण्डकाव्य लेख्ने एक बहुमुखी साहित्यकार हुन भद्र भास्वर । उनी उच्च कोटिकै साहित्यकारको रूपमा चिर परिचित छन् । भद्र भास्वरका काव्यात्मक अध्ययन गर्ने क्रममा स्थानीय क्षेत्रमा बसेर पनि यतिसम्मको प्रगति गर्नु पनि एक महान अभियान मान्न सकिन्छ । भद्र भास्वर आधुनिक नेपाली कविता जगतका समसामायिक धाराका कविका रूपमा चिन्न सकिन्छ । उनका काव्यहरूले विविध प्रवृतिका रूपमा उनलाई चिनाएका छन् । उनका केही कविताहरू स्थानीय पत्रपत्रिकामा देखा परेतापनि तीनवटा कृतिहरू प्रकाशनमा आएका छन । 'कन्दराको कथा' खण्डकाव्य २०४१ सालमा, 'आँसुको भावना' २०५४ सालमा र 'भावनाको संगम' २०६६ सालमा प्रकाशनमा आएका छन । जीवनमा विभिन्न किसिमका आरोह र अवरोह का साथमा पनि समाजलाई सुधारात्मक पक्षमा जोड दिन उनी आफ्ना कृतिहरूमा सुवास छर्न सदैब उत्सुक देखिन्छन । तिनै कृतिहरूका आधारमा कवि भद्र भास्वरका काव्यात्मक प्रवृतिहरूलाई यहाँ क्रमशः चर्चा गरिन्छ ।

### ५.१.१ प्रकृति चित्रण

कवि भद्र भास्वर प्रकृतिमा रमाउने प्रकृति प्रेमी व्यक्तित्व हुन । उनका अधिकाँश गजल, गीत, कविता तथा खण्डकाव्यहरूमा प्रकृति कै विभिन्न बिम्ब प्रतीक तथा वर्णले सजाएका छन् । उनले प्रायः जसो रचनाहरूमा प्रकृतिमा व्याप्त खोलानाला, डाँडाकाँडा, कुनाकन्दरा, उकालीओराली, खोल्साखोल्सी, भीरपाखाहरूलाई प्रस्तुत गरेका छन । उनले प्रकृतिलाई विविध रूपमा आफ्ना कविताभित्र प्रकृतिमा मिठास छर्न प्रयत्न गरेका छन । यसरी उनी प्रकृति प्रेमी कवि हुन भनेर ठोकुवा गर्न सकिन्छ । कन्दराको कथा खण्डकाव्यलाई नियाल्दा प्रशस्त प्रकृति चित्रण छताछुल्ल भएको पाइन्छ । उक्त प्रकृति चित्रणको केही अंश यसरी प्रस्तुत गर्दछन :

भीर र छाँगा वारी र पारी बीचमा त्यो भारी
डाँडा र काँडा पहाडको ठाँउ उकाली ओराली

कन्दराको कथा, पृ. ५

यसै गरी भावनाको संगमको 'जाँउ हिड राप्तीमा जान्न नभन' कवितामा प्रकृतिको चित्रण यसरी गर्दछन् ।

हा सल्यानको सल्लेरीमा बनभोज खाँउला
पहाडका लालीगुराँस बनमा गई रमाँउला
रोल्पा, रूकुम, दाँङ्, सल्यान प्यूठान
जाँउ राप्ती अञ्चल आन्न नभन
जाँउ हिड राप्तीमा जीवन बिताउन

कन्दराको कथा, पृ. ६८ ।

**५.१.२ स्वदेश प्रेम**

साहित्यकार भद्र भास्वरका कविता तथा खण्डकाव्यहरूमा आफू जन्मेको देश नेपालप्रति औधी सम्मान र आस्था प्रकट गरिएको, स्वदेश प्रतीको भाव मनग्गे पाउन सकिन्छ । हामीले जे जस्ता कामहरू गरेका छौ ती कामहरू देश र समाजका निम्ति गर्नुपर्दछ भन्ने देशप्रेम, राष्ट्रप्रेम, समाजप्रेम उनका कवितामा प्रशस्त पाउन सकिन्छ । हामीले आफ्नो देश, समाज र सिङ्गो राष्ट्र बचायौ भने मात्र देशको अस्तीत्व रहन्छ भन्ने मान्यता र सोच उनीमा रहेको छ । त्यसैले साहित्यकार भद्र भास्वरले हातमा हात समाउँदै देशको बिकास गर्नु पर्दछ भन्ने आवाज 'नयाँ नेपाल बनाऔं' कविता मार्फत स्वदेश प्रतीको माया र प्रेम यसरी पोख्दछन :-

हातमा हात समाई नँया नेपाल बनाऔ
देशको बिकास गरेर सबैले मातृभारा कटाऔं

भावनाको संगम, पृ. १२०

त्यसैगरी भद्र भास्वरका अन्य कवितामा पनि स्वदेश प्रेमलाई आफ्नो ज्ञान, सीप प्रयोग गरी देशको माटो भित्र बहुमूल्य वस्तु फलाउने आँट गर्नुपर्दछ भन्ने विचार नेपालीपन कविताका पङ्क्तिपुञ्ज मार्फत अभिव्यक्त गर्दछन :-

यो देशको माटो भित्र सुन फलाउने आँट गर्ने
संसारको सामुआज विकास किरण पुञ्ज छर्ने
देश बनाउने योद्वाहरू यो मातृभूमिलाई फलाउने छन
आ-आफ्नो ज्ञान सीप यो देशलाई सजाउने छन

भावनाको संगम, पृ.३३

**५.१.३ सामाजिक एवम् राजनैतिक विकृति र विसङ्गतिको बिरोध**

साहित्यकार भद्र भास्वरले नेपाली समाजको प्राचीन मूल्य र मान्यतामा विचलन आएको आभास व्यक्त व्यक्त गर्दछन । राजनैतिक विकृतिका कारण समाज दिनदिनै विखण्डित भइरहेको, वर्गीय बिभेदले जनजीवन कष्टकर भएको, लिङ्गीय, जातीय, वर्गीय, क्षेत्रीय दङ्गा बढिरहेको, शोषक वर्गले जनतालाई नोकर ठानिरहेको र देश दिनानुदिन गरिब बन्दै गएको देखेर कवि असन्तुष्टि भएको देखिन्छन । उनका कवितामा सामाजिक एंवम राजनैतिक विकृति र विसंङ्गतिको प्रयाप्त विरोध गरेको पाइन्छ । जतिसुकै गर्छु भनेता पनि बेहाल जनताहरूको अवस्थालाई भद्र भास्वरले 'आन्दोलन चलिरहन्छ' शीर्षक कविताबाट केही अँश यसरी प्रस्तुत गर्दछन :-

साँचो कुरा झुटो बनाई झुटो साँचो बनाउँदा
आफूले नै अपराध गरी निर्दोर्षीलाई फसाउँदा
तीललाई पाहाड पाहाड तील बनाउने जालहरू
देश खाने जनता खाने षड्यन्त्रका चालहरू
तल देखि माथी सम्म माथीदेखि तल आई
लुटीराछन देश यँहा सिमित व्यत्तिले गरी रजाँई

भावनाको संगम, पृ. ११२

यसै गरी विसङ्गती र विकृतिको विरोध गर्दै 'विचार' शीर्षक कविताले पनि विचारलाई कमजोर ढाल्ने र जनताहरुको टाउको खाने सिंह बन्ने प्रवृत्तिलाई भास्वरले यसरी व्यक्त गर्दछन् :

विचारलाई तृण मान्ने सत्ता ठूलो सम्झी
जनताका टाउको खाने सिँह जस्तै झम्टी

भावनाको संगम, पृ. ४०

**५.१.४ युद्व र अशान्तिको विरोध**

युद्व र अशान्तिले ग्रस्त नेपाल नचाहदा नचाहदै पनि कहिलेकँही हामीलाई स्वीकार्न बाध्य हुन जान्छ । हाल सम्म पनि खासै शान्तिको अनुभूति गर्न नपाएका हाम्रो नेपालमा अझै के कुरा हुनेछ थाहा छैन । यस्ता अशान्तिमय वातावरणको बिरूद्धमा पनि कवि भद्र भास्वरले कलम चलाएका छन । उनका कविताहरूमा पनि नेपालीले नेपालीलाई मार्न, दमन गर्न, अन्याय गर्न, अत्याचार गर्नु, शोषक सामन्तीका साथै बलात्कृत गर्न अपराध ठान्दछन । साहित्यकार भद्र भास्वरले पनि शान्तिकामी नेपालको उन्नति होस भन्ने भित्री आत्मादेखि ईच्छा प्रकट गर्दछन । शान्तिसँग जीवनयापन गर्न वास्ता नभएकोले 'द्वन्दको राष्ट्रिय पीडा' कविता मार्फत युद्व र अशान्तीको भाव अभिव्यक्त हुन्छ :-

तर शान्ति भएन यँहा हजारौंको बिनास हुदा
अझ वास्ता भएन यँहा सयौ बस्ती उजाडीदा
भावनाको संगम, पृ. ४९

' यस्तै हालत छ यहाँ ' शीर्षक कविताबाट पनि भद्रभास्वरले जनताले पाएको विहाल अवस्थालाई यसरी प्रस्तुत गर्दछन् :

दुई नेटीको एउटा भेल
दुई बन्दुकको तारो खेल
माथीबाट डाडुको मर्का
तलबाट आगोको झर्का
यस्तै छ नेपालीको आजको हाल
यस्तै छ जनताको बिहाल
भावनाको संगम, पृ. २२

यी माथिका पङ्क्तिका साथसाथै उनका 'मेरो डायरीबाट', 'मृत्यु जित्ने कलमबाट', 'षडयन्त्र' आदि शीर्षकका कविताबाट युद्व र अशान्ति विरोध गरेको पाइन्छ । भद्र भास्वरको खण्डकाव्यको रूपमा देखा परेको कन्दराको कथामा पनि युद्व र अशान्तिको वीरोध गरेको पाइन्छ ।

### ५.१.५ अन्धपरम्पराको बिरोध

साहित्यकार भद्र भास्वरले आफ्ना कविता मार्फत समाजलाई छपक्क छापेका अन्धपरम्पराको विरोध गरेका छन । ग्रामीण क्षेत्रमा जडागाडेको अन्धकारलाई देख्दा छक्क परेका साहित्यकार अन्धपरम्पराकै कारण उनी समाज बिकासमा अवरोध भएको देख्दछन् । सत्यताको खोजी गर्न नसक्नु, ठुला बडाले जे गरे पनि हुनु, गरिब निमुखा जनताले बाध्य भएर अन्याय सहनु, प्रतिकार गर्न नसक्नु उनका कविता तथा खण्डकाव्यहरूमा भेटाउन सकिन्छ । भद्र भास्वरकै कृति भावनाको संगममा सङ्ग्रहित कविता 'विचार' शीर्षकको अंशलाई नियाल्दा :-

मुखमा राम राम पेटमा छुरा तिम्रो पुर्खेबानी
जनतालाई रैती मान्ने तिम्रो कुराकानी
आफू ईश्वर अरू राक्षस तिम्रो हेराई हुन्छ
तिम्रो अपराध जनता सामु इन्कलावले चिन्छ
भावनाको संगम, पृ. ४१

## ५.१.६ नैतिक आदर्शप्रति जोड

कवि भद्र भास्वरको कृतिहरूमा पनि नैतिक आदर्शप्रति जोड दिएको पाइन्छ । नेपाली समाजमा बसोबास गर्ने जनताहरूमा नैतिक मूल्य र मान्यता घट्दै गइरहेको कवि भद्र भास्वरले देख्दछन । नारी अस्मिता लुट्न पल्केकाहरूले नैतिकताको बोध तोडी समाजलाई प्रदुशित तुल्याएको उनका कवितामा देख्न सकिन्छ । नैतिक चरित्र उलङ्घनकै पराकाष्ट चेलीबेटी बेचबिखन भएको उनी ठान्दछन् । उनका कतिपय कविताहरूमा भष्टचारीको विरोध गरी नैतिक आदर्शहरूमा जोड दिएका छन् । भद्र भास्वरका कृति भित्र रहेर नैतिक आदर्शप्रति जोड दिदै ग्रामीण क्षेत्रको अन्धकार फाली सच्चा समाजको परिकल्पना गर्नुपर्दछ भन्ने कुरा 'तोतेबोलीबाट' शीर्षक कविताबाट यसरी केही अंश प्रस्तुत गर्दछन :-

आजै बाट देशकै बोली बोल्ने काम गर
गाँउघरको अन्धकार फाल्न अघि सर
अन्याय र अत्यचारको प्रतीकार गर
गाँउ बस्तीको पछ्यौडे पन फल्न अघि सर
भा.स. पृ .५४

त्यस्तैगरी उनका अन्य कविताहरू 'मेरो डायरीबाट', 'षडयन्त्र', 'नेपाली हो' आदि जस्ता शीर्षक कविताका साथै कन्दराको कथा खण्डकाव्यमा पनि नैतिक आदर्शप्रति जोड दिएको पाइन्छ ।

### ५.१.७ मानवीय त्रासदीको चित्रण

कवि भद्र भास्वरका कृतिहरूमा पनि थुपै मानवीय त्रासदीको ओतप्रोत भएको पाइन्छ । वर्तमान समयको मानिस विवेकहीन, हृदयहीन, मानवताहीन, संवेदना शुन्य, क्रुर र अपराधी बन्दै गएका कारण समाजमा मानवीय त्रासले ठूलो सम्राज्य फैलिएको उनले देख्दछन । मान्छेले मान्छेलाई चिन्न नसक्नु आफ्नो जस्तो प्राण अरूको पनि हुन्छ भन्ने नसम्झनुमा उनका कविताले चिन्ता व्यक्त गरेका छन् । यत्र तत्र सर्वत्र त्रासदी पूर्ण शोषकीय, सामन्तीय प्रवृतिमा बाच्नु पर्दा मानव संसार संङ्कटपूर्ण भएको अभिव्यक्ति ' बाघको सट्टा सिँह ' शीर्षक कवितामा पाउन सकिन्छ ।

परम्पराको ठर्राबाट प्राणीको रगत चुस्ने
पुरानै दाँत, पुरानै नङ्ग्राले सिङ्गै लुछने
कहानी खेलमा
उस्तै बङ्गारा, उस्तै नङ्ग्रा उस्तै दाह्रा
उस्तै हिडाँई उस्तै मिचाई उस्तै नखरा
केवल रंग फरक अकार फरक चलन त उही छ
कुप्लुक्क खान्छ चऱ्याप्प तान्छ व्यथा त त्यही छ
चुईक्क कोही बोल्यो की पोल्यो खेल भने त्यही छ

भावनाको संगम, पृ. २९

### ५.१.८ प्रगतिशील चेतना

साहित्यकार भद्र भास्वरका खण्डकाव्य तथा कविताहरूमा प्रगतिशील चेतना प्रशस्त मात्रामा पाउन सकिन्छ । उनी आफ्ना कविता तथा रचना मार्फत यथास्थितिको विरोध गर्छन् र परिर्वतनको चाहना राख्दछन् । समाजमा व्यापक रूपमा जडा गाडेर रहेको सामन्ती संरचनाले गरिब र काम गरी खाने वर्गलाई ऋणको भारी बोकाई दुःख दिएको आशाको दीपमाथि शासक वर्गले निरासाको बादल फिजाएको, परिर्वतनको आवाज सुसेल्नेहरूलाई आतँकको छर्राले तितरबितर पारेको चित्रण उनको खण्डकाव्य र कवितामा

पाउन सकिन्छ । उनीले खण्डकाव्य र कविता मार्फत गरिब, निमुखा, मजदुर, श्रमजीवि जनताहरू एक मत हुन र समाज परिर्वतनका पक्षमा आवाज दिन सबैलाई आग्रह गर्दछन :-

उठौ अब नेपाली जनता यसो गरी यो शासन चल्दैन
स्वतन्त्रता खोज्नेहो भने एक जुट भई नउठी हुदैन
भावनाको संगम, पृ. १०८

प्रगतिशील चेतना भएका भावहरू कन्दराको कथाको खण्डकाव्य पनि यसरी छचलकिन पुग्दछ । जस्तै :

फूलाउ उधान मानव भित्र शोषण हटाई
चारित्रिक सच्चा असल समाज धपक्क बलाई
कन्दराको कथा, पृ. १०७

**५.१.९ मानवतावादी भावना**

साहित्यकार भद्र भास्वरले खण्डकाव्य तथा कविता मार्फत मानवतावादलाई पनि स्थान दिएका छन् । उनी आफ्ना कवितामा मानवीय मूल्य र मान्यतालाई आत्मासाथ गर्दै विश्व बन्धुत्वको लागि अभिव्यक्ति दिन्छन । मानवले मानवताको भावना बुझ्नुपर्ने, अन्याय र अत्याचारको प्रतिकार गर्नुपर्ने जस्ता भावना भद्र भास्वरले आफ्ना कविता मार्फत व्यक्त गरेका छन । जातीय धम्की, वर्गीय धम्की, लैगिक विभेदलाई 'चेलीको वेदना ' शीर्षक कवितामा कविले यसरी प्रस्तुत गरेका छन् ।

जातको धाक धनको धाक लगाउने बेलामा
कति सहुँ यो चेलीको अपार हैंलामा
भावनाको संगम, पृ. ५३

त्यसै गरी ' बाँचने रहरमा ' शीर्षक कविताबाट पनि उक्त भावनाको प्रस्तुती यस अंश बाट पाउन सकिन्छ :-

कालुराम र नन्दुराम श्रमगरी खाने बीचारा

उद्योग र पसिनामा बिश्वास राख्ने बबुरा
भावनाको संगम, पृ. २५

साहित्यकार भद्र भास्वरका खण्डकाव्य कन्दराको कथा, आँसुको भावना शोक खण्डकाव्य र भावनाको संगममा रहेका शिक्षक हौ, टुहुरो जिन्दगी, तोतेबोलीबाट जस्ता कविताका शीर्षक हरूमा मानवतावादी भावनाहरू पाउन सकिन्छ ।

## ५.१. १० भविष्यप्रति आशावादी

कवि भास्वरका कविताहरूमा भविष्यप्रति आशावादी भएका विभिन्न कविताहरू पाउन सकिन्छ । प्रसस्त निरासा भित्र उनले आशाका दीप पनि उभ्याएका छन । समाजमा अन्याय, अत्याचार, गरिबी, शोषण बलत्कृत जस्ता विसङ्गति अवस्थाबाट पार पाउन हामी आशावादी बन्नु पर्ने उनीले देख्दछन् । जीवन व्यतित गर्ने क्रममा अँध्यारा पक्षहरू थुपै भएपनि उज्यालाका लप्काहरू बल्न सक्ने उनका कविताहरूले संकेत गरेका छन । निरासाका सुस्केराहरू फेर्दै जीवन प्रति आशाको सञ्चार गर्न प्रयत्नशील देखिन्छन् । भर्खरका युवाहरूमा व्याप्त केही गरौ भन्ने भावना, हाम्रा प्राकृतिक सम्पदाको भण्डार, समयको परिर्वतनले केही गर्न सक्छ भन्ने भावना उनका कवितामा पाइन्छन् । उनको ' उठौ अब शीर्षक कवितालाई हेर्दा भविष्यप्रति आशावादी हुनका लागि इतिहासबाट नैं जडा गाडेको अन्याय र अत्याचारलाई फाली स्वतन्त्र समाजको निर्माण गर्नु पर्दछ भन्ने आग्रह छ । भविष्यप्रति आशावादी भएका केही सिर्जनाका अंशहरु यसप्रकार छन् ।

इतिहाँसका पाना हेऱ्यो जम्मै धोकै धोका
जनताका टाउकाहरू उनकै बली बोका
चिन्नुपर्छ युगौदेखि अन्यायको खानी
फाल्नु पर्छ यस्तो चलन नेपालबाट तानी
भावनाको संगम, पृ. १०८

देश बिगार्नेहरूलाई छोड्नु हुन्न भन्ने कुरा र आ-आफ्ना कुराहरूलाई सच्याउनु पर्छ भन्ने दृष्टिकोण यसरी प्रस्तुत गर्दछन :-

आ-आफ्नो कम्जोरी सच्याउनु पर्छ
देश खाने जनता खाने कोही चिन्नु पर्छ
आफ्नो देशको सन्तान भुटी बाबु बन्नेलाई
छोड्नुहुन्न अब यसलाई मपाँई भन्नेलाई

भावनाको संगम, पृ.१०९ ।

## ५.२ भद्रसिंह बुढा भद्र भास्वरको साहित्यिक यात्राको अध्ययन :

साहित्यकार भद्रसिंह बुढाको साहित्यिक यात्रालाई मूलतः दुई खण्डमा विभाजन गरी निम्न अनुसार अध्ययन गर्न सकिन्छ ।

### ५.५.१ अनौपचारिक साहित्यिक यात्रा :

सल्यान जिल्लाको प्राकृतिक रमणीय स्थान रिम गा.वि.स. वार्ड नं.२ रिम भन्ने गाँउमा जन्मेका भद्र भास्वर बाल्यकालदेखि हालसम्म उही स्थानमा बसोबास गर्दै र अध्यापन गर्दैछन् । प्रारम्भदेखि सल्यानमा जीवनयापन गरिरहेका साहित्यकारको व्यक्तित्वको आधारशिला त्यहाँको ढुंङ्गा, माटो, वनजंगल, खोलानाला र प्राकृतिक वातावरण हुन् । उत्तरतिरको सिस्ने जलजलाको मनोरम दृश्य, पहाडमा हिउँले पगरी गुथेको सेताम्मे अग्ला होचा पहाडले हसिलो मुस्कान दिइरहेको, पहाडका कुना कन्दरामा भिरपाखामा रक्ताम्मे लालीगुँरास फूलहरूले ढकमक्क स्वागत गरेको आभास हुन्छ । कहिले पनि नथाक्ने झरनाहरू झरिरहेको मनोरम दृश्यमा हुर्किएका साहित्यकार भद्रसिँह बुढा त्यहाँका पहाडका फेदीमा गुन्जाएमान नदीहरू साथै विभिन्न रङ्गीविरङ्गी चराहरूका चिरबिर आवाजहरूले सुसज्जित भीरपाखामा हुर्किएका उनी प्रकृतिबाट टाढा रहन  सकेनन् । त्यसैले उनलाई कृतिहरूको रचना गर्न ती वस्तुहरूले प्रेरित गरे । विद्यालयमा छँदा उनले कविता, गीत लेख्दै गुरू र साथीहरूलाई ती रचनाहरूलाई सुनाउने गर्दथे । बेला मौकामा स्कुलहरूमा हुँने कार्यक्रममा पनि सहभागी भएर विभिन्न पुरस्कारहरू पनि पाएको देखिन्छ । पढाईका क्षेत्रमा पनि राम्रो र सिर्जनाका पाटोमा पनि क्षमता भएको कारणले उनी मान्यजन र गुरूहरूका प्यारा बन्न पुगेको देखिन्छन । सल्यानी बिकट ग्रामीण क्षेत्रमा बालसाहित्यका सामग्रीहरू उपलब्ध नहुने त्यतिबेलाको समयमा पनि भेटाएसम्मका साहित्यिक कृतिहरू उनले पढ्ने र उत्साहित भएर लेख्ने गरेको पाइन्छ । आजभोलिको जस्तो स्थानीय स्तरमा पत्रपत्रिकाहरू

नछापिने त्यो अवस्था भएका कारण उनका थुप्रै निबन्ध,उपन्यास, कविता, गीत खासै मात्रामा प्रकाशन हुन सकेनन् । कुनै पनि सास्कृतिक कार्यक्रम, महोत्सव, मेला,पर्व तथा अन्य अवसरमा नृत्य प्रस्तुत गर्ने, कुशल नृत्य निर्देशकका साथै राजनीतिका विभिन्न निकायहरूमा संलग्न रहेबाट उनी एक कुशल राजनैतिक व्यक्तित्वका रूपमा रहेको पाइन्छ । यसरी उनी नितान्त साहित्यकार मात्र नभई बहुआयामिक व्यक्तित्वका रूपमा देखापर्दछन् । उनका दर्जनौ कृतिहरू अझै केही प्रकाशोन्मुख तथा केही अप्रकाशित अवस्थामा रहेको पाइन्छ । यसै प्रकार उनको साहित्यिक अनौपचारिक यात्राको प्रतिफलले नै उल्लेखनीय अवस्थासम्म उनलाई पुऱ्याएको पाइन्छ । यिनै केही क्रियाकलापका साथ उनको अनौपचारिक साहित्यिक यात्रा रहेको पाइन्छ ।

### ५.२.२ औपचारिक साहित्यिक यात्रा

साहित्यकार भद्रसिंह बुढाको औपचारिक साहित्य यात्राको प्रारम्भ कक्षा ४ पढ्दादेखि नै शुभारम्भ भएको पाइन्छ । साहित्यकार भद्रसिंह बुढाको चरणहरूलाई साहित्यिक निम्न दुईचरणमा विभाजन गर्न सकिन्छ ।

(क) पुर्वार्द्ध चरण  (पाण्डुलिपिकाल) शुरूदेखि वि.स.२०४१ सम्म

(ख) उत्तरार्द्ध चरण (प्रकाशन काल) वि.स २०४१ देखि हालसम्म

### ५.२.२.१ पूर्वार्द्ध चरण (शुरूदेखि वि.स.२०४१ सम्म)

भद्र भास्वरको साहित्यिक यात्रा बाल्यकालसँगसँगै निरक्षर परिवारबाट आरम्भ भएको देखिन्छ । साँझको फुर्सदको समयमा बुवाआमा तथा दाजुहरूबाट भनिने कथाहरू, पौराणिक कहानी रामायण, महाभारत आदि जस्ता कथाहरूबाट उनलाई आफूभन्दा तीनवर्ष जेठा दाजु शेरबहादुरबाट शैक्षिक वातावरण प्राप्त भएको थियो । शिक्षा क्षेत्रतर्फ प्रभावित भई शिक्षा आर्जन गर्न उनलाई सफलता मिलेको देखिन्छ । हुने विरूवाको चिल्लोपात भनेझै कक्षा ४ मा पढ्दा उनको यस्तो कविता देखापर्दछ । जस्तै

दु:खत हाम्रो जीवन साथी हो सु:खत पाहुना हो ।
दु:ख पऱ्यो भनी छाति पिटी रोएर हुन्छ के ?

यसरी जीवन यापनको क्रम सँगसँगै वि.स.२०३० सालमा कक्षा ७ मा अध्ययन गर्ने क्रममा विभिन्न गीत, कविता लेख्ने गाउने नाटकको अभिनय कलामा अग्रसर भएका

देखिन्छन् । विद्यालय स्तरीय अतिरिक्त कृयाकलापमा निर्धक्कका साथ सहभागी हुन र अनुशासित भई सच्चा विद्यार्थीका रूपमा देखापरेका भद्र भास्वर वि.स.२०४२ सालको एस.एल.सी. परीक्षामा पास हुन्छन् । त्यसपछिको उनको अध्ययन क्षेत्र घरायसी समस्या र अनेकौ बाधा अर्चनाका र आर्थिक अभावका कारण रोकिन पुग्दछ । यस चरणमा प्रथम उपलब्धी भनेकै विभिन्न विधाका विभिन्न शीर्षकहरूका खेस्रा तयार गर्नु हो । ती खेस्राहरूमा उपन्यास, निबन्ध, कविता, शोककाव्य जस्ता विधागत स्वरूप देखापरेका छन् । जुन यस प्रकार छन् ।

| | | |
|---|---|---|
| १. | वियोगको वेदना | - शोक काव्य |
| २ | भिमा | - उपन्यास |
| ३ | सेता महलमा बेदनाका आँसु | - निबन्ध तथा कविता संग्रह |
| ४ | नियाल्दै जाँदा | - निबन्ध संग्रह |
| ५ | पहिलो संघर्ष | - छोटो निबन्ध |
| ६ | मुक्तिका हिमायति | - कविताको संगालो |
| ७ | राजनीति रहर होईन बाध्यता हो | - कविताको संगालो |
| ८ | निर्धा हो उठ न उठ हो | - कविताको संगालो |
| ९ | भाग्य के हो अभाग्य के हो | - कविताको संगालो |
| १० | यो बेलाको धर्म | - कविताको संगालो |
| ११ | सम्झना ! आमा तिम्रो ! | - कविताको संगालो |
| १२ | अन्य फुटकर कविता तथा गीत | - कविताको संगालो |

यसरी साहित्यकार भद्र भास्वरको पूर्वार्द्ध चरण अत्यन्त कृयाशील तथा उपलब्धीपूर्ण देखिन्छ । यस चरणका साहित्यिक विशेषताहरु निम्नानुसार छन् :

- विभिन्न साहित्यिक विधामा कलम चलाउनु,
- विषय वस्तुगत स्रोतमा विविधता ल्याउनु,
- संख्यात्मक हिसाबले धेरै पाण्डुलिपि तयार गर्नु,
- नेपाली साहित्यफाँटमा नयाँ आयाम थप्नको लागि तत्पर रहनु,
- मोफसलमा रहेर पनि नेपाली साहित्यको उत्थानमा जोड दिनु

**५.२.२.२ उत्तरार्द्ध चरण (प्रकाशन काल) वि.स २०४१ देखि हालसम्म**

वि.सं. २०४१ सालदेखि औपचारिक रुपमा कृति प्रकाशित छन् । उनको साहित्यिक यात्राको उत्तरार्द्धचरण सुरुवात भएका पाइन्छन् । जीवन भोगाईको यथार्थले उनलाई साहित्य लेखनमा केही कठिनाई परेतापनि यस चरणमा तीन ओटा कृति दिन सफल भएका छन् । उनले रेडियोमा गीत रेकर्डका साथसाथै निबन्ध, समालोचना र फुटकर कविताहरू पनि केही पत्रिकामा प्रकाशित भरेका छन् । उनी कुशल राजनीतिज्ञ, कुशल नृत्य निर्देशक तथा साहित्यका विविध विधाहरूमा मोफसलको सफल र प्रतिष्ठित साहित्यकर्मीका रूपमा पनि देखा परेका  छन् । प्रशस्त मात्रामा शहर बजारका जस्ता पत्रपत्रिकामा प्रकाशित हुने क्षेत्र भइदिएको भए सायद उनका रचनाहरू प्रशस्त प्रकाशित हुने थिए होलान तर त्यसो नहुनु उनको दुर्भाग्य ठहर्छ । आर्थिक संकटका साथसाथै पारिवारिक समस्या हुँदाहुँदै पनि कारणले यस चरणमा 'कन्दराको कथा' (वि.स.२०४१/१२/१५) मा खण्डकाव्य कृति देखापर्दछ भने वि.स.२०५४ साल मंसिर महिनामा 'आँशुको भावना' लघु शोक काव्य देखापर्दछ । त्यस्तै उनको 'भावनाको संगम' (वि.स.२०६६/०३/१७) गते गजल, गीत र कविताको सङ्ग्रहको रूपमा देखापर्दछ । यस 'भावनाको संगम' कृतिमा १५ ओटा विभिन्न गजलहरू, १७ ओटा कविताहरू, ३१ ओटा विभिन्न गाउँवेसीमा गाइने विभिन्न लोकगीतहरू, १८ ओटा आधुनिक गीतहरू र ११ ओटा जागरण गीतहरू विभिन्न शीर्षकहरूमा क्रमबद्ध तरिकाले राखिएको छ ।

जीवनयापन गर्ने समयसम्म साहित्यिक रचनाहरुमा साहित्यकार भद्रसिंह भास्वरले आफ्नो अति व्यस्त समयका बाबजुत पनि साहित्यिक कृतिहरु प्रकाशित भरेको पाइन्छ । अध्यापन कार्य नै जीवन बाँच्नको मूल आधार बनाएका भद्र भास्वरले आफ्नो विहान बेलुकाको समयमा साहित्यिक सिर्जन भर्ने भरेको समेत देखिन्छ । अध्यापन सेवाले उनलाई जिम्मेवारी बढाएकोले ज्यादा समय नभए पनि वर्तमान समयमा 'अन्तिम रात' कथा सङ्ग्रह प्रकाशनमा आउने तयारीमा रहेको छ । प्रारम्भको तुलनामा यस चरणमा भने विधागत रूपमा केही सचेतता रहेको पाइन्छ ।

## ५.३  नेपाली कविताको विकास क्रममा भद्र भास्वरको स्थान

काव्यविधाको उपविधा कविता हो । यो नेपाली साहित्यको सबै भन्दा जेठो बिधाको रूपमा मानिन्छ । नेपाली जनजीवनमा प्रचलित लोकगीतको इतिहास धेरै पुरानो भएतापनि लेख्य साहित्यको प्रारम्भ भने नेपाल एकीकरणको अभियान संगसंगै बि.स. १८२६ सालमा तत्कालीन कवि सुभानन्द दासको 'पृथ्वीनारायण' कविताबाट देखापरेको हो । यसै

कविताबाट नेपाली साहित्य क्षेत्रमा प्राथमिककालको प्रारम्भ भएको मानिन्छ । प्रारम्भीक कालका प्रायजसो कवितामा ऐतिहासिक महापुरूषको वीरताको बर्णण, जातीय स्तुति र वीररसको भावनामा ओतप्रोत भएको पाइन्छ ।

बि.स. १८२६ देखि बि.स. १९४० सम्मको समयावधीलाई प्रथमिक काल भनिन्छ यस समयमा राज्य एकीकरणको अभियानमा राजा महाराजाहरूको गुणगान र जातीय वीरताको गायनलाई महत्व दिएको देखिन्छ। बि.स. १८७२मा सुगौली सन्धीको समयसम्म वीररसबाट प्रधानता पाउँदछ र यस धारालाई नेतृत्व गर्ने कार्य तत्कालिन कवि सुभानन्द दासले गरेका थिए ।

वि.स. १८७३ देखि बि.स. १९४० सम्मको समयावधीलाई भक्तिधाराका रूपमा चिनिन्छ । सुगौली सन्धीबाट नेपाली वीर वीरङ्गनाहरूले बाध्य भएर सन्धी गरेपछि शान्ति पाउनका निम्ति र धर्म बिजारोपण गर्नका निम्ति रामभक्तिधाराको थालनी आदिकवि भानुभक्त आर्चायबाट सुरु हुन्छ । रामभक्ति धाराकै चर्चा परिचर्चा गर्ने क्रममा कृष्णभत्तिको धारालाई बसन्त शर्माले निमन्त्रणा गर्दछन् । यस समय पश्चात ज्ञानदिल दासको निर्गुण भक्तिधाराले स्थान पाउँदछ । यि माथिका उल्लेखित भक्तिधाराका मुलकारण नेपाल एकीकरणको अभियान र नेपाल अङ्ग्रेज युद्दको परिणाम स्वरूप धेरै मानवीय क्षति हुन्छ । कोहि अपाङ्ग हुन्छन र त्यो क्षतिबाट अस्तव्यस्त रहेको तत्कालीन समाज मरेका मृत आत्माका लागि चीर शान्तिको कामना र अपराधबाट मुक्तिपाउनका निम्ति यी धाराहरूको उदय भएको देखिन्छ । यी तीनै धाराका कविहरूले नेपालीहरूलाई भाषिक एकीकरण गरे । एउटै मालामा गाँस्ने सौभाग्य पनि पाए यो समयावधी मोतीराम भट्टको उदयसंगसंगै बि.स. १९४० सम्म रहयो ।

वि.स. १९४१ देखि बि.स. १९७४ सम्मको समयावधीलाई माध्यमिक कालीन समय भनिन्छ । यस समयमा केन्द्रीय प्रतिभाका रुपमा देखापर्ने युवा कवि मोतीराम भट्ट हुन भने नेपाली साहित्य कविताको क्षेत्रमा कोल्टो फेर्ने मौका पनि यसै समयबाट प्राप्त हुन्छ । युवा कवि मोतीराम भट्टको आगमनसंगसंगै रतिरागले युक्तश्रृङ्गार रसले उच्च स्थान पाउँदछ । यस समयमा मोतीराम भट्टबाट नै गजल विद्याले पनि प्रवेश पाँउदछ किनकी अंग्रेज र नेपालको युद्दमा नेपाली जवान युवाहरू अंग्रेज सेनामा भर्ती हुन जान्छन भने नेपाली युवतीहरू नेपालकै कुना कन्दराहरूमा वा गाँउघरमा भएकाले श्रृङ्गार धाराले युक्त गजल विधाले प्रवेश पाउँदछ । बि.स. १९७४ मा सूक्तिसिन्धुको प्रकाशन हुन्छ । र सो सँगसँगै श्रृङ्गारिक धाराको अन्त्य भई नेपाली कविताले आधुनिक कालको प्रारम्भ हुन्छ ।

आधुनिक कालको जग बि.स. १९७५ मा बसेर बिभिन्न धाराहरूमा विभक्त हुदै

जाँदा बि.स. १९७५ देखि १९९० सम्मको समयावधी लाई परिस्कारबादी धाराका रूपमा चिनाई ऋतुविचार खण्डकाव्य १९७५ मा प्रकाशनमा ल्याएर लेखनाथ पौड्याल केन्द्रीय प्रतिभाका रूपमा देखा पर्दछन् । यस काललाई अझ बिस्तार गर्न सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान (सुघपा) त्रिमुर्तिका रूपमा र जातीय जागरणको विगुल फुक्न थाल्दछन । कविता क्षेत्रमा दार्शनिकताको शुरूवात पनि यही १५ बर्षकै समयावधीमा हुन्छ । यस समयका महत्वपूर्ण उपलब्धि भनेकै कविता विधाले आधुनिकतातिर प्रवेश गर्नु र खण्डकाव्यस्तरका मौलिक कृतिहरु जन्मनु नै हुन ।

परिस्कारवादी धारालाई ओझेल पार्दै बि.स. १९९१मा "शारदा" पत्रिकाको प्रकाशन सँगसँगै स्वच्छनन्दतावादी धाराको कवि लक्ष्मीप्रसाद देवकोटा उदय हुन्छ । लक्ष्मीप्रसाद देवकोटाका सहयात्रीका रूपमा देखापरेका कवि सिद्धिचरण श्रेष्ठले चेतनाको दियो बाल्ने प्रयास गर्दछन । यस समयमा केन्द्रीय प्रतिभाको रूपमा देवकोटा देखापर्दछन् भने अर्कोतर्फ कवि गोपालप्रसाद रिमाल आफ्नै मौलिक गद्यशैली दिएर क्रान्तिकारी स्वर सुसेल्दछन । बालकृष्ण सम पनि उहि स्वरलाई सुसेल्दै देखा पर्दछन । यसका साथसाथै अन्य कविहरूमा सोमनाथ सिक्देल, भिमनिधि तिवारी, माधवप्रसाद घिमिरे यस धाराका मूर्धन्य व्यक्तित्वका रूपमा देखा पर्दछन । बि.स. २०१६ सालमा कवि लक्ष्मीप्रसाद देवकोटाको देहाबसान संगसंगै यस धाराले पनि बिश्राम पाउँदछ ।

बि.स. २०१७ सालमा 'रूपरेखा' पत्रिकामा प्रयोगवादी लेखनको प्रारम्भ हुन्छ । कवि मोहन कोइरालाको कविता 'घाइते युग' बाट नेपाली साहित्यिक क्षेत्रमा नयाँ मोड देखा पर्दछ । यसपछि कविता क्षेत्रमा अमूर्तलेखनको सुरुवात हुन्छ । त्यसबेला श्री ५ महेन्द्रले पञ्चायती व्यस्थालाई आफ्नो कब्जामा पार्नु र राजनितिक क्षेत्रमा बन्देज लगाई साहित्यले अर्को मोड लिन बाध्य भयो । त्यसपछि नेपाली साहित्यको क्षेत्रमा प्रयोगवादले स्थान पाउँदछ र केन्द्रीय प्रतिभाको रुपमा कवि मोहन कोइराला देखा पर्दछन् । यस समयमा देखा पर्ने अन्य नेपाली साहित्यकारहरू तीलबिक्रम नेम्बाङ्, इन्द्र बहादुर राई र ईश्वर हुन । यस कालको मुख्य उपलब्धी भनेको विभिन्न साहित्य विधाका लेखरचनामा दुर्वोधता, क्लिसटता, स्वरैकल्पना, घुमाउरो अभिव्यक्ति बिम्ब र प्रतीकको आधिक्यता र नविन शील्पको प्रयोग यस बादको प्रमुख विशेषता हो । यस वादको समयावधी वि.स. २०२९ सालसम्म चलिरहयो ।

वि.स. २०३० सालदेखि वर्तमान सयमसम्मको अवधिलाई समसामायिक धाराको रूपमा हेर्न सकिन्छ । यस धारामा विभिन्न नयाँ पुराना सम्पूर्ण धाराहरूले स्थान पाएता पनि यही हो भनी ठोकुवा गर्न सकिँदैन । तैपनि नेपाली कविताको प्रयोगवादी धारामा उत्पन्न

सम्प्रेषण सङ्कटबाट पाठकहरू लाई मुक्त गर्ने उद्देश्यका कारण यस धाराको सूत्रपात भएको हो भन्न सकिन्छ । यस धारामा देखा पर्ने साहित्यकारहरू दिनेश अधिकारी, बिमला निभा, फनिन्द्र नेपाल, चाँदनी शाह, ईश्वर बल्लभ, मञ्जुल, गोपाल पराजुली, रामप्रसाद ज्ञवाली, मोहन दुलाल, नेत्र एटम, मनु बज्राकी, शिव अधिकारी जस्ता प्रमुख व्यक्तिहरू रहेका छन् ।

नेपाली साहित्यको इतिहासमा समसामयिक धारामा कलम चलाउने अर्को प्रतिभा भद्र भास्वर वि.स. २०४१ सालमा 'कन्दराको कथा' नामका खण्डकाव्यमा देखा पर्दछ र भद्र भास्वरको औपचारिक यात्रा प्रारम्भ हुन्छ । उनले नेपाली साहित्यमा एउटा खण्डकाव्य दिने काम गरेका छन र खण्डकाव्यको भण्डारलाई भर्ने काम गरेका छन । यो उनको महत्वपूर्ण योगदानको रूपमा लिन सकिन्छ । १३ वर्ष पश्चात उनीले २०५४ सालमा 'आँसुको भावना' नामको लघुशोक काव्य ल्याएर देखा पर्दछन । यस 'आँसुको भावना' नामक एउटा वृहत लामो कविताको आकारमा नेपाली साहित्यले एउटा कृति पायो । जुन कृति खास गरेर अत्यन्त शोक, बिह्ल एंव करूण रसले ओतप्रोत भएको लघुकाव्य हो जसले कवि माधवप्रसाद घिमिरेको गौरी खण्डकाव्यलाई स्पर्श गर्ने प्रयत्न समेत गर्न पुग्दछ र यो दोस्रो कृति आँसुको भावनाले पनि योगदान दिन सफल भएको देखिन्छ । त्यसैगरी भद्र भास्वरले २०६६ सालमा आएर आफ्नो लेखन कलालाई केही परिर्वतन गरेर पृथक रूपमा देखापरेका छन । शुरूमा उनी प्रगतिबादी कविको रूपमा देखा पर्दछन । उनका कविताहरूले समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडन विरूद्ध जुझारू आन्दोलन गर्ने जस्ता भावनाहरू उनका श्रृजनामा पाइन्छन । वि.स. २०६६ मा आएर जब उनी 'भावनाको संगम' कविता, गीत, गजलको संयूक्त सङ्ग्रहको रूपमा देखा पर्दछ । यस कृतिमा उनीले श्रृङ्गार धारा, समसामयीक धारा, समसामयिक नेपाली विषयवस्तुमा पनि कतै नारीका बिरह र वेदनामा पनि कलम चलाएका छन । त्यस्तै नेपाली ग्रामीण जनजीवनमा रहेका देखिएका कृषकका समस्याहरू सामाजिक जनजीवनमा रहेका ती सरल, सोझा र निमुखा निम्न वर्गका व्यक्तिहरूका पीडा र व्यथाहरू त्यसतै शिक्षा पेसामा  रहेका पीडा र व्यथाहरू त्यसैगरी शिक्षक पेसामा कलम चलाएका छन । उनले नेपाल र नेपाली राष्ट्रलाई झल्काउने किसिमका प्राकृतिक सम्पदाहरूलाई मूलभूत विषयवस्तुका रूपमा भावनाको सङ्गममा समेटने प्रयास गरेका छन । यसरी उनको नेपाली साहित्यमा गीत, गजल र कविता देखि लिएर लघुकाव्य 'आँसुको भावना' र खण्डकाव्यको रूपमा 'कन्दराको कथा' जस्तो कृतिहरुको प्रकाशन गरेर साहित्यको भण्डारलाई भरीलो पार्ने काम कवि भद्र भास्वरले गरेका छन् । यो नै उहाँको सबै भन्दा महत्वपूर्ण उल्लेखनीय योगदानका रूपमा लिन सकिन्छ ।

## ५.४ नेपाली कविता काव्य क्षेत्रमा भद्र भास्वरले दिएको योगदान र मूल्याङ्कन

उनलाई मूल्याङ्कन गर्ने मूलआधारहरूमा कवि भद्र भास्वर श्रृजनाको क्षेत्रमा थुपै कृतिहरू लेखिसकेका छन् । तर ती कृतिहरू पूर्णतया प्रकाशित हुन सकिरहेका छैनन् । उनलाई बहुमुखी प्रतिभाको प्रतिमुर्ति भन्दा पनि हुन्छ । उनलाई कलाकारको रूपमा अध्ययन विश्लेषण गर्न पनि सकिन्छ किनकी उनले थुपै गीतहरूमा आफ्ना गहकिला स्वर दिइसकेका छन् । नाटकहरूको क्षेत्रमा, अभिनयका रूपमा, नित्य निर्देशकका रूपमा, त्यसैगरी कलाकारिताको रूपमा पनि चिन्न सकिन्छ । राजनैतिक क्षेत्रमा राजनैतिक व्यक्तित्वको रूपमा साथै मार्क्सवादी दर्शनबाट आफ्ना विचारहरूलाई आत्मसाथ गर्ने समाजलाई सधै सङ्गठित गर्ने शान्तिको बिगुल फुक्ने र क्रान्तिको नेतृत्व गर्ने व्यक्तित्वको रूपमा चिन्न सकिन्छ । साहित्यकार भद्रसिंह बुढालाई श्रृजनाको क्षेत्रमा हेर्दा उनले पाण्डुलिपिका रूपमा उपन्यास, निबन्ध, नाटक, कविताहरूका साथै कथाहरू पनि लेखेका छन तर प्रकाशन हुन बाँकी नै देखिन्छन् । उनका हालसम्म प्रकाशित कृतिहरूमात्रै हेर्दा पनि उनी काव्यबिधाका कवि हुन् जस्तो देखिएता पनि समग्रमा मूल्याँङ्कन गर्दा साहित्यको क्षेत्रमा कविकार, उपन्यासकार, कथाकार, गीतकार, निबन्धकार का रूपमा चिन्न सकिन्छ । यही विविध बिषयवस्तुहरूमा कलम चलाईएका कारण नेपाली साहित्यमा सफल र काव्य विधाका सशक्त प्रतिभाका रूपमा उनिलाई मूल्याङ्कन गर्न सकिन्छ । नेपाली साहित्यिक विविध विधामा कलम चलाएका, राजनैतिक व्यक्तित्व, कलाकारीता र समाजिकक्षेत्रमा सहयोगीको भावना भएका कारण बहुमुखी प्रतिभाका रूपमा उनलाई मूल्याङ्कन गर्न सकिन्छ ।

परिभाषा वा संस्थाका हिसाबले मात्र व्यक्तिको मूल्याङ्न गर्नु भन्दा उनको सतकर्मलाई निस्वार्थ भावले सहर्ष स्वागत गर्नुपर्ने हुन्छ । सहज प्रवाहमय व्यक्तिका धनी नभए तापनि आफ्नो व्यस्त समयबाट केही अँश भद्र भास्वरले नेपाली साहित्यलाई दिएका छन । निरन्तर लगनशील बनेर नेपाली साहित्यको भण्डार भर्न दिएका यी कृतिहरूलाई महत्व दिइनुपर्छ । बिन्दु-बिन्दु मिलेर सिन्धु बन्ने यर्थाथ सबैका सामु छ । ग्रामीण र पिछडिएको क्षेत्रमा पनि जन्मिएर नेपाली भाषा साहित्यप्रति अगाध प्रेम भाव राख्ने सबै साहित्यानुरागीले कवि भद्र भास्वरबाट प्रेरणा र सन्देश लिनुपर्दछ । आफ्ना कवित्व चेतनालाई उच्च बनाउदै काव्य तत्वको आधारमा आफ्ना कविता रचनाहरूलाई परिस्कृत र परिमार्जित गर्न भद्र भास्वर तल्लीन हुनुपर्ने देखिन्छ । समग्रमा भद्र भास्वरका परिणात्मक रूपमा धेरै कृति प्रकाशनमा नदेखिए तापनि उनीले जे जति कविता, काव्य रचना गरेका छन । तिनको गुणात्मक रूपमा मूल्याङ्न गर्दा आधुनिक नेपाली कविता परम्परामा नेपाली

फुटकर कविता र खण्डकाव्यको यात्राका क्रममा भद्र भास्वर एक लगनशील, मिहिनेती, जुझारू र प्रष्ट प्रतिभाका रूपमा स्थापित साहित्यकार हुन् ।

# परिच्छेद-छ
# उपसंहार

साहित्यकार भद्र भास्वर नेपाली साहित्यको क्षेत्रमा स्थानीय स्तरमा चिरपरिचित व्यक्तित्व भएतापनि उनको सन्दर्भमा हालसम्म कुनै सरकारी तथा गैरसरकारी संघ-संस्था वा अध्ययन संस्थाबाट अध्ययन विश्लेषण हुन नसकिरहेको यस अवस्थामा यो अध्ययन एक महत्वपूर्ण सामग्रीको रूपमा रहेको छ । आफ्नो निजी प्रयासबाट कन्दराको कथा खण्डकाव्य, आँसुको भावना लघुशोक काव्य र भावनाको संङ्गम गजल, गीत, कविता को त्रिवेणी कृति प्रकाशन गर्न सफल भएतापनि विविध कारणवस उनका पाण्डुलिपीका रूपमा रहेका भीमा उपन्यास, कथासङ्ग्रह, निबन्ध सङ्ग्रह र सयौं कविताहरू अफ्न प्रकाशन हुन सकिरहेका छैनन् । यस्तो व्यक्तित्वलाई यस अध्ययन भित्र साहित्यकार भद्र भास्वरको जीवनी, व्यक्तित्व, कृतित्व र उनको साहित्यिक यात्रा तथा साहित्यप्रतीको योगदान, मूल्याङ्कन र नेपाली साहित्यकारको सन्दर्भमा उनको स्थान निरूपण गर्ने प्रयत्न यस अध्ययनमा गरिएको छ ।

खास गरेर यस अध्ययनको प्रथम परिच्छेदमा शोधपरिचयलाई प्रस्तुत गरिएको छ । यस प्रथम परिच्छेदमा साहित्यकार भद्र भास्वरका बारेमा गरिएका पूर्व अध्ययनहरू र अध्ययन गर्न बाँकी विषय वस्तुलाई निक्यौल गरी निश्चित उद्देश्य लिएर अध्ययन कार्यमा प्रवेश गर्ने तयारीको रूपरेखा प्रस्तुत गरिएको छ ।

यसै गरी दोस्रो परिच्छेदमा साहित्यकार भद्र भास्वरका कृतिको बिष्लेषण गर्नका लागि आधार सामग्रीका रूपमा रहेका कविता र खण्डकाव्यको परिचय, परिभाषा र तत्वहरूको चर्चा गर्दै व्यापक ढङ्गले पूर्वीय पाश्चात्य मान्यताहरूलाई समेटने प्रयास समेत गरिएको छ ।

अध्ययन र विश्लेषण गर्ने क्रममै तेस्रो परिच्छेदमा साहित्यकार भद्र भास्वरको जीवनी र व्यक्तित्वलाई केलाउने प्रयास गरिएको छ । उनको जीवनीको अध्ययनको क्रममा शंकर बुढादेखि साहित्यकार भद्र भास्वर हुदै उनका छोराछोरीसम्मको सात पुस्ताको चर्चा गरिएको छ । यसका साथै व्यक्तित्वको अध्ययनका क्रममा सामाजिक, शारीरिक, शैक्षिक, गीतकार, कथाकार, निवन्धकार व्यक्तित्वको विशेष उल्लेख गरिएको छ ।

साहित्यकार भद्र भास्वरको समग्र अध्ययन गर्ने क्रममा चौथो परिच्छेद भित्र उनका कृतिको वर्गीकरण र विश्लेषण गरी साहित्यकार भद्र भास्वरको कृतित्वलाई खोज्ने प्रयास गरिएको छ । उनका प्रकाशित कृतिभित्रका सिर्जनाहरूलाई विषय वस्तुका आधारमा सामाजिक, नारीवादी, मानवतावादी, राष्ट्रवादी, प्रकृतिप्रधान र प्रगतिवादी खण्डहरूमा

वर्गीकरण गरिएको छ । यसैगरी उनका प्रकाशित कृतिहरूलाई विभिन्न आधारहरूमा विश्लेषण गर्ने कार्यपनि यस परिच्छेदमा गरिएको छ । खासगरेर खण्डकाव्य तत्वका आधारमा कन्दराको कथा खण्डकाव्य, कविता तत्वको आधारमा भावनाको सङ्गम सङ्ग्रहको अध्ययन र विश्लेषण गरिएको छ भने आँसुको भावना शोकलघुकाव्यलाई समालोचकीय ढङ्गले विश्लेषण गर्ने काम गरिएको छ ।

यसै क्रममा परिच्छेद पाँच अन्तर्गत साहित्यकार भद्र भास्वरका काव्यात्मक प्रवृति काव्ययात्रा र उनीले नेपाली साहित्यमा पुऱ्याएको उल्लेखनीय योगदानको चर्चा गरिएको छ । खास गरेर काव्यात्मक प्रवृति अन्तर्गत उनका कृतिभित्र विचरण गर्दा प्रकृति चित्रण, स्वदेश प्रेम, सामाजिक एंवम राजनैतिक विकृति र विसङ्गतिको विरोध, अन्ध परम्पराको विरोध, नैतिक आर्दशप्रति जोड, मानवतावादी भावना जस्ता प्रकृतिहरू पाउन सकिन्छ । यसबाट उनी प्रगतिशील राष्ट्रवादी कवि हुन् भन्ने निष्र्कषमा पुग्न सकिन्छ । यसका साथै यस परिच्छेदमा कवि साहित्यकार भद्र भास्वरको नेपाली साहित्यमा स्थान निर्धारण गर्ने कार्य समेत गरिएको छ ।

निष्र्कषमा भन्नु पर्दा यस शोधपत्रमा साहित्यकार भद्र भास्वरको जीवनी, व्यक्तित्व, कृतित्व र उनका काव्यगत प्रवृति काव्ययात्रा उल्लेखनीय योगदान तथा नेपाली साहित्यमा उनको योगदान र स्थानको निरूपण गर्ने साहित्यकार भद्र भास्वरको समग्र पक्षको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

# सन्दर्भग्रन्थसूची

अधिकारी डा. हेमाङ्गराज - 'पूर्वीय समालोचना ' छै..स. साझा प्रकाशन ललितपुर, २०५६ ।

उपाध्याय केशब प्रसाद - ' पूर्वीय साहित्य सिद्धान्त ' पा.बि.के. त्रि.वि. २०६३ ।

उपाध्याय केशब प्रसाद - ' मन्थन ' साझा प्रकाशन ललितपुर, २०५९ ।

गैरे ईश्वरीप्रसाद, आचार्य कृष्णप्रसाद - ' आधुनिक नेपाली नाटक र फुटकर कविता ' न्यु हिरा बुक्स इन्टरप्राईजेज ।

पुडासैनी वीरेन्द्र - ' नेपाली कविता, नाटक र साहित्यको इतिहास ' प.स. कोशेली प्रकाशन २०६५ ।

पौड्याल कृष्ण बिलास- ' साहित्य शास्त्र र नेपाली समालोचना ' २०६० ।

लुइँटेल खगेन्द्र प्रकाश - 'कविता सिद्धान्त र नेपाली कविताको इतिहास' ने.रो.प्र.प., काठमांडौ २०६० ।

शर्मा तारानाथ - ' नेपाली साहित्यको इतिहास परिचय ' श्याम पुस्तक भण्डार, बिराटनगर २०२९ ।

शर्मा मोहनराज र अन्य - ' शोधबिधि ' साझा प्रकाशन ते.स., ललितपुर, २०६२ ।

सिग्द्याल सोमनाथ - 'साहित्य प्रदीप ' पुस्तक सागर दो.स., २०४८ ।

श्रेष्ठ दयाराम र अन्य - ' नेपाली साहित्यको संङ्क्षिप्त इतिहास ' साझा प्रकाशन चौ.स., लतितपुर ।

ज्ञवाली रामप्रसाद र अन्य - ' नेपाली कविता, नाटक र साहित्यको इतिहास ' भुँडीपुराण प्रकाशन, दो.स. २०६४ ।

# परिशिष्ट

## साहित्यकार भद्र भास्वरका सम्बन्धमा नजिकबाट नियाल्नुहुने श्री जीवन ज्योति उच्च माध्यामिक बिद्यालय रिम सल्यानका प्राचार्य श्री केशबराज रिमालसंग गरिएको संक्षिप्त अन्तर्वार्ता

**प्रश्न : साहित्यकार भद्र भास्वरका सम्बन्धमा केही कुरा बताइदिनु हुन्छ कि ?**

➢ साहित्यकार भद्र भास्वर निष्पक्ष, निडर, स्वाभिमानी, लगनशील, कर्तव्यपरायण परिश्रमी एंव बहुप्रतिभाशाली शिक्षक हुनुहुन्छ ।

**प्रश्न : भास्वरको साहित्यकारितालाई यहाँले कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

➢ यँहाका साहित्यिक लेख, रचना, गजल, भावना र कथाहरूले ग्रामीण भेगमा बस्ने मानिसहरूको यथार्थ चित्रण गर्दछन् । साच्चै भन्नु पर्दा पाठकको मन छुने खालका छन् । राष्ट्रप्रेमले ओतप्रोत छन, समाजका बोक्रे भलादमीहरूलाई तीखो व्यङ्ग्य गर्ने खालका छन् । माया पिरतीमा रमाउनेहरूका लागि मनोरञ्जन दिने खालका समेत छन् ।

**प्रश्न : साहित्यकार भद्र भास्वरको व्यत्तिहरूलाई मूल्याङ्कन गर्दा बहुमुखी प्रतिभाका प्रतिमूर्तिका रूपमा पाउन सकिन्छ । यद्यपि उहाँले सर्वाधिक सफलता कसबाट प्राप्त भएजस्तो लाग्छ यहाँलाई ?**

➢ साहित्यकार भद्र भास्वर साहित्यिक साँस्कृतिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा अग्रणी भूमिका निभाउन सक्ने व्यक्तित्वको रूपमा पाएको छु । उहाँ बहुमुखी प्रभिताभाका प्रतिमुर्ती नै हुनुहुन्छ । वास्तवमा यहाँ बहुमुखी, प्रतिभाशाली बन्न कुनै एक व्यक्तिको प्रभावकारी भूमिका नरहेको बरू समाजमा व्याप्त गरिबी, अशिक्षा एंव अत्याचार, पत्नी वियोग, समय समयमा भएका पारिवारिक बज्रपातहरू, राजनैतिक चिन्तन मनन र राष्ट्रप्रेमी भावनाले नै उहाँ यो अवस्था सम्म आईपुग्नु भएको हो जस्तो लाग्छ मलाई ।

**प्रश्न : भास्वरका साहित्यिक प्रवृतिलाई कसरी विश्लेषण गर्न सकिन्छ, बताईदिनुहोस न ?**

➢ साहित्यकार भद्र भास्वरका साहित्यिक प्रवृति बेग्ला बेग्लै किसिमका पाएको छु । उहाँको कुनै कुनै लेख रचनाहरू पढ्दा आँखाबाट बलिनधारा आँसु बग्दछन । मुटु भक्कानो परेर

आँउछ जस्तै :- कन्दराको कथा खण्डकाव्य र आँसुको भावना शोकखण्डकाव्य । कुनै लेख रचनाहरूले देशभक्तिको भावना जगाइदिन्छन् त कुनै लेख रचनाले प्रयाप्त मनोरञ्जन दिन्छन भने कुनै लेख रचनाले बाटो बिराउन लागेकाहरूलाई सदमार्गमा लाग्ने प्रेरित गर्दछन ।

**प्रश्न : साहित्यिक विधाहरूमध्ये उहाँलाई सर्वाधिक सफलता कुन विधामा भए जस्तो लाग्दछ, तपाईलाई ?**

➢ उहाँका साहित्यिक विधाहरूमध्ये सर्वाधिक सफलता कविता विधामा प्राप्त भएको लाग्दछ ।

**प्रश्न : नेपाली साहित्यमा उहाँको योगदान बारे केही चर्चा गरीदिनुहोस न ?**

➢ उहाँले साहित्यिक क्षेत्रमा ग्रामीण जनताका मनछुने खालका यर्थाथपरक कथा, कविता, गजल, गीत लेखि साहित्यिक आकाशमा ईट्टा थप्ने काम गर्नुभएको छ । साहित्यिक क्षेत्रमा रमाउने साथीभाइ तथा विद्यार्थीहरूका प्रेरणाका स्रोत हुनुहुन्छ उहाँ । कुना कन्दरामा

➢ बसोबास गर्ने मानिसहरूको भावना, चाहना, आवश्यक्ता तथा आक्रोसलाई गीत, कविता, कथा एंव गजलका माध्यमबाट उजागर गराउन सफल हुनु भएको छ ।

**प्रश्न : भद्र भास्वरलाई साहित्यिक क्षेत्र बाहेक अन्य बिषयमा यहाँले कसरी नजिकबाट नियाल्नु भएको छ ?**

➢ भद्र भास्वर एक बहु प्रभिभाशाली व्यक्ति हुनुहुन्छ । पदिय हिसाबले एक कुशल, परिश्रमी, कर्तव्य परायन शिक्षक हुनुहुन्छ । समाज सेवाका हिसाबले नेपाल रेडक्रस सोसाईटी जस्तो पवित्र संस्थाको सभापतिको जिम्बेवारी बहन गरीरहनु भएको छ ( नेपाल रेडक्रस सोसाइटी रिम सिम्वाङ् क्षेत्रका सभापति), राजनैतिक हिसाबले अञ्चल स्तरका ने.क.पा. एमाले पार्टीका कार्यकर्ता हुनुहुन्छ भने साँस्कृतिक हिसाबले सङ्गीतकार, गीतकार र नृत्य निर्देशक हुनुहुन्छ ।

**प्रश्न : अन्त्यमा उहाँको बारेमा थप केही कुरा भए बताईदिनुहुन्छ कि ?**

➢ उहाँले आफू रहेको समाजमा साहित्यिक क्षेत्रमा होस्टेमा हैसँ गर्ने साथीभाइहरूको कमी भएको महसुस गर्नुहुन्छ । उहाँको परिवारजनमा समय समयमा भएका अप्रीय घटनाहरू (

उहाँको माहिलो दाजुको हत्या, आफ्नै श्रीमतिको निधन ) नै उहाँको साहित्यिक क्षेत्र फस्टाउनुमा बाधक तत्वहरू बनेका अनुभूति भएको छ । उहाँका साहित्यिक बिधाहरूमध्ये जुनसुकै बिधामा पनि सफलता हात पार्न सक्ने खुबी उहाँमा पाएको छु । उहाँ जुनसुकै क्षेत्रमा ( सामाजिक / राजनैतिक / शैक्षिक / साहित्यिक ) पनि सक्षम व्यक्ति हुनुहुन्छ । बस् यत्ती नै ।

२०६७/१०/१५

**साहित्यकार भद्र भास्वरका सम्बन्धमा नजिकबाट नियाल्नुहुने श्री शिद्ध नि.मा.बि. ढाँर सिन्बाङ् सल्यानका प्रध्यानापक श्री प्रेम योगीसंग गरिएको संक्षिप्त अर्न्तवार्ता**

**प्रश्न : साहित्यकार भद्र भास्वरको साहित्यिक यात्रा बारे यहाँलाई कत्तिको जानकारी छ ?**

➢ उहाँ बहुव्यक्तित्वका धनी हुनुहुन्छ । साहित्यिकार व्यक्तित्वले अरू व्यक्तित्वलाई डोऱ्यायजस्तो मलाई लाग्छ । अनेकानेक कष्टपूर्ण वातावरणमा पनि माथि उठन खोजी रहने महत्वपूर्ण आत्मविश्वास उहाँमा छ ।

**प्रश्न : भद्र भास्वरका साहित्यिक रचनाहरूप्रति यहाँको मूल्याङ्कन कस्तो छ ?**

➢ मैले थाहा पाएसम्म उहाँले वाल्यकाल देखिनै बिभिन्न कृतिहरूको अध्ययन गर्नुभयो र आफूमा पनि केही लेख्छु भन्ने आत्मविश्वास बढ्यो । फलस्वरूप उहाँ गीत लेख्ने, गाउने गर्दै कविता सिर्जनामा लाग्नु भयो । उहाँका सिर्जनाले समाजलाई सधै असल बाटोमा डोऱ्याउन मार्ग निर्देश गरेको मैले पाएको छु ।

**प्रश्न : बिभिन्न बिधामा कलम चलाएका भद्र भास्वरलाई तुल्नात्मक रूपमा कुन विधामा बढि सफल भएको ठान्नु हुन्छ ?**

➢ उहाँ हुन त शैक्षिक व्यक्तित्वमा पनि उल्लेख्य हुनुहुन्छ । यसैगरी सामाजिक व्यक्तित्वमा पनि उदाहरणीय हुनुहुन्छ । यति हुदाँ हुदै पनि उहाँलाई साहित्यकार व्यक्तित्वले माथी उठाए जस्तो म देख्छु । साहित्कार भएकै कारण उहाँलाई अन्य व्यक्तित्व निर्माणमा सफलता मिलेको हो ।

**प्रश्न : भद्र भास्वरका प्रमुख साहित्यिक प्रकृतिहरू तपाईको बीचारमा के के होलान ?**

➢ समाजमा व्याप्त विकृति र विसङ्गतिको विरोध नारी जागरण, देश निमार्णको सन्देश जस्ता उहाँका सिर्जनाका मुल प्रकृतिहरू हुन । उहाँ यथार्थमा उभिएर प्रगतिवादी साहित्यिक धारामा सहयात्रा गर्नुहुन्छ ।

**प्रश्न : भद्र भास्वरका साहित्यिक रचनाहरू अध्ययन विश्लेषण गर्दा बढि झुकाव कुन बिधामा देख्नुहुन्छ ?**

➢ उहाँले गीत, गजल र कविता लेख्नुहुन्छ । गजलमा भन्दा गीतमा र गीतमा भन्दा कवितामा सफलता म देख्छु ।

**प्रश्न : नेपाली साहित्यफाँटमा भद्र भास्वरको साहित्यिक योगदानलाई यहाँ कसरी विश्लेषण**

**गर्नुहुन्छ ?**

- खासगरी प्रगतिबादी नेपाली साहित्यमा उहाँको योग्दान उल्लेखनीय छ । उहाँको समाज र त्यस समाजको साहित्यिक वातावरणमा उहाँको उचाई धेरै छ । यसो समाजबाट यति सम्मको स्रस्टा पाउन नेपाली साहित्यकालागि ठूलो प्रात्त हो ।

**प्रश्न : साहित्यकार भद्र भास्वरलाई साहित्य बाहेक अन्य कुनै रूपमा पनि चिन्नुहुन्छ कि ?**

- साहित्यबाहेकका उहाँ सङ्गीतका पारखी हुनुहुन्छ । उहाँ गीतमा लय भर्न गाउँन र नाच्न समेत सक्नुका साथै अरूलाई सिकाउन सक्नुहुन्छ । उहाँले समाज सेवामा पनि प्रशस्त योग्दान दिनुभएको छ । यसैगरी उहाँ कुशल शिक्षक हुनुहुन्छ । भावुक, मृदुभाषी जस्ता गुणले उहाँ धेरैको प्रिय हुनुहुन्छ ।

**प्रश्न : अन्त्यमा भद्र भास्वरको बारेमा अन्य केही थप कुरा बताई दिनुहुन्छ कि ?**

- उहाँसंग प्रशस्त अनैकौं प्रतिभा भएपनि व्यहारिक कठिनाई उहँको प्रखाल हो तर पनि उहाँ त्यो प्रखाल भत्काएर फुत्त पाठक सामु आईरहनु भएको छ र अझै नयाँ सिर्जनाका साथ पाठक सामु झुल्कन उहाँलाई म हृदय देखि कामना गर्दछु ।

२०६७/१०/१५